



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

ekantipur.com

वर्ष ३४ अंक १६५ काठमाडौं | १७ साउन २०८३ आइतबार श्रावण कृष्णपक्ष चतुर्थी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Sunday, August 2, 2026 | पृष्ठ १० | १० रुपैयाँ

# निम्सदाइ : हिमालमै कीर्तिमानी, हिमालमै अस्ताए

विश्वका ८ हजार मिटरभन्दा अग्ला सबै १४ हिमाल ६ महिनामै आरोहण गरेर कीर्तिमान बनाएका निर्मल पुर्जा (निम्सदाइ) सहितको टोली पाकिस्तानको ब्रड पिक आरोहणका क्रममा बिहीबार हिमपहिरोमा परी सम्पर्कविहीन भएको थियो


**संगम प्रसाई** (काठमाडौं)

विश्वका ८ हजार मिटरभन्दा अग्ला सबै १४ हिमाल ६ महिनामै आरोहण गरेर पर्वतारोहण जगत्लाई चकित पारेका निर्मल पुर्जा (निम्सदाइ) को पाकिस्तानको ब्रड पिक आरोहणका क्रममा निधन भएको छ। कीर्तिमानी नेपाली पर्वतारोही उनको निधन भएको एलिट एक्स्पेडले पुष्टि गरेको छ। पुर्जा एलिट एक्स्पेडका संस्थापक पनि हुन्।

शनिबार सार्वजनिक गरेको शोक वक्तव्यमा कम्पनीले 'गहिरो दुःख र अपार पीडाका साथ ब्रड पिकमा गएको हिमपहिरोपछि निर्मल (निम्सदाइ) पुर्जाले दुःखद रूपमा ज्यान गुमाएको पुष्टि गर्दछौं' भनेको छ। साथै उक्त दुर्घटनामा अभियानका अन्य सदस्यहरू पनि जीवित नरहेको पुष्टि भएको कम्पनीले जनाएको छ।

नेपालमा जन्मिएका पूर्वबेलायती विशेष फौजी सैनिकसमेत रहेका ४३ वर्षीय पुर्जासहितको टोली बिहीबारको हिमपहिरोमा परेको हो। पाकिस्तानी पर्वतारोहण अधिकारीहरूले घटनापछि पुर्जासहितको आरोहण टोलीसँग कुनै सम्पर्क हुन नसकेको बताएका थिए। प्रतिनिधिसभा सदस्य तथा पुर्जाका व्यावसायिक साझेदार मिङ्मा ग्याबु शेर्पाले हिमपहिरोपछि ट्र्याकिङ डेटाले पुर्जाको अवस्थिति पहिला तलतिर बगेको र त्यसपछि सिग्नल रोकिएको स्थानबाट फेरि केही सरेको देखाएको बताएका थिए। तर, उनी संस्थापक रहेको एलिट एक्स्पेडले शनिबार अपराह्न पुर्जाको निधन भएको पुष्टि गरेको हो।

नेपाल र अन्तर्राष्ट्रिय पर्वतारोहण समुदायमा 'निम्सदाइ' का नामले परिचित पुर्जा सन् २०१९ मा आफ्नो 'प्रोजेक्ट पसिबल' अभियानमार्फत विश्वका ८ हजार मिटरभन्दा अग्ला सबै १४ वटा हिमाल ७ महिनामै आरोहण गर्ने लक्ष्य लिएर चर्चामा आएका थिए। उनले त्यो लक्ष्य ६ महिना ६ दिनमै पूरा मात्र गरेनन्, त्यस्ता सबै हिमाल आरोहण गर्ने दक्षिण कोरियाली नागरिक किम चाङ-होले बनाएको सात वर्षभन्दा अघिको विश्व कीर्तिमान पनि तोडेका थिए।



स्केच : रवीन्द्र मानन्धर

ब्रड पिकमा नेपालले गुमायो कीर्तिमानी पुस्ता
पृष्ठ २

पुर्जाले आफ्नो जीवनको अधिकांश समय हिमाल आरोहणमा मानव सहनशीलताको चरम सीमालाई चुनौती दिँदै बिताए। दृढ इच्छाशक्ति र सकारात्मक सोच भए असम्भव पनि सम्भव हुन्छ भन्ने विश्वास उनको जीवनको आधार थियो। 'शारीरिक क्षमताका हिसाबले म भाग्यमानी छु। मैले संसारकै उत्कृष्ट सैन्य इकाइबाट प्रशिक्षण पनि पाएको छु,' सन् २०१९ मा कान्तिपुरसँगको अन्तर्वार्तामा उनले आफ्नो सैनिक प्रशिक्षणबारे भनेका थिए, 'त्यसमा सकारात्मक सोच जोडियो भने व्यक्तिले जे पनि गर्न सक्दो रहेछ।'

२५ जुलाई १९८३ मा म्याग्दीको दाना गाउँमा पुर्जाको जन्म भएको थियो। उनको बाल्यकाल भने मुख्यत: चितवनमा बित्यो। सैन्य सेवासँग उनको परिवारको लामो सम्बन्ध थियो। उनका बुबा र तीन दाजुभाइ सबै बेलायतको गोर्खा रेजिमेन्टमा कार्यरत थिए। पुर्जाले पनि त्यही बाटो पछ्याउँदै ६ वर्ष बेलायती गोर्खा सैनिकका रूपमा सेवा गरे। बेलायती रोयल नेभीको 'स्पेसल बोट सर्भिस (एसबीएस)' मा छनोट हुने पहिलो नेपाली बने। 'गोर्खा सैनिक बन्नु नै मेरो एक मात्र सपना थियो,' उनले आफ्नो पुस्तकमा लेखेका छन्, 'म जीवनमा त्यही मात्र गर्न चाहन्थें।'

करिब १६ वर्ष लामो सैनिक सेवाका क्रममा उनी एसबीएसको पर्वतीय इकाइमा अत्यधिक चिसो मौसममा युद्ध सञ्चालनसम्बन्धी विशेषज्ञ बने। बाँकी पृष्ठ ९

# नेपाल-भारत सीमा संयन्त्र बैठक लखनउमा

**अनिल गिरी** (काठमाडौं)


नेपाल-भारत सीमा विवाद चर्चामा रहेका बेला दुवै मुलुकले सीमासम्बन्धी प्राविधिक विषयमा छलफल गर्ने भएका छन्। नेपालको नापी विभागका एक वरिष्ठ अधिकारीका अनुसार नापी विभागका उपमहानिर्देशकको नेतृत्वमा सर्भे अफिसियल्स कमिटी (एसओसी) को १३ औं बैठक २७-२९ साउनमा भारतको लखनउमा आयोजना हुने भएको छ।

नेपाल र भारतबीच सीमा समस्या समाधानका लागि प्राविधिक तहमा तीन तहका संयन्त्र छन्, जसमा नापी विभागका महानिर्देशकको नेतृत्वमा रहेको बाउन्ड्री वर्किङ ग्रुप (बीडब्लूजी), उपमहानिर्देशकको नेतृत्वमा सर्भे अफिसियल कमिटी (एसओसी) र प्रमुख जिल्ला अधिकारी (सीडीओ) को नेतृत्वमा फिल्ड सर्भे टिम (एफएसटी) छन्। यी तीन वटै संयन्त्रले सीमास्तम्भ निर्माण, मर्मत, दशगजा क्षेत्र व्यवस्थापन, जीपीएस आधारित नक्सांकन तथा सीमापार सम्पत्तिको विवरण संकलनलगायतका प्राविधिक कार्य गर्छन्।

कालापानी र सुस्ताबाहेकको सीमासम्बन्धी मुद्दा सुल्झाउन सन् २०१४ मा बीडब्लूजी गठन गरिएको थियो। बैठकमा नापी विभाग र परराष्ट्र मन्त्रालयका अधिकारी सहभागी हुन्छन्। सबैभन्दा पहिले संयुक्त एफएसटीको टोलीले हालसम्म टुंगो लागिसकेका १ सय ८२ वटा स्ट्रिप म्यापलाई आधार बनाएर सीमास्तम्भ, दशगजा क्षेत्र र सीमापार अतिक्रमणको स्थलगत अध्ययन गर्छन्। त्यही अध्ययनमाथि एसओसीको बैठकमा छलफल हुन्छ। त्यस बैठकको सहमतिअनुसार बीडब्लूजीलाई पछिल्लो अवस्था र आवश्यक प्राविधिक सुझावसहित रिपोर्ट दिइन्छ। त्यही रिपोर्टमाथि बीडब्लूजीमा थप छलफल हुन्छ र आगामी दिनमा गर्नुपर्ने कामका लागि निर्देशन दिइन्छ। त्यही निर्देशनका आधारमा एफएसटीको टोली खटिन्छ। बाँकी पृष्ठ ९

# सुरक्षा रणनीति बदलेर संवादमा उत्रिए गृहमन्त्री

दुई समूहको विवादबाट सुरु सुनसरीको तनाव व्यवस्थापन गर्न गृहमन्त्रीले सुरुमा कर्फ्यु आदेश, सुरक्षा अधिकारी हेरफेर र परिचालनलाई प्राथमिकता दिएका थिए, तर तनाव साम्य हुनुको सट्टा अन्य जिल्लामा समेत फैलियो, बल प्रयोग असफल भएपछि घटनाको पाँचौं दिन तराई-मधेश झरेर संवादमा आफैं सक्रिय बने



सिरहाको गोलबजारमा ज्यान गुमाएका गणेश यादवको परिवार र स्थानीय बासिन्दासँग शुक्रबार राति संवाद गर्दै गृहमन्त्री सुधन गुरुङ। सरकारसँग ७ बुँदे सहमति भएपछि यादव परिवारले शनिबार गणेशको शव बुझेको छ। तस्बिर : विनय आजाद/कान्तिपुर

**गौरव पोखरेल** (काठमाडौं)

गृह प्रशासनसँग जोडिने कुनै घटना भएलगत्तै गृहमन्त्री सुधन गुरुङ आफैं फिल्डमा पुग्थे। उनले माइतीघर पुगेर पीडितका कुरा सुने, न्याय माग्दै काठमाडौंतर्फ मार्च गरिरहेका मिटरब्याजपीडितसँग बीचबाटामै भेटेर सहमति गरे। गत आइतबार राति सुनसरीमा दुई समुदायबीच भएको झडपपछि भने गृहमन्त्री गुरुङको त्यस्तो सक्रियता देखिएन।

सुनसरीको देवानगन्ज-४ मा १० साउनको राति प्रहरीको गोली लागेर ३० वर्षीय ओमप्रकाश मेहताको ज्यान गयो, ९ स्थानीय घाइते भए। उपचारका क्रममा थप एक जनाको मृत्यु भयो। प्रत्यक्षदर्शी जुगेश दासका अनुसार सामान्य विवाद चलिरहेका बेला सुरक्षाकर्मीले अन्धाधुन्ध गोली चलाएको थियो। सुनसरी घटनाले अन्य जिल्लालाई तरंगित बनाउन थालिसकेको थियो।

गृहमन्त्री गुरुङ भने तत्काले सुरक्षा अधिकारी हेरफेरतिर लागे। सँगै सिंहदरबारस्थित गृह मन्त्रालयमा सुरक्षा समितिको बैठक राखेर सुरक्षा व्यवस्था कडा पार्न निर्देशन दिए। समितिको बैठकमा गृहसचिव राजकुमार श्रेष्ठ, नेपाल प्रहरी प्रमुख दानबहादुर कार्की, सशस्त्र प्रहरी प्रमुख नारायणदत्त पौडेल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्की र सेनाका बलाधिकृत रथी प्रदीप केसी सहभागी थिए।

सुरक्षा व्यवस्था कडा पारेरै परिस्थितिलाई नियन्त्रणमा लिन सकिने गृहमन्त्री गुरुङको आकलन थियो। तर तनाव साम्य नभएपछि सुनसरी घटनाको चौथो दिन उनले स्वकीय सचिव जेम्स कार्कीलाई घटनास्थलतर्फ परिचालन गरे। उनीहरू सुनसरीमा हुँदा गृहमन्त्री गुरुङ भने तनावग्रस्त क्षेत्रमा सुरक्षा संयन्त्रले उडाएको ड्रोनको दृश्य हेरेर बसेका थिए। बाक्लो सुरक्षाकर्मी परिचालन र कर्फ्युसँगै सेना सडकमा उत्रिँदासमेत परिस्थिति नियन्त्रणमा आएन। तनाव साम्य हुनुको सट्टा अन्य जिल्लामा समेत फैलियो। बाँकी पृष्ठ ९

**अन्तर्वार्ता**

## मधेश शान्त नभएसम्म काठमाडौं फर्किन्नँ

● **सुधन गुरुङ**, गृहमन्त्री

**सुरुमा तपाईंले काठमाडौंमै बसेर सुरक्षाकर्मी परिचालन गरेर स्थिति नियन्त्रणमा लिन सकिन्छ कि भन्ने सोचेजस्तो देखिन्थ्यो तर सुनसरी घटनाको पाँचौं दिन एक्कासि फिल्डमै जानुभयो, के सोचेर आफैं तराई झर्नुभयो ?**

धेरै वर्ष अगाडिदेखि यस किसिमका समस्या भइरहेका रहेछन्। त्यसअनुसार सुरक्षा निकायबाट ब्रिफिङ पनि भएको थियो। घटना हुनेबित्तिकै स्थिति आकलन गरेर योजना बनाएर काम गरिरहेका थियौं। देशलाई धार्मिक युद्धतिर धकेल्न खोज्नेहरूको नाम सूची तयार पारेर रणनीति बनाउनुपर्‍यो। देशमा थप तनाव नफैलियोस् भनेर रणनीति बनाउनुपर्‍यो, त्यसमा हामी व्यस्त थियौं। बाँकी पृष्ठ ९







ग्याल्जेन (ग्यालु) शेर्पा



किली पेम्बा शेर्पा



पुरबहादुर गुरुङ (युक्त)



निमा शेर्पा



नवाङ थिन्डु शेर्पा

# ब्रड पिकमा नेपालले गुमायो कीर्तिमानी पुस्ता

**ब्रड पिकमा गएको हिमपहिरोले विश्व प्रसिद्ध नेपाली पर्वतारोही निर्मल पुर्जा (निम्सदाइ) सहित अन्तर्राष्ट्रियस्तरका ६ जना नेपाली 'माउन्टेन गाइड' लाई एकै पटक खोसेको छ । उनीहरूमध्ये अधिकांशले सगरमाथादेखि विश्वका अन्य आठ हजार मिटर उचाइका हिमालको दर्जनौं पटक सफल आरोहण गरिसकेका थिए भने धेरैले पर्वतारोहणमा आफ्नै नाममा कीर्तिमान पनि राखेका थिए ।**

**सुरज कुँवर** (काठमाडौं), **केदार शिवाकोटी** (दोलखा), **हरिराम उप्रेती** (गोरखा) र **दीपेन्द्र शाक्य** (संखुवासभा)

शुक्रबार बिहानदेखि प्रधानमन्त्रीदेखि सर्वसाधारणसम्म सबैले एउटै कामना गरेका थिए, 'ब्रड पिकमा हिमपहिरोमा परी बिहीबारदेखि हराएका नेपाली आरोहीहरू सकुशल फर्किऊन् ।' सामाजिक सञ्जाल प्रार्थना, आशा र उद्धारको प्रतीक्षाले भरिएको थियो । तर त्यो कामना धेरै टिकेन ।

शनिबार साँझसम्म आइपुग्दा आशाका सन्देश श्रद्धाञ्जलीमा बदलिए । निम्सदाइसहित नेपाली 'माउन्टेन गाइड' हरूको सम्झनामा सामाजिक सञ्जाल शोकले भरियो । नेपाल मात्र होइन, विश्वभर हिमाल, पर्वतारोहण र साहसिक खेलप्रति रुचि राख्ने लाखौं व्यक्तिको ध्यान पाकिस्तानको काराकोरम हिमशृंखलास्थित ब्रड पिकतर्फ केन्द्रित भयो ।

बिहीबार बिहान ८ हजार ५१ मिटर अग्लो ब्रड पिकमा गएको हिमपहिरोले विश्व प्रसिद्ध नेपाली पर्वतारोही निर्मल पुर्जा (निम्सदाइ) सहित अन्तर्राष्ट्रियस्तरका ६ जना नेपाली माउन्टेन गाइडलाई एकै पटक खोसेको छ । नेपाली पर्वतीय पर्यटन व्यवसायीहरूका अनुसार, नेपालले यसअघि कुनै एक हिमाली दुर्घटनामा विश्व पर्वतारोहण क्षेत्रमा स्थापित यति धेरै अनुभवी र कीर्तिमानी नेपाली गाइड गुमाएको विरलै देखिएको छ । पर्वतारोहण सञ्चालक संघका महासचिव ऋषिराम भण्डारीका अनुसार यो दुर्घटना केवल ६ नेपालीसहित १० आरोहीको मृत्युको समाचार मात्र होइन, नेपाली पर्वतारोहणले विश्वमञ्चमा दशकौं लगाएर निर्माण गरेको अनुभव, नेतृत्व र कीर्तिमानको एउटा गौरवपूर्ण पुस्तामाथि परेको गहिरो चोट पनि हो ।

विश्वका सबै १४ वटा आठ हजार मिटरभन्दा अग्ला हिमाल केवल ६ महिना ६ दिनमै आरोहणलगायतका दर्जनौं विश्व कीर्तिमान बनाएका निम्सदाइसहित १० आरोही ब्रड पिकको क्याम्प-२ र क्याम्प-३ बीच हिमपहिरोमा परेका थिए । हिमपहिरोमा नेपालका पुरबहादुर गुरुङ (युक्त), किली पेम्बा शेर्पा, निमा शेर्पा, नवाङ थिन्डु शेर्पा र ग्याल्जेन (ग्यालु) शेर्पा पनि परेका थिए । उनीहरूमध्ये अधिकांशले सगरमाथादेखि विश्वका अन्य आठ हजार मिटर उचाइका हिमालमा दर्जनौं सफल आरोहण गरिसकेका थिए भने धेरैले अन्तर्राष्ट्रिय पर्वतारोहणमा आफ्नै नाममा कीर्तिमान पनि राखेका थिए ।

ब्रड पिकको यो दुर्घटनाले केवल अनुभवी आरोहीलाई मात्र गुमाएको होइन, विश्वका कठिनतम हिमालहरूमा हजारौं विदेशी आरोहीलाई सुरक्षित शिखरसम्म पुर्‍याउने नेपाली दक्षता, अनुभव र नेतृत्वका प्रतीकहरूलाई पनि खोसेको छ । उनीहरूको जीवन यात्रा, संघर्ष, साहस र योगदान नेपालको पर्वतारोहण इतिहासका अविस्मरणीय अध्याय हुन् । जसले हिमाल चढ्ने मात्र होइन, विश्वलाई नेपालको परिचय दिने काम पनि गरेका थिए ।

पाकिस्तानको ब्रड पिकमा गएको हिमपहिरोमा परी विश्व प्रसिद्ध पर्वतारोही निर्मल पुर्जा (निम्सदाइ) सहित ६ जना नेपाली माउन्टेन गाइडको मृत्यु भएपछि नेपालले अन्तर्राष्ट्रिय पर्वतारोहण क्षेत्रमा स्थापित एक पुस्ता नै गुमाएको प्रतिक्रिया नेपालका वरिष्ठ आरोही तथा सेभेन समिट ट्रेक्सका निर्देशक छाङदावा शेर्पाले दिएका छन् । उनका अनुसार दुर्घटनामा परेका नेपालीमध्ये ग्याल्जेन (ग्यालु) शेर्पा र नवाङ थिन्डु शेर्पा सेभेन समिट ट्रेक्ससँग आबद्ध थिए भने पुरबहादुर गुरुङ (युक्त) र निमा शेर्पा निर्मल पुर्जाको एलिट एक्स्पेडसँग तथा किली पेम्बा शेर्पा इमाजिन नेपालसँग सम्बद्ध गाइड हुन् ।

ब्रड पिक दुर्घटनामा ज्यान गुमाएका ग्यालु शेर्पा ओखलढुंगाका अनुभवी माउन्टेन गाइड थिए । सन् २०१५ देखि व्यावसायिक आरोहण सुरु गरेका उनले लेनिन पिक, मेरा, लोबुचे, हिमलुङ, चोलात्से, मनास्लु, सगरमाथालगायत दर्जनौं हिमालमा सफल आरोहण गरेका थिए । कञ्चनजंघा उनका लागि विशेष हिमाल थियो । जहाँ उनले पटक-पटक सफल आरोहण गरेका थिए । यस वर्ष पनि उनले सगरमाथा सफलतापूर्वक आरोहण गरेका थिए ।

उनी सेभेन समिट ट्रेक्समा करिब आठ वर्षदेखि आबद्ध थिए । ग्यालु सात-आठ वर्षदेखि सेभेन समिट ट्रेक्समा कार्यरत रहेको बताउँदै सेभेन समिट ट्रेक्सका निर्देशक शेर्पाले उनी सानैदेखि कम्पनीसँग जोडिएको जानकारी दिए । 'ग्यालुले एकै सिजनमा तीन पटक कञ्चनजंघा आरोहण गरेर गिनिज वर्ल्ड रेकर्ड बनाएका थिए । उनले सगरमाथा पनि धेरै पटक आरोहण गरिसकेका छन्,' शेर्पाले भने । नवाङ थिन्डु शेर्पा अविवाहित रहेको र उनको व्यावसायिक पर्वतारोहण यात्रा पनि सेभेन समिटबाटै सुरु भएको निर्देशक शेर्पाले जानकारी दिए । 'उनीहरूको डेब्यु नै सेभेन समिटबाट भएको हो,' शेर्पाले भने ।

किली पेम्बा शेर्पालाई दुर्घटनामा परेका गाइडमध्ये सबैभन्दा अनुभवीमध्ये एक भएको शेर्पाले सुनाए । उनी विश्वका १४ वटै आठ हजार मिटर उचाइका हिमाल आरोहण गरिसकेका र सन् २०२१ मा निम्सदाइ नेतृत्वको टोलीसँगै हिउँदमा केटु आरोहण गर्ने ऐतिहासिक टोलीका सदस्य थिए । १९ असारमा पाकिस्तानको ८ हजार १ सय २६ मिटर अग्लो नागा पर्वत सफल आरोहण गरेसँगै किली पेम्बाले अर्को ऐतिहासिक कीर्तिमान बनाएका थिए ।

त्यससँगै उनी विश्वका सबै १४ वटा आठ हजार मिटरभन्दा अग्ला हिमाल सफलतापूर्वक आरोहण गर्ने नेपाली आरोहीमध्ये एक बने । तर त्यो उपलब्धिको एक महिनाभित्रै उनी अर्को ८ हजार ५१ मिटर अग्लो हिमाल ब्रड पिकको हिमपहिरोमा परे । शुक्रबार उनको शव फेला परेको पुष्टि भएपछि दोलखाको रोल्वालिङ उपत्यकादेखि अन्तर्राष्ट्रिय पर्वतारोहण समुदायसम्म शोक छाएको छ ।

दोलखाको गौरीशंकर गाउँपालिका-९, बेदिङमा सामान्य परिवारमा जन्मिएका किलीको हिमाल यात्रा संघर्षले भरिएको थियो । २०३८ मा जन्मिएका उनी १६ वर्षकै उमेरदेखि हिमाल आरोहणमा जोडिएका थिए । सन् १९९६ मा सहयोगीका रूपमा मनास्लु अभियानमा सहभागी भए पनि पहिलो प्रयासमा शिखर चुम्न सकेनन् । त्यही असफलताबाट सुरु भएको यात्रा भने रोकिएन । केही वर्ष साना हिमाल र विभिन्न अभियानमा अनुभव बटुलेपछि उनले सन् २००२ मा मनास्लुको सफल आरोहण गरे । त्यसको अर्को वर्ष, सन् २००३ मा उनले पहिलो पटक सगरमाथाको शिखर टेक्दै आफ्नो आरोहण यात्रालाई नयाँ उचाइमा पुर्‍याए ।

किलीका नाममा अनेकौं कीर्तिमान छन् । १६ जनवरी २०२१ मा १० जना नेपाली आरोहीले पहिलो पटक हिउँदयाममा के-टु सफल आरोहण गर्दा उनी पनि टोलीका सदस्य थिए । त्यही वर्ष मिङमाजीसँग मिलेर उनले मनास्लुको वास्तविक शिखरसम्म पुग्ने सही मार्ग पहिचान गर्न महत्त्वपूर्ण भूमिका खेले । त्यसअघि धेरै आरोही वास्तविक शिखरभन्दा अगाडिको विन्दुलाई नै शिखर ठानेर फर्किने गरेका थिए । अहिले मनास्लु आरोहणका लागि प्रयोग हुने मार्ग उनैले पहिचान गर्न सहयोग गरेको बाटो हो ।

उनी केवल आफ्ना कीर्तिमानका कारण मात्रै चर्चित थिएनन् । दुवै खुट्टा गुमाएका चिनियाँ पर्वतारोही सिया बोयुलाई सन् २०१८ मा सगरमाथाको शिखरसम्म पुर्‍याएर उनले विश्वको ध्यान ताने । त्यसपछि सन् २०२१ मा दुवै खुट्टा गुमाएका रुसी पर्वतारोही रुस्तम नाबिएभलाई मनास्लु आरोहण गराउँदै उनले असम्भवजस्तै मानिएको उपलब्धिलाई सम्भव बनाए । त्यसपछि उनी साहसी र दक्ष पर्वतारोहीका रूपमा अन्तर्राष्ट्रिय समुदायमा झन् परिचित बने ।

निकै शान्त स्वभावका उनलाई सबैले मायाले 'किलु' भनेर बोलाउँथे । उनले १५ पटक सगरमाथाको सफल आरोहण गरिसकेको उनका काका दावाछिरिङ शेर्पाले बताए । 'निकै मिहिनेती र संघर्ष गर्ने उनी शेर्पाको जीवन हिमाल हो, कतिखेर के हुन्छ भन्न सकिँदैन भन्थे,' दावाछिरिङले भने, 'रोल्वालिङका हिमाल आरोहणका एक पथप्रदर्शक, जसले संसारलाई अचम्मित बनाउने कीर्तिमान बनायो, आज उनी हिमालमा बिलाए ।'

शुक्रबार उनको शव फेला परेको जानकारी पाएपछि परिवारले नेपाल ल्याइदिन आग्रह गरेको छ । किलीका श्रीमती, एक छोरा र एक छोरी छन् । 'हिमाल आरोहणमा निकै संघर्ष गरेको छ किलिले, निकै दुःखका दिन देखेको छ तर कहिल्यै हिम्मत हार्न जानेको थिएन,' दावाछिरिङले भने, 'शव ल्याइदिने व्यवस्था गरिदिए हुन्थ्यो ।' किलीको निधनको खबरसँगै बेदिङ गाउँ शोकमा डुबेको छ । गौरीशंकर गाउँपालिका-९ का वडाध्यक्ष निमगेली शेर्पाका अनुसार किली बेदिङका मात्रै होइन, देशकै गौरव थिए । 'उनका नाममा धेरै कीर्तिमान छन्, दोलखालाई संसारभर चिनाउन उनले निकै संघर्ष गरेका छन्,' अध्यक्ष शेर्पाले भने ।

> **ब्रड पिक दुर्घटना ६ नेपालीसहित १० आरोहीको मृत्युको समाचार मात्र होइन, नेपाली पर्वतारोहणले विश्वमञ्चमा दशकौं लगाएर निर्माण गरेको अनुभव, नेतृत्व र कीर्तिमानको एउटा गौरवपूर्ण पुस्तामाथि परेको गहिरो चोट पनि हो**
>
> **ऋषिराम भण्डारी,**
> महासचिव, पर्वतारोहण सञ्चालक संघ

पाकिस्तानस्थित ८ हजार ४७ मिटर अग्लो ब्रड पिक आरोहणका क्रममा ज्यान गुमाएका निमा शेर्पा संखुवासभाको मकालु गाउँपालिका-२, च्याक्से बोडाका मिहिनेती, इमानदार र साहसी युवा आरोहीका रूपमा परिचित थिए । किसान परिवारमा जन्मिएका उनले छोटो समयमै हिमाल आरोहण क्षेत्रमा आफ्नो छुट्टै परिचय बनाएका थिए । एलिट एक्स्पिडिसनमार्फत ब्रड पिक आरोहणका लागि पाकिस्तान पुगेका निमाले यस वर्ष मात्रै ८ हजार मिटरभन्दा अग्ला चार वटा हिमाल सफलतापूर्वक आरोहण गरिसकेका थिए । त्यसपछि अर्को चुनौतीका रूपमा उनले ब्रड पिक रोजेका थिए । ट्रेकिङ क्षेत्रबाट हिमाल आरोहणमा प्रवेश गरेका उनले लगन, अनुशासन र निरन्तरको मिहिनेतका कारण अनुभवी आरोहीका रूपमा पहिचान बनाएका थिए ।

मकालु गाउँपालिकाका अध्यक्ष वाङ्दी छिरिङ शेर्पाका अनुसार निमा हिमाल आरोहणलाई नै आफ्नो पेसा र जीवनको लक्ष्य मानेर अघि बढिरहेका थिए । निमाका श्रीमती, एक छोरा र एक छोरी छन् । दुर्घटनाको खबरले परिवार र गाउँ शोकमा डुबेको छ । 'निमा शेर्पाको निधनले गाउँपालिकाले एक साहसी, इमानदार र सम्भावनाशील युवा गुमाएको छ,' अध्यक्ष शेर्पाले भने, 'उहाँले हिमाल आरोहणमार्फत गाउँपालिका र देशको नाम अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन महत्त्वपूर्ण योगदान पुर्‍याउनुभएको थियो ।'

तीन साता अघि मात्र के-टु आरोहणका लागि पाकिस्तान पुगेका पुरबहादुर गुरुङ (युक्त) ब्रड पिकमै अस्ताए । आरोहण सदस्यको हात भाँचिएपछि के-टु आरोहणको योजना स्थगित गर्दै उनी निर्मल पुर्जासँग ब्रड पिक पुगेका थिए । विश्वका ८ हजार मिटरभन्दा अग्ला १४ हिमालमध्ये १२ वटा सफलतापूर्वक आरोहण गरिसकेका युक्तको बाँकी दुई हिमाल आरोहण पूरा गर्ने सपना भने अधुरै रह्यो ।

तीन वर्षअघि २०८० जेठमा सातौं पटक सगरमाथा आरोहण गरेर फर्किएपछि उनले कान्तिपुरसँग भनेका थिए, 'हिमाल चढ्ने भनेपछि मन फुरुंग हुन्छ, शिखर चुमेपछि त्यसै ऊर्जा भरिन्छ ।' गोरखाको धार्चे-४, लाप्राकका एउटै गाउँका ६ जना युवाले सगरमाथा सफल आरोहण गरेको रेकर्ड छ । तीमध्ये युक्त गुरुङ समुदायबाट १० पटक सगरमाथा आरोहण गर्ने पहिलो आरोही थिए ।

सन् २०११ मा २२ वर्षको उमेरमा पहिलो पटक सगरमाथाको शिखर चुमेका उनले पछिल्लो पटक २० मे २०२६ मा दसौं पटक सगरमाथा आरोहण गरेका थिए । सगरमाथासँगै मकालु, अन्नपूर्ण, ल्होत्से र के-टुको पनि सफल आरोहण गरिसकेका उनले ८ हजार मिटरभन्दा अग्ला १४ हिमालमध्ये सिसापाङ्मा र चोयु मात्र आरोहण गर्न बाँकी थियो ।

युक्त गण्डकी अल्पाइन क्लबका कोषाध्यक्ष पनि थिए । यस वर्ष मात्रै उनले १८ अप्रिलमा अन्नपूर्ण-१, २० मेमा सगरमाथा र २१ मेमा ल्होत्सेको सफल आरोहण गरेका थिए । भरियाबाट पर्यटन क्षेत्रमा प्रवेश गरेका उनी क्रमशः कुक, माउन्टेन गाइड हुँदै अन्तर्राष्ट्रियस्तरका व्यावसायिक आरोही बनेका थिए । तीन वर्षअघि सगरमाथा आरोहणपछि कान्तिपुरसँग उनले आफ्नो यात्रा सम्झँदै भनेका थिए, 'पोटर हुँदै यो व्यवसायमा छिरेको हुँ, गाइड गर्दै हिमाल चढ्ने अवसर पाएँ ।'

सन् २००५ मा पोटरका रूपमा पर्यटन क्षेत्रमा प्रवेश गरेका युक्तले सन् २००९ देखि व्यवस्थित रूपमा आरोहण यात्रा सुरु गरेका थिए । गत फेब्रुअरीमा मात्रै उनले अन्तर्राष्ट्रिय माउन्टेन गाइडको लाइसेन्स प्राप्त गरेका थिए । ब्रड पिकमा उनको शव फेला परेको खबर आएपछि लाप्राक गाउँ शोकमा डुबेको छ । लाप्राक घर भई गण्डकी प्रदेशकै पहिलो सगरमाथा आरोही इमानसिं गुरुङको सन् २००५ अक्टोबर २० मा मनाङको कंगारु हिमालमा हिमपहिरोमा परी निधन भएको थियो । दुई दशक नबित्दै १० पटक सगरमाथा आरोहण गरेर नयाँ कीर्तिमान बनाएका युक्त गुरुङलाई पनि हिमालमै गुमाउनुपर्दा गाउँ फेरि शोकमा डुबेको छ ।

युक्तका श्रीमती र एक छोरा छन् । पर्यटन क्षेत्रमा आउन चाहने नयाँ पुस्तालाई उनी सधैं सहयोग र हौसला दिने गर्थे । लाप्राकका आधाभन्दा बढी स्थानीय प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पर्यटन व्यवसायमा आबद्ध छन् । आरोही, माउन्टेन गाइड, ट्रेकिङ गाइड, सहायक गाइडदेखि सहयोगीसम्मका रूपमा काम गर्ने धेरै युवालाई युक्तले अवसर जुटाइदिने र यस क्षेत्रमा लाग्न प्रेरित गर्ने गरेको स्थानीयहरू बताउँछन् ।

'उहाँ निकै सहयोगी पनि हो, गाउँका हामी दाजुभाइ भनेपछि काम पनि लगाइदिनुहुन्थ्यो, यो व्यवसायमा लाग्न पनि प्रेरित गर्नुहुन्थ्यो,' स्थानीय सोम गुरुङले भने । हिमाल आरोहण गरेर गाउँको नाम चिनाउने अग्रजहरूको पदचिह्न पछ्याउँदै लाप्राकका अधिकांश युवा आज पनि ट्रेकिङ र पर्वतारोहण क्षेत्रमा सक्रिय छन् । स्थानीयका अनुसार सन् १९८० को दशकदेखि लाप्राकका बासिन्दा पर्यटन क्षेत्रमा जोडिन थालेका हुन् । त्यही परम्परालाई अन्तर्राष्ट्रिय उचाइसम्म पुर्‍याउनेमध्ये युक्त अग्रपंक्तिमा थिए । उनको निधनसँगै एउटा सफल आरोही मात्र होइन, नयाँ पुस्ताका लागि प्रेरणाको स्रोतसमेत गुमेको स्थानीयको भनाइ छ ।

संखुवासभाको मकालुका नवाङ थेन्डु शेर्पा ब्रड पिक दुर्घटनामा ज्यान गुमाउनेमध्ये सबैभन्दा युवा नेपाली गाइडमध्ये एक थिए । २९ वर्षका उनी अविवाहित थिए र सेभेन समिट ट्रेक्सबाटै व्यावसायिक पर्वतारोहण यात्रा सुरु गरेका थिए । उनले सगरमाथा, ल्होत्से, मनास्लु, कञ्चनजंघा, मकालु र आमादब्लमलगायत हिमालमा सफल आरोहण गरेका थिए । सन् २०२२ मा उनले पहिलो पटक सगरमाथा आरोहण गरेका थिए भने यस वर्ष मकालु हिमाल पनि आरोहण गरेका थिए । सेभेन समिट ट्रेकमार्फत अभियानमा सहभागी उनी सानै उमेरदेखि हिमालसँग नजिकिएका थिए । ८ हजार मिटरभन्दा अग्ला विभिन्न हिमाल आरोहण गरिसकेका उनी सम्भावनाशील युवा आरोहीका रूपमा चिनिन्थे ।

नवाङ हिमाल आरोहणसँग गहिरो सम्बन्ध रहेको परिवारका सदस्य थिए । मकालु गाउँपालिकाका अध्यक्ष वाङ्दी छिरिङ शेर्पाका अनुसार उनका बुबा तथा तीन दाजुभाइ सबै अनुभवी हिमाल आरोही हुन् । परिवारका सदस्यहरूले पनि ८ हजार मिटरभन्दा अग्ला विभिन्न हिमालको सफल आरोहण गरिसकेका छन् । यही पारिवारिक वातावरण र प्रेरणाले नवाङलाई पनि सानैदेखि हिमालतर्फ आकर्षित गरेको थियो ।

दुर्गम तालखर्कमा बसोबास गर्ने उनको परिवारसँग सम्पर्क गर्नसमेत कठिन भएको गाउँपालिकाले जनाएको छ । अध्यक्ष शेर्पाका अनुसार गाउँमा अझै सञ्चार सुविधा सहज रूपमा पुगेको छैन । दुर्गम भौगोलिक अवस्थाले दुर्घटनापछिको सूचना आदानप्रदानसमेत प्रभावित भएको छ । 'नवाङको निधनले गाउँपालिकाले एक साहसी, इमानदार र ठूलो सम्भावना बोकेको युवा गुमाएको छ,' अध्यक्ष शेर्पाले भने । साहस, अनुशासन र समर्पणका लागि परिचित नवाङको योगदान नेपाली पर्वतारोहण क्षेत्रले लामो समयसम्म सम्झिरहने अध्यक्ष शेर्पाको भनाइ छ ।

नेपालले एकै पटक यति धेरै अनुभवी गाइड गुमाउनु ठूलो क्षति भएको शेर्पाको भनाइ छ । 'यो ठूलो क्षति हो । एउटा गाइडको अनुभव र कीर्तिमान एकै दिनमा बन्दैन । एउटा कीर्तिमान बनाउन एउटा सिजन कुर्नुपर्छ, वर्षौंको अनुभव चाहिन्छ,' उनले भने । उनका अनुसार यस्ता अन्तर्राष्ट्रियस्तरका गाइड निजी कम्पनीहरूले वर्षौं लगाएर तयार पार्ने गर्छन् । 'मकालुदेखि हिमाली गाउँबाट नयाँ केटाहरूलाई ल्याएर सिकाउने, तालिम दिने र अन्तर्राष्ट्रियस्तरका गाइड बनाउने काम हामीजस्ता कम्पनीहरूले नै गरिरहेका हुन्छौं । यस्तो जनशक्ति गुमाउनु नेपालका लागि मात्रै होइन, विश्व पर्वतारोहण उद्योगकै ठूलो क्षति हो,' उनले भने ।

पर्वतारोहणसँग नजिक रहेको नेपालको वायुसेवा सञ्चालक संघले पाकिस्तानको ब्रड पिकमा गएको हिमपहिरोमा परी विश्व प्रसिद्ध नेपाली पर्वतारोही निर्मल पुर्जा (निम्सदाइ) सहित ६ नेपालीसहित विभिन्न देशका आरोहीको निधनप्रति गहिरो दुःख व्यक्त गरेको छ । संघका अध्यक्ष प्रतापजंग पाण्डेद्वारा जारी विज्ञप्तिले नेपालको नाम विश्वभर चिनाउने आरोहीको निधनले नेपालको पर्यटन क्षेत्रलाई मात्र नभई सम्पूर्ण नेपालीलाई स्तब्ध बनाएको जनाएको छ ।


## वर्गीकृत डिस्प्ले

**यौन-शक्ति बर्द्धक**
यौन दुर्बलता कमजोरी हटाई
EXTRA TIME बढाई यौन उत्तेजना,
पावर बढाउन ORIGINAL HERBAL (80 वर्षसम्म)
सक्रिय बनाई यौन शक्ति बढाउने
USA, GERMANY, LONDON, DENMARK
को बिश्वस्तरीय हर्बल उपलब्ध छ ।
थाहै नदिई **जाँड-रक्सी** को कुलत छुटाउने
महिलाको स्तन बढाउने घटाउने, गुप्तांक टाइट पार्ने, मोटोपन घटाउने बढाउने ।
FREE HOME DELIVERY ALL OVER NEPAL
9851147810,9818941842

**वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने**
श्याम स्वेत: रू. ३000/-*
स्पट कलर: रू. ३५00/-*
मल्टि कलर: रू. ५000/-*



घर बिक्रिमा



गाडि बिक्रिमा




जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५000, ५१३५00४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

सम्पादकीय

## मुद्दा यत्रतत्र, नागरिक आन्दोलन अलपत्र

नेपालको नागरिक समाज/नागरिक आन्दोलनको छवि साहस र दृढतासँग जोडिएको छ। मुलुकलाई पटक-पटक राजनीतिक प्रतिगमनबाट मुक्ति दिलाउन सशक्त प्रयत्न गरेको र सफलता पाएकै कारण राजनीतिक आन्दोलनको इतिहासमा नागरिक आन्दोलन अभिन्न हिस्सेदार रहिआएको छ। कुनै बेला दलहरूलाई आफ्नो पछि लगाउन सकेको र समाजमा दलभन्दा बढी विश्वसनीयता आर्जन गरेको नागरिक आन्दोलन एक/डेढ दशकयता भने शिथिल र निष्प्रभावी देखिएको भनेर टिप्पणी हुने गरेको छ। यसका लागि राजनीतिक/सामाजिक परिस्थिति र नागरिक आन्दोलनको ढाँचा स्वयं नै जिम्मेवार छन्। यद्यपि, बलियो लोकतन्त्रका लागि बलियो नागरिक आन्दोलन अपरिहार्य हुन्छ। लोकतन्त्रमाथि विश्वभर नै संकट र अन्योल छाएको र नेपाल पनि त्यस्तो परिस्थितिबाट अलग नरहेको पृष्ठभूमिमा नागरिक आन्दोलनमा ऊर्जा भर्नुपर्ने आवश्यकता छ। त्यसका लागि आफूभित्रको अलमल अन्त्य गर्न, साध्य र साधनको बलियो आकलन गर्न, नागरिकलाई सुसूचित गर्न र पुस्तान्तरणमा मानक स्थापित गर्न सक्नुपर्छ।

नागरिक आन्दोलन कुनै नियमित संगठन होइन। यो राजनीतिक, सरकारी वा गैरसरकारी संगठन पनि होइन। यो मूलतः निश्चित मूल्यमा प्रतिबद्ध हुनेहरूको सामूहिक अग्रसरता हो। उद्देश्य प्राप्तिप्रतिको पहलकदमी हो। जस्तो कि, १९ माघ २०६१ मा तत्कालीन राजा ज्ञानेन्द्रले 'कु' गरेपछिको सकसपूर्ण समयमा लोकतन्त्र र शान्तिलाई मूल मन्त्र बनाउनेहरूले नागरिक आन्दोलनको नामबाट लिएको अग्रसरता सधैं चर्चा भइरहने गर्छ। तत्कालीन समयमा नेकपा माओवादीले सशस्त्र संघर्ष गरिरहेको थियो। राजा ज्ञानेन्द्रले पनि जननिर्वाचित दलहरूलाई पाखा लगाएर अधिनायकवादी शासन सुरु गरेका थिए। त्यही समयमा नागरिक आन्दोलनले माओवादी र संसद्वादी दलहरूलाई जोड्ने बिन्दुका रूपमा लोकतन्त्र, शान्ति र संविधान जस्ता मुद्दालाई जोड दिएका थिए। समाजमा दलहरूप्रति नकारात्मक वातावरण बनेको तत्कालीन समयमा नागरिक आन्दोलनले नै अघि सरेर समाजसँग संवाद गरेको थियो। दलहरूलाई आफ्नो पछि लगाएर आन्दोलन हाँकेको थियो। परिणामतः लोकतन्त्र, शान्ति र संविधान प्राप्त भएको थियो।

आज राजनीतिक परिस्थिति दुई दशकअघिको जस्तो छैन। न समाजको मुद्दा त्यस्तै छ, न नागरिक आन्दोलनको नाममा सक्रियता उस्तै छ। त्यसो त, मुलुक शान्ति प्रक्रियामा हिँडेपछि नै दलहरूले नागरिक आन्दोलनलाई उछिनेर आफ्नो वर्चस्व स्थापित गरिसकेका थिए। स्वाभाविक रूपमा नागरिक आन्दोलनका नेतृत्व 'निगरानी समूह' मा परिणत हुँदै गए। अर्कोतर्फ, नागरिक आन्दोलनमा जोडिएका कैयौं अनुहारको आफ्नो पृष्ठभूमि थियो, ती आफ्नै दिशातर्फ लागे। राजनीतिक दलले किनारामा धकेलेको र नागरिक आन्दोलनका कतिपय अगुवा विभिन्न दल र अवसरतर्फ लागेपछि समग्र आन्दोलन नै रक्षात्मक बन्न पुगेको हो। त्यसयता नेपाली समाजमा यो कहिल्यै प्रभावकारी हुन सकेको छैन। आज पनि यो रक्षात्मक र छवि उकास्ने संघर्षमै छ। यसमाथि प्रहार गर्ने र निष्प्रभावी बनाउन खोज्नेहरू त छन् नै, ऊ स्वयंले बदलिँदो समयमा आफ्नो दायित्व र त्यसलाई निभाउने अस्त्र पहिल्याउन सकेको छैन।

मुख्यतः यतिबेला ठोस राजनीतिक मुद्दाको अनुभूत हुन सकेको छैन, जसका निम्ति सबै आस्था, पेसा, व्यवसाय वा प्राथमिकतालाई पन्छाएर संघर्षमा होमिनुपरेको होस्। प्रत्यक्ष राजनीतिक मुद्दाका रूपमा नहेरिने तर राजनीतिकै नीति र कार्यक्रमले प्रभावित बनाइरहेको विषयलाई पहिचान गर्न, प्रस्ट हुन र पार्न तथा त्यसका निम्ति कस्ता पहलकदमी लिनुपर्ने हो भन्ने ठम्याउन नागरिक समाज/नागरिक आन्दोलनलाई कठिनाइ परेको देखिन्छ। सुशासन, सेवा प्रवाह, रोजगारीका अवसर, सुकुमवासी, उखु किसान, चुरे संरक्षण, मिटरब्याजपीडित, लघुवित्त/सहकारीपीडित, चुरे संरक्षण जस्ता कैयौं विषय पछिल्लो एक दशकयता सतहमा छन्। तर, यही समयमा नागरिक आन्दोलन शिथिल बन्दै गएको यथार्थ छ। विषय प्रस्ट छ- नागरिक आन्दोलनले यस्ता मुद्दालाई आफ्नो ऊर्जा बनाउन सकेन। र, जबसम्म सक्दैन, तबसम्म यसको ओरालो यात्रा निरन्तर रहनेछ। ठूला राजनीतिक विषय र मुद्दा- लोकतन्त्रकै अपहरण- सधैं उपलब्ध हुँदैन भनेर नागरिक आन्दोलनले बुझ्न जरुरी छ।

नागरिक आन्दोलन भन्नेबित्तिकै राजनीतिक विषय बढी केन्द्रमा आउने गरेको छ। खासगरी लोकतन्त्र, शान्ति तथा संविधान जस्ता मुद्दामा दृढ संघर्ष गरेकाले पनि त्यसो भएको हो। तर, यतिबेला समाज आफ्नै जटिलता र अन्योलमा फसेको छ। त्यसैले मुद्दाका रूपमा स्वयंलाई अनुकूलन र अद्यावधिक गर्नुपर्ने जिम्मेवारी नागरिक आन्दोलनको हो। अहिले उपलब्ध नागरिकका मुद्दामै पर्याप्त बहस र छलफल गर्ने, प्रस्ट हुने, सैद्धान्तिकीकरण गर्ने, नागरिकलाई बुझाउने, परिचालन गर्ने रणनीति आवश्यक छ। अर्कोतर्फ, नागरिक आन्दोलन भनेको केही व्यक्तिको संगठन होइन। तत्कालीन राजा ज्ञानेन्द्रले 'कु' गरेपछि देवेन्द्रराज पाण्डेको अग्रसरतामा नागरिक आन्दोलन सक्रिय भएको थियो। समयक्रममा त्यसको पुस्तान्तरण हुन सकेन, नयाँ पुस्तालाई आकर्षित तुल्याउन सकेन। आन्दोलनलाई जीवित र निरन्तर प्रभावशाली राख्ने हो भने पुस्तान्तरण र समाजको विविधताअनुसारको फराकिलो दायरा अपरिहार्य छ। त्यस्तै, नैतिक नेतृत्वको पनि आवश्यकता छ। पार्टीमा लागेका वा लाग्ने प्रयत्न गरेका, राजकीय अवसर कुरिरहेकाहरूले त्यस्तो नैतिक क्षमता राख्दैनन्। त्यसैले यतिबेला समाजमा रहेका नयाँ-पुराना मुद्दाको पहिचान गर्दै सम्बोधनका निम्ति संगठित भएर अग्रसर हुने नागरिक आन्दोलनको खाँचो छ।

# चञ्चल राजनीतिको चक्रव्यूह

**सरकारले सय दिन पूरा गरेलगत्तै कोशी र मधेश प्रदेश दुर्भाग्यपूर्ण साम्प्रदायिक घटनाको चपेटामा परे। वालेन्द्र शाह सरकारका लागि यो गम्भीर परिस्थिति हो। सरकार गठनको प्रारम्भमा नै यस्ता घटना यसअघि कहिल्यै भएका थिएनन्।**



किशोर नेपाल

(पत्रकार नेपाल कान्तिपुरका स्तम्भकार हुन्)



**सिरहाको गोलबजारमा बिहीबार प्रदर्शनकारीले बालेको आगो निभाउँदै सुरक्षाकर्मी।** **तस्बिर** : कान्तिपुर

शक्ति राष्ट्रहरूको शक्ति र सत्ता विस्तारको खेलमा श्रीलंका र बंगलादेशपछि नेपाल परेको छ। नेपालले आफूलाई यो खेलबाट कसरी पृथक् राख्न सक्छ ? यो चञ्चल राजनीतिको चक्रव्यूहबाट नेपाल कसरी उम्किने हो ?

एघार महिनाको अवधिमा नेपाली राजनीतिमा अभूतपूर्व परिवर्तन आएको छ। यो परिवर्तनले नेपाली समाजमा सकारात्मक र नकारात्मक दुवै थरी प्रभाव छोडेको छ। संसारभरिका तन्नेरी समाजमा सामाजिक सञ्जालले गहिरो प्रभाव पारेको छ। खासगरी, अविकसित र निर्धन समाजका तन्नेरी पुस्ताका लागि आफ्ना कुण्ठा अभिव्यक्त गर्नका लागि सामाजिक सञ्जाल प्रभावशाली माध्यम बनेको छ। फेसबुक, ट्विटर, युट्युब र टिकटक जस्ता माध्यमको प्रभाव अविकसित देशका ठूला-साना सबै सहर-बजारमा फैलिएको छ। यता, नेपालका तन्नेरी पुस्ता आफ्नो नाङ्गो आँखाले देखेको सत्यलाई आत्मसात् गर्न हिचकिचाउ र आफ्ना मनका भावनालाई सामाजिक सञ्जालमार्फत फैलाउँछ। यो पुस्तालाई थाहा छ, सामाजिक सञ्जालमा आउने अधिकांश विवरणहरू न त सबै सत्य हुन्छन्, न त सबै झूट। नेपाल होस् वा अन्य कुनै पनि अविकसित देशमा भएका घटनाक्रम सञ्जालको सामग्री अलिकति अतिरञ्जित हुन्छन्। तर, मानिसको चेतनालाई प्रभावित गर्न ती सामग्री पर्याप्त हुन्छन्। सामान्य मानिसको चेतनामा त्यसले असर पार्छ। यद्यपि, सामाजिक र आर्थिक यथार्थको चेपमा परेपछि मानिस स्वाभाविक रूपले सचेत हुन्छ।

प्रतिनिधिसभाको नियमित चुनाव भएको दुई वर्ष नबित्दै नेपालमा भएको जेन-जी विद्रोहको स्वरूप र प्रभाव डरलाग्दो थियो। नेपाली राजनीतिको जडताका विरुद्ध भएको यो विद्रोहको आडमा जस्तो व्यूहको रचना भयो, त्यसले संघीय गणतन्त्र नेपाल नियोजित अराजक गतिविधिमा फस्यो। देशको केन्द्रीय सचिवालय सिंहदरबार, संसद् भवन, सरकारी आवास गृहहरू जलेर ध्वस्त भए। नयाँ पुस्ताका तन्नेरीहरूको अहिंसात्मक आन्दोलनमा नियोजित रूपले भएको 'हिंसात्मक' घुसपैठले देशको राजनीतिक र आर्थिक व्यवस्था डगमगायो। संघीय लोकतान्त्रिक गणतन्त्र खतराको उच्च बिन्दुमा पुग्यो। यो विद्रोहको आडमा देशको शान्ति र सुव्यवस्था सेनाले आफ्नो हातमा लियो। प्रधानमन्त्री केपी ओली सेनाको 'सुरक्षा घेरा' मा परे। प्रधानमन्त्री ओलीको पालो सकिएपछि प्रधानमन्त्री बन्ने तयारीमा रहेका शेरबहादुर देउवा र उनकी धर्मपत्नीमाथि सांघातिक हमला भयो। उपचारका लागि देउवा दम्पतीलाई सैनिक अस्पताल पुऱ्याइयो। देशको राजनीतिक परिस्थिति प्रतिकूल अवस्थामा रहेको त्यस समयमा राष्ट्रपति रामचन्द्र पौडेलले सुझबुझका साथ सन्तुलित कदम चालेर संघीय लोकतान्त्रिक गणतन्त्रलाई जोगाए। प्रतिनिधिसभा विघटन भयो। तर, अन्य सबै संस्था साबुत नै रह्यो।

त्यसपछि गठन भयो सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार। अन्तरिम प्रधानमन्त्रीका रूपमा कार्कीले आफ्ना 'छोराहरू' वालेन्द्र शाह र सुधन गुरुङको प्रभावमा रहेको त्यस जटिल समयमा 'प्रतिनिधिसभा' को चुनाव गराउनका लागि राष्ट्रपतिले आफूलाई सुम्पिएको दायित्व पूरा गर्नका लागि उनैसँग दूरी बढाउँदै जानु राम्रो कुरा थिएन। सके जति सन्तोषजनक ढंगले उनले दायित्व पूरा गरिन्। प्राविधिक हिसाबले उनले प्रतिनिधिसभाको 'निष्पक्ष' चुनाव गराइन्। चुनावमा निष्पक्षताको मानक केलाई बनाइएको थियो ? देशका प्रमुख राजनीतिक दलका नेताहरू यसबारे अनभिज्ञ थिए। यद्यपि, वालेन्द्र शाहको नेतृत्वमा चुनावी अभियानमा गएको राष्ट्रिय स्वतन्त्र पार्टीले सरकार बनाउने बहुमत प्राप्त गऱ्यो।

प्रधानमन्त्री पदमा वालेन्द्र शाहको सत्ता आरोहण भएको सय दिन बितिसकेको छ। यस सय दिनमा राष्ट्रपति रामचन्द्र पौडेलसँग उनको दूरी बढेको छ। राष्ट्रपतिले सरकारका नीति र कार्यक्रमहरू संसद्मा वाचन गर्दै गर्दा प्रधानमन्त्री शाह अचानक सदनबाट बाहिरिनु संसदीय मर्यादाविपरीत थियो। उनले नवनिर्वाचित संसद्को पहिलो अधिवेशनमा नै राष्ट्रपतिको मर्यादा राखेनन्। उनले बिर्सिए- उनी सशस्त्र विद्रोहको बाटोबाट प्रधानमन्त्री बनेका थिएनन्। जनताको मत जितेका व्यक्तिले संसदीय मर्यादाको उल्लंघन गर्नु शोभनीय थिएन।

सरकारले सय दिन पूरा गरेको उपलक्ष्यमा आयोजित समारोहलगत्तै पूर्वका दुई प्रदेश- कोशी र मधेश- दुर्भाग्यपूर्ण साम्प्रदायिक घटनाको चपेटामा परे। शाहको नेतृत्वमा गठन भएको सरकारका लागि यो अर्को गम्भीर परिस्थिति थियो। सरकार गठनको प्रारम्भमा नै यस्ता घटना यसअघि कहिल्यै भएका थिएनन्। यी दुवै प्रदेशका जनताले संसदीय चुनावमा वालेन्द्र शाहको अनुहार हेरेर राष्ट्रिय स्वतन्त्र पार्टीको चुनाव चिह्न घण्टीमा 'मतदान' गरेका थिए। रास्वपाले उनलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरेको थियो।

शाहले कोशी प्रदेशको झापा-५ पुगेर आफ्नो उम्मेदवारी दर्ता गरेका थिए। उनको यो उम्मेदवारीलाई नेपाल कम्युनिस्ट पार्टी एमालेले सामान्य हिसाबले लिएको देखियो। शाहले वामपन्थी राजनीतिको आधारभूमि मानिएको झापाबाट चुनाव लडेर प्रधानमन्त्री खड्गप्रसाद ओलीलाई पराजित गरेका थिए। यो विजयपछि रास्वपाका सभापति रवि लामिछानेले उनलाई वरिष्ठ नेताको दायित्व सुम्पिए। नवनिर्वाचित संसद्मा रास्वपाले सबभन्दा बढी स्थानमा विजय प्राप्त गरेको थियो। रास्वपाका सभापति रवि लामिछानेले शाहलाई संसदीय दलका नेता अर्थात् औपचारिक रूपमा प्रधानमन्त्रीका उम्मेदवार घोषित गरेका थिए।

सामाजिक सञ्जालले चम्काएको शाहको 'चामत्कारिक' व्यक्तित्वबाट प्रभावित मतदाताले उनलाई नेपाली राजनीतिको केन्द्रबिन्दुमा स्थापित गरे। नेपालको कम्युनिस्ट राजनीतिका हस्तीका रूपमा परिचित केपी ओलीलाई बालेनले उनकै चुनाव क्षेत्रमा पराजित गर्नु मतदाताबाहेक अरू कसैको ताकत थिएन। मधेशमा आफ्नो 'लोकप्रियता' को झन्डा फहराउने उद्देश्यका साथ चुनाव लड्न सर्लाही पुगेका नेपाली कांग्रेसका 'लोकप्रिय' नेताका रूपमा स्थापित गगन थापाको शाहसँग सुखद सम्बन्ध थियो। तर, शाहको राप र तापका अगाडि उनी त्यहाँ पराजित भए। गगनको चुनावी रेकर्डमा यो नराम्रो धब्बा थियो।

शाहलाई रास्वपाले प्रधानमन्त्रीका रूपमा प्रस्तुत गऱ्यो। उनी संसदीय दलको नेता बनेपछि प्रधानमन्त्री बने। प्रधानमन्त्री बनेपछिका उनका सय दिन ठिटौले पारामा बित्यो। उनले संसद्, संसदीय मान्यता र संसद्को मर्यादा जस्ता पक्षमा कुनै चासो देखाएनन्। सांसदका लागि 'ड्रेस कोड' किन तोकिएको हो ? त्यसको अर्थ र तात्पर्य दुवै बुझ्न चाहेनन्। शाहले संसद्मा अमर्यादित आचरण देखाए। उनी आफैंले तयार पारेको र आफ्नै नेतृत्वको सरकारले कार्यान्वयन गर्ने वार्षिक कार्यक्रम वाचन गरिरहेका राष्ट्रपतिलाई उपेक्षा गरेर संसद्बाट जुरुक्क उठेर बाहिरिनु अमर्यादित र अराजनीतिक व्यवहार थियो। संसद्का बैठकहरूमा अनुपस्थित रहनु र संसदीय बहस र छलफलमा चाख नलिनु प्रधानमन्त्री पदको मर्यादाविपरीत हुन्छ भन्ने ज्ञान उनमा नभएको पक्कै होइन। तर, आफूलाई केन्द्रमा राख्ने उनको स्वभाव संसदीय आचरण अनुकूल थिएन।

प्रधानमन्त्रीका रूपमा राज्य सञ्चालनको गम्भीर दायित्व बोकेका शाहले आफ्ना सय दिन झन्डै तीन दर्जनको संख्यामा रहेका आफ्नै आसेपासे र जी-हजुरियाहरूसँग राजकाज चलाउने विधि कोरलेरै बिताए। यी सय दिनमा उनले कुन कुन महत्त्वपूर्ण काम गरेर देशको अवस्थामा परिवर्तन ल्याउने काम गरे ? त्यसको विवरण उपलब्ध छैन। प्रकटमा, उनी कूटनीतिक क्षेत्रसँग टाढिएर बसे। तर, उनका शुभचिन्तक सहयोगी र सल्लाहकार साथीहरू उनका लागि सहज वातावरण बनाउन सक्रिय रहे। प्रधानमन्त्री शाहले आफूलाई चुन्ने मतदाताहरूको दुःखसुखको कुरा सुन्ने जाँगर पनि देखाएनन्। सहरी विकासका नाममा नदी किनारामा छाप्रो बनाएर बसेका सुकुमवासीको बस्ती हटाउन प्रधानमन्त्री शाहले जुन तदारुकता देखाएर बुल्डोजर चलाएका थिए, तिनको पुनर्वासका लागि सिन्कोसम्म भाँचेको देखिएको छैन। अनौठो विषय, उनका सल्लाहकारहरू जर्मनी र फ्रान्सका मुद्रण उद्योगीहरूसँग नेपाली 'पासपोर्ट छाप्ने' ठेक्का विवादमा अल्झिए। जर्मनीले पाएको ठेक्का रद्द गरेर फ्रान्सलाई दिने जस्ता विषयमा प्रधानमन्त्रीका सल्लाहकार र सहयोगीहरू अल्मलिनुको कुनै औचित्य थिएन। स्वयं प्रधानमन्त्रीको कार्यालय यस्ता कुरामा अल्मलिने हो भने त्यहींबाट प्रधानमन्त्रीको पतनको प्रारम्भ हुन्छ। यस्ता विवादले प्रधानमन्त्रीको छवि सफा बन्न दिँदैनन्।

प्रधानमन्त्री शाहको सत्तारोहणको सय दिन पूरा हुनेबित्तिकै देशमा रहेको साम्प्रदायिक सद्भाव बिथोलिएको छ। कोशी प्रदेशको सुनसरीमा उत्पन्न भएको साम्प्रदायिक आक्रोशबाट मधेश प्रदेशका सबै जिल्ला प्रभावित भएका छन्। तर, सरकार यो साम्प्रदायिक आक्रोशका बारे झन्डै पाँच दिनसम्म कानमा तेल हालेर बस्यो। बिहीबार सम्बोधन र शुक्रबार मात्र मधेशका नेताहरूसँग प्रधानमन्त्री बालेनले विचार-विमर्श गरेको समाचार आयो। यो आक्रोशको छिटै समाधान नगर्ने हो भने यसको लप्काले मधेशका २२ वटै जिल्ला प्रभावित हुने स्पष्ट देखिन्छ। अहिलेसम्म साम्प्रदायिक सद्भाव नबिथोलिएको मिथिलाञ्चलका जनतामा साम्प्रदायिक सद्भाव बिथोलिँदै जाने त्रास फैलिएको छ।

कोशी र मधेशमा फैलिएको साम्प्रदायिक दंगापछि प्रधानमन्त्री बालेन केही सचेत देखिएका छन्। दंगापछि राष्ट्रपति रामचन्द्र पौडेलसँगको उनको भेटघाटले निरन्तरता पाउला वा नपाउला ? यो बेग्लै विषय हो। साम्प्रदायिक दंगाका सन्दर्भमा उनले मधेशका केही स्थापित नेताहरूसँग विचार-विमर्श गरेका छन्। यो राम्रो विषय हो। नेपाल जस्तो चौतर्फी संकट र अभावले घेरिएको देशको शासन चलाउनु सजिलो काम पक्कै होइन।

पोहोर साल भदौको जेन-जी विद्रोहपछि नेपाली सेना, सर्वोच्च अदालत, निर्वाचन आयोग र अन्य संवैधानिक निकायका प्रमुखहरू वालेन्द्र शाहको व्यक्तित्वको आकर्षणमा फसेका छन्। उनको व्यक्तित्व आकर्षक पनि छ र कुटिल पनि। सामरिक महत्त्वका देशहरूलाई आफ्नो कब्जामा पार्ने शक्ति राष्ट्रहरूको शक्ति र सत्ता विस्तारको खेलमा श्रीलंका र बंगलादेशपछि नेपाल परेको छ। नेपालले आफूलाई यो खेलबाट कसरी पृथक् राख्न सक्छ ? यो चञ्चल राजनीतिको चक्रव्यूहबाट नेपाल कसरी उम्किने हो ?

# प्रतीकात्मक शक्ति कसरी बन्छ, बाँडिन्छ र देखिन्छ ?

**एल्गोरिदमले समाचार लेख्दैन, तर कुन समाचार पढिने भन्ने निर्णय गर्छ। उसले विचार सिर्जना गर्दैन, तर कुन विचारलाई दृश्य दिने भन्ने निर्णय गर्छ।**



कुसुम थापा

(थापा त्रिभुवन विश्वविद्यालयमा एमफिल-पीएचडी अध्ययनरत समाजशास्त्रीकी शोधार्थी हुन्)

एउटै घटना। 'नो पार्किङ' मा गाडी पार्क गर्नु। तर एउटै घटनाले केही दिनको अन्तरालमा नेपालमा फरक-फरक कथा लेख्यो। एउटा घटनामा गणेश नेपालीको मोटरसाइकलमा ह्विल लक लाग्यो। नियम कार्यान्वयनको सामान्य दृश्य जस्तो देखिएको त्यो क्षण अन्ततः एउटा मानिसको आत्मदाहसम्म पुग्ने अपमान, निराशा र सामाजिक असमानताको प्रतीक बन्यो। त्यसको केही दिनपछि अर्को दृश्य आयो। केही सञ्चार संस्थाको गेटअगाडि गाडीहरू लामो समयसम्म राखिए। सार्वजनिक बहस भयो, तर जिम्मेवारीको अनुहार तत्काल देखिएन। त्यसपछि यस्तै अस्तव्यस्तता अन्य घटनाहरू पनि समाचार र सामाजिक सञ्जालमा देखा परे। यी सबै घटनाको केन्द्रमा पार्किङ थिएन। केन्द्रमा थियो- नियमको अर्थ सबैका लागि समान हुँदैन भन्ने अनुभूति। सडकमा उभिएका ती गाडीहरूले यातायातभन्दा धेरै ठूलो विषय देखाइरहेका थिए। तिनले शक्ति कसरी देखिन्छ भन्ने दृश्य बनाइरहेका थिए।

यहींबाट आधुनिक समाजको एउटा गहिरो सत्य खुल्छ। समाजशास्त्री पियरे बोरदियुले यसलाई 'प्रतीकात्मक शक्ति' भनेका थिए। उनका अनुसार शक्ति केवल शासन गर्ने वा दण्ड दिने क्षमता होइन, कुनै घटना, नियम, व्यक्ति वा संस्थाको अर्थ तय गर्ने क्षमता पनि हो। जब कुनै व्यवहार, निर्णय वा व्यवस्था यति स्वाभाविक देखिन थाल्छ कि त्यसलाई प्रश्न गर्नु नै अस्वाभाविक लाग्न थाल्छ, त्यही प्रतीकात्मक शक्ति सबैभन्दा प्रभावशाली बन्छ। आधुनिक समाजमा सत्ता बल प्रयोग गरेर स्थापित हुँदैन, अर्थ उत्पादन गरेर स्थापित हुन्छ। कुनै झन्डा कपडाको टुक्रा मात्र हुँदैन, कुनै कुर्सी काठको वस्तु मात्र हुँदैन, कुनै पोसाक वस्त्र मात्र हुँदैन। तिनले वैधता, सम्मान, अधिकार र सामाजिक दूरी बोकेका हुन्छन्। समाज वस्तुसँगभन्दा तिनले प्रतिनिधित्व गर्ने अर्थसँग बाँच्छ। त्यसैले आधुनिक संघर्ष धेरै पटक स्रोतका लागि मात्र होइन, अर्थका लागि पनि हुन्छ। कसको कथा आधिकारिक मानिने, कसको पीडा व्यक्तिगत दुर्घटना बनाइने, कसको आवाज राष्ट्रिय बहस बन्ने र कसको मौनता अदृश्य रहने भन्ने प्रश्न नै शक्ति वितरणको महत्त्वपूर्ण आधार बन्छ।

नेपालको लोकतान्त्रिक यात्रामा यो पक्ष झन् महत्त्वपूर्ण छ। हामी संविधान, कानुन, सरकार र निर्वाचनको बहस धेरै गर्छौं, तर नागरिकले राज्यलाई दैनिक जीवनका साना अनुभवमार्फत कसरी अनुभूत गर्छ भन्ने प्रश्न कम उठाउँछौं। एउटा ट्राफिक प्रहरीको व्यवहार, एउटा सरकारी सूचना, एउटा पत्रकार सम्मेलन, एउटा अदालतको मौनता, एउटा प्रशासनिक निर्णय वा एउटा भाइरल भिडियो- यी सबै छुट्टाछुट्टै घटना मात्र होइनन्। यिनले नागरिक र राज्यबीचको सम्बन्धको अर्थ निर्माण गरिरहेका हुन्छन्। गणेश नेपालीको घटना पनि यही अर्थमा पढ्नुपर्छ। त्यो केवल एउटा व्यक्तिको दुःखद अन्त्य होइन, एउटा ह्विल लक कसरी अपमान, असमानता र अदृश्य शक्ति सम्बन्धहरूको प्रतीक बन्छ भन्ने सामाजिक कथा हो। त्यसपछि भएका पार्किङ विवादहरू पनि गाडी व्यवस्थापनका समाचार मात्र रहेनन्। तिनले समाजमा पहिलेदेखि मौन रूपमा सञ्चित एउटा अनुभूतिलाई दृश्य बनाए कि नियमको कार्यान्वयनभन्दा पनि त्यसको निष्पक्षताको अनुभूति लोकतन्त्रका लागि निर्णायक हुन्छ। कुनै घटना ठूलो त्यसैले बन्दैन कि, त्यसले धेरै क्षति गऱ्यो। धेरै पटक त्यो ठूलो त्यसैले बन्छ कि, त्यसले हजारौं मानिसले लामो समयदेखि महसुस गरिरहेको तर स्पष्ट शब्दमा व्यक्त गर्न नसकेको अनुभवलाई सार्वजनिक रूप दिन्छ। त्यही क्षण एउटा घटना प्रतीकमा रूपान्तरण हुन्छ।



**तस्बिर** : एआई

यहींबाट बोरदियुको अवधारणाको समकालीन विस्तार देखिन्छ। उनले प्रतीकात्मक शक्तिलाई अर्थ उत्पादन र वैधता निर्माण गर्ने क्षमताका रूपमा व्याख्या गरेका थिए। आज त्यही प्रक्रिया डिजिटल संरचनाभित्र नयाँ रूपले सञ्चालन भइरहेको छ। पहिले कुनै घटनाको अर्थ निर्माण गर्ने प्रमुख संस्था राज्य, विद्यालय, विश्वविद्यालय, सञ्चारमाध्यम र अन्य संस्थाहरू थिए। ती संस्थाहरू आज पनि प्रभावशाली छन्। तर डिजिटल युगमा तिनीसँगै एल्गोरिदम पनि प्रतीकात्मक शक्ति सञ्चालन गर्ने महत्त्वपूर्ण संरचना बनेका छन्। एल्गोरिदमले नयाँ सत्य निर्माण गर्दैन, तर कुन सत्य धेरै मानिसले देख्ने, कुन कथा वैध ठहरिने, कुन आवाज दृश्य हुने र कुन अनुभव सार्वजनिक स्मृतिबाट हराउने भन्ने प्रक्रियालाई आकार दिन्छ। त्यस अर्थमा एल्गोरिदम शक्ति स्वयं होइन, आजको युगमा प्रतीकात्मक शक्ति सञ्चालन हुने सबैभन्दा प्रभावशाली पूर्वाधारमध्ये एक हो।

तर आज प्रतीकको राजनीति सडक, अदालत वा प्रशासनमा मात्र सीमित छैन। यसको सबैभन्दा ठूलो विस्तार डिजिटल संसारमा भएको छ। आज संसारका करोडौं मानिसले वास्तविकताभन्दा पहिले एल्गोरिदमले छनोट गरेको वास्तविकता देखिरहेका छन्। कुन समाचार सबैभन्दा माथि आउने, कुन भिडियो करोडौं पटक हेरिने, कुन आन्दोलन विश्वव्यापी बन्ने र कुन घटना केही घण्टामै हराउने भन्ने कुरा धेरै हदसम्म एउटा अदृश्य गणनाले निर्धारण गर्छ। एल्गोरिदमले समाचार लेख्दैन, तर कुन समाचार पढिने भन्ने निर्णय गर्छ। उसले विचार सिर्जना गर्दैन, तर कुन विचारलाई दृश्य दिने भन्ने निर्णय गर्छ। यसरी आधुनिक शक्ति अझ सूक्ष्म बन्छ, किनभने अहिले नियन्त्रण धेरै पटक निषेध गरेर होइन, प्राथमिकता दिएर गरिन्छ। कसैको आवाज रोक्न आवश्यक पर्दैन। अर्को हजार आवाज अगाडि सारिदिए पुग्छ। यही कारण ध्यान नै अहिलेको सबैभन्दा महत्त्वपूर्ण राजनीतिक स्रोत बनेको छ। जसले सार्वजनिक ध्यान नियन्त्रण गर्छ, उसैले सार्वजनिक बहसको दिशा पनि धेरै हदसम्म नियन्त्रण गर्छ।

यस प्रक्रियामा मिम, छोटा भिडियो र भाइरल दृश्यहरू पनि सामान्य मनोरञ्जनका सामग्री मात्र रहँदैनन्। एउटा मिमले कहिलेकाहीं अनुसन्धान प्रतिवेदनभन्दा छिटो जनमत निर्माण गर्छ, किनभने मानिसले धेरै पटक तथ्यभन्दा पहिले दृश्य र भावनासँग प्रतिक्रिया दिन्छ। सामाजिक सञ्जालका प्लेटफर्महरूले यस प्रक्रियालाई अझ तीव्र बनाएका छन्। दृश्य आफैं शक्ति बनेको मात्र छैन, आज दृश्य नै प्रतीकात्मक शक्ति वितरण गर्ने प्रमुख माध्यम बनेको छ। कुनै समुदाय दशकौंसम्म अन्यायमा बाँचेको हुन सक्छ, तर उसको कथा सार्वजनिक आँखासम्म नपुगेसम्म राजनीतिक विषय बन्दैन। अर्कोतर्फ, एउटा दृश्य केही मिनेटमै करोडौं मानिससम्म पुगेर सरकार, संस्था र नेताहरूलाई प्रतिक्रिया दिन बाध्य बनाउन सक्छ। यसरी आज शक्ति संसद्को भवन, मन्त्रालय वा सडकमा मात्र छैन। शक्ति स्क्रिनमा देखिने क्रम, खोज परिणामको प्राथमिकता, सिफारिस गरिएका सामग्री र एल्गोरिदमले निर्माण गर्ने दृश्य संसारमा पनि बस्छ।

त्यसैले लोकतन्त्रलाई मतदान, संविधान र कानुनी समानताबाट मात्र मापन गर्नु पर्याप्त हुँदैन। लोकतन्त्र अर्थको समान अधिकार पनि हो। यदि समाजका प्रतीक, कथा, दृश्य र सार्वजनिक ध्यानको प्रवाह केही सीमित शक्ति केन्द्रहरूले नियन्त्रण गर्न थाले भने कानुनी समानताभित्र पनि प्रतीकात्मक असमानता विस्तार हुन थाल्छ। आज शक्ति तीन चरणमा निर्माण हुन्छ। पहिले उसले एउटा प्रतीक निर्माण गर्छ। त्यसपछि त्यसको अर्थ नियन्त्रण गर्छ। अन्त्यमा त्यसलाई यति सामान्य बनाइदिन्छ कि हामी त्यसलाई प्रश्न गर्न छाड्छौं। यही आधुनिक शासनको सबैभन्दा परिष्कृत रूप हो। एउटा ह्विल लक, एउटा पार्किङ, एउटा भाइरल मिम र एउटा एल्गोरिदमले छनोट गरेको समाचार फरक-फरक घटना होइनन्। ती एउटै राजनीतिक व्याकरणका फरक अभिव्यक्ति हुन्। आधुनिक समाजमा शक्ति भवन, पद वा हतियारमा मात्र बस्दैन। शक्ति अर्थ, दृश्य र ध्यानको प्रवाहमा बस्छ। आज ती अर्थहरू केवल राज्य, सञ्चारमाध्यम वा सांस्कृतिक संस्थाले मात्र निर्माण गर्दैनन्। एल्गोरिदम पनि प्रतीकात्मक शक्ति सञ्चालन गर्ने संरचनाको अभिन्न हिस्सा बनिसकेको छ। जसले प्रतीक, दृश्य र सार्वजनिक ध्यानको प्रवाहलाई नियन्त्रण गर्छ, उसैले अन्ततः समाजले के देख्ने ? के सम्झिने ? र, के बिर्सिने ? भन्ने प्रक्रियालाई पनि आकार दिन्छ। लोकतन्त्रको भविष्य त्यसैले केवल सत्ता कसको हातमा छ भन्ने प्रश्नमा सीमित रहँदैन। नागरिकले कुन वास्तविकतालाई स्वाभाविक मान्ने बनाइन्छ भन्ने प्रक्रियामा पनि त्यो उत्तिकै निर्भर हुन्छ।

# वैदेशिक रोजगारीमा सामाजिक सुरक्षाको सवाल

जीवन बानियाँ

(राजनीतिशास्त्रमा विद्यावारिधि गरेका बानियाँ सेन्टर फर द स्टडी अफ लेबर एन्ड मोबिलिटी (सेस्लम) का रिसर्च निर्देशक हुन्)




तस्बिर : कान्तिपुर

आप्रवासीसहित सबै कामदारका लागि सामाजिक सुरक्षा एक आधारभूत मानवअधिकार हो । सामाजिक सुरक्षा सुनिश्चित गर्न सक्दा स्वास्थ्यजन्य, आर्थिक र (मनो) सामाजिक जोखिमबाट कामदारहरूलाई आप्रवासको चक्रभर सुरक्षित बनाउँछ भन्ने विश्वव्यापी मान्यता छ ।

प्रत्येक वर्ष देशमा रेमिट्यान्स आप्रवाह बढ्दो छ । गत आर्थिक वर्षको एघार महिनामा मात्रै २१ खर्ब २० अर्ब रुपैयाँ भित्रिएको थियो । सञ्चारमाध्यम तथा विभिन्न छलफलमा हामी लाखौं नेपालीले विदेशमा गरेको परिश्रमले नेपालको वैदेशिक मुद्रा सञ्चितिमा पुर्‍याएको योगदानबारे चर्चा सुन्छौं । एक तिहाइभन्दा बढी घरपरिवारको जनजीविकामा रेमिट्यान्सले पारेको (अ) प्रत्यक्ष प्रभाव सुनेर कृतज्ञ हुन्छौं । तर वैदेशिक रोजगारीको धूमिल, अँध्यारो र ओझेलमा परिरहेकोमध्येको एक तर अत्यन्तै महत्त्वपूर्ण पाटो हो- उनीहरूको जीवनको सुरक्षा र दीर्घकालीन पुनःस्थापना र पुनःएकीकरण । ठूलो संख्यामा नेपाली श्रमिक निर्माण, घरेलु श्रम, यातायात, कृषि र सुरक्षा सेवा जस्ता जोखिमपूर्ण काममा संलग्न छन् । विदेश जाने प्रवृत्ति र संख्यासँगै नेपालमा स्वस्थ प्रमाणित भएर वैदेशिक रोजगारीमा गए पनि विदेशमा नेपालीले मृत्युवरण गरी, घाइते वा अस्वस्थ भई फर्कने क्रम बढेको छ । पछिल्लो १५ वर्षमा खाडी र मलेसियामा मात्र लगभग १२ हजार जना नेपालीले ज्यान गुमाएका छन् । वैदेशिक रोजगार बोर्ड सचिवालयका अनुसार आर्थिक वर्ष २०८०/८१ मा १ हजार ३ सय ४६ शव नेपाल आएका थिए । २०८१/८२ मा १ हजार ५ सय १७ वटा शव आएका थिए । उनीहरूका आश्रित परिवारको चीत्कार, दारुण कथा र कारुणिक अवस्थाले जो कोही निःशब्द हुन्छन् । त्यस्तै, ती आर्थिक वर्षमा क्रमशः ६ सय २० र ८ सय ७६ बिरामी तथा अंगभंग भएर नेपाल फर्किनु परेको थियो । त्यस्तै, केही वर्षयता किड्नी तथा मुटुसम्बन्धी समस्या लिएर फर्कनेको संख्या पनि बढेको विवरण सार्वजनिक हुने गरेका छन् ।

तर विडम्बना छ कि रोजगारीमा रहँदा बिरामी तथा घाइते अधिकांश नेपाली श्रमिकहरू स्वास्थ्य सेवाबाट वञ्चित हुँदै आएका छन् । रोजगारदाताले उपचार नगरिदिने र उपचारबिना नै नेपाल फर्काइदिने गर्दै आएका छन् । कतिपय देशमा २४ घण्टे बिमा नहुने वा सीमित समयलाई मात्र समेट्ने प्रावधान हुन्छन् । कतिपय अवस्थामा त बिमामा आबद्ध नै नहुने उदाहरण पनि पाइन्छ । त्यस्तो अवस्थामा बिरामी उपचारबाट र परिवार क्षतिपूर्तिबाट विमुख हुँदै आएका छन् । घरेलु श्रमिक र अलेखबद्ध कामदारको अवस्था त झन् दयनीय छ । रोग लागेर तथा दुर्घटनामा परेर मृत्यु भएका कामदार तथा आश्रित परिवारले क्षतिपूर्ति पाउन सकिरहेका छैनन् । त्यस्तै विभिन्न देशमा नेपाली कामदारले वर्षौंदेखि पेन्सन वा सामाजिक बिमा योजनामा योगदान गरेको भए पनि घर फर्कदा उनीहरूले पाउनुपर्ने आफ्नो सञ्चित पेन्सन वा उपदान लगायतका लाभ नपाई स्वदेश फर्कनुपर्ने अवस्था पनि छ । त्यस्ता लाभहरू नेपालमा हस्तान्तरण गर्न नसकिरहेको यथार्थ विशेषतः कोभिड-१९ कालमा छरपस्ट भएका थिए । यस्ता सेवा, लाभ र क्षतिपूर्ति नपाउँदा न्याय र कानुनी लडाइँका लागि राज्यले पनि सहयोग गर्न नसकिरहेको अवस्था छ ।

यस विषयमा विस्तृत अध्ययन हुन त बाँकी नै छ, यद्यपि केही अध्ययन र अनुभवका आधारमा केलाउँदा एकातिर यसरी प्रभावित र पीडित तथा आश्रित परिवारको जन, मनोसामाजिक स्वास्थ्य तथा दीर्घकालीन हेरचाह चुनौतीपूर्ण हुँदै आएको छ । अर्कोतर्फ, राज्यलाई आर्थिक र सामाजिक बोझ पनि थपिएको छ । तर दुर्भाग्यपूर्ण भन्नुपर्छ, यस्ता विषय चुनाव वा अन्य समयमा राजनीतिक नेतृत्व र पार्टी तथा सार्वजनिक वृत्तमा पनि यथेष्ट प्राथमिकतामा परेका छैनन् ।

आप्रवासीसहित सबै कामदारका लागि सामाजिक सुरक्षा एक आधारभूत मानवअधिकार हो । सामाजिक सुरक्षा सुनिश्चित गर्न सक्दा स्वास्थ्यजन्य, आर्थिक र (मनो)सामाजिक जोखिमबाट कामदारहरूलाई आप्रवासको चक्रभर सुरक्षित बनाउँछ भन्ने विश्वव्यापी मान्यता छ । यसले उत्पादकत्व र श्रम बजारमा सुधारका लागि पनि योगदान गर्छ भनिन्छ । त्यस्तै, समाजमा गरिबी र असमानता कम गर्न पनि महत्त्वपूर्ण भूमिका खेल्छ भन्ने मान्यता छ । त्यसैले होला, दिगो विकास लक्ष्यहरूमा गरिबी (१.३) र मर्यादित श्रमसँग सम्बन्धित लक्ष्य (१०.७) ले पनि आप्रवासी कामदारहरूलाई सामाजिक सुरक्षामा पहुँच विस्तार गर्नुपर्ने विषयमा जोड दिन्छन् ।

सामाजिक सुरक्षामा स्वास्थ्य सेवा, रोजगारीमा चोटपटक लाग्दा उपचार र हेरचाह, अस्वस्थ हुँदा आर्थिक सुरक्षा, मातृत्व सुरक्षा, पेन्सन, बेरोजगारी सहायता र पुनःएकीकरणका लागि सहयोग जस्ता विषय पर्छन् । नेपालले आप्रवासीहरूका लागि सामाजिक सुरक्षा कोष, वैदेशिक रोजगार बोर्डको वैदेशिक रोजगार कल्याणकारी कोष तथा निजी बिमामार्फत लेखबद्ध/नियमित कामदारको हकमा दुर्घटना, मृत्यु, अपांगता, उपचार, उद्धार लगायतका विषयमा आर्थिक सहायता र केही हदसम्म पुनःएकीकरण तथा पेन्सन सुविधा लगायतको व्यवस्था गरेको छ । त्यस्तै 'रेमी' र 'के-हामी' जस्ता पुनःएकीकरण कार्यक्रम सञ्चालनमा छन् । त्यस्तै, कोशी र मधेश प्रदेश सरकारले नीतिगत व्यवस्था र कार्यक्रम बनाएर फर्किएर आएका नेपालीलाई सामाजिक तथा आर्थिक सहायता प्रदान गर्ने प्रयास गरेका छन्, जुन प्रशंसनीय छन् । हाम्रो सामाजिक सुरक्षा कोषमा हालसम्म आबद्ध साढे ३० लाखमध्ये दुईतिहाइभन्दा बढी वैदेशिक रोजगारीमा रहेका श्रमिक नै छन् । आप्रवासी कामदारको सामाजिक सुरक्षा सुदृढ गर्न सामाजिक सुरक्षा र कल्याणकारी कोषका प्रावधानहरू सुधार गर्नु आवश्यक छ । कामदारको कोषमा निरन्तर योगदान सुनिश्चितताका लागि नेपालमा समुदाय र परिवार स्तरमा तथा विदेशमा कामदारबीच सचेतनादेखि कूटनीतिक नियोगमार्फत सक्रिय प्रयासको आवश्यकता छ ।

तर देशभित्रभन्दा बढी नेपालले गन्तव्य देशमा नेपालीको सामाजिक सुरक्षामा पहुँच सहज र सुनिश्चित गर्नका लागि मिहिनेत गर्नुपर्ने आवश्यकता छ । नेपालको आफ्नै केही सकारात्मक अनुभव पनि छ । अनियमित/अलेखबद्ध कामदारको हकमा उपचार र स्वदेश फिर्ती अझै चुनौतीका रूपमा रहेको भए पनि ईपीएस प्रणालीअन्तर्गत दक्षिण कोरियाको रोजगारीमा रहेका कामदारलाई कोरियाली कानुनअन्तर्गत रोजगारीमा बिरामी हुँदा वा चोटपटक लाग्दा उपचारका लागि बिमा र नेपाल फर्कंदा ग्यारेन्टी बिमा भुक्तानीको व्यवस्था छ । त्यस्तै धेरै युरोपेली मुलुकले विभिन्न देशमा काम गर्ने कामदारको सीमापार सामाजिक बिमा तथा पेन्सनसम्बन्धी अधिकार सुनिश्चित तथा लाभहरूको स्थान्तरण (पोर्टबिलिटी) को अभ्यास गर्दै आएका छन् । हामीले त्यसरी क्षेत्रीय रूपमा नै त्यस्तो व्यवस्था गर्न नसके पनि दुई पक्षीय रूपमा सम्झौता/समझदारी गरी सामाजिक सुरक्षाको व्यवस्था तथा स्थान्तरणमा काम गर्नुपर्ने आवश्यकता छ ।

नेपालले अहिलेसम्म गरेका अधिकांश (विशेषतः खाडीका देशसँग) दुईपक्षीय श्रम सम्झौता तथा समझदारीमा नेपालीको सामाजिक सुरक्षा वा गन्तव्य देशका राष्ट्रिय सामाजिक सुरक्षा प्रणालीमा समान पहुँचको सुनिश्चितता गर्न सकेको छैन । घरेलु कामदारका लागि सामाजिक सुरक्षामा पहुँच झन् चुनौतीपूर्ण रहेको छ । हुन त करोडौं विदेशी कामदार भएका खाडीका सबै र उच्च संख्या रहेको श्रम गन्तव्य देशहरूले सबै आप्रवासीलाई राष्ट्रिय सामाजिक सुरक्षा प्रणालीमा आबद्ध नगर्लान् । तर मलेसिया र ओमान जस्ता देशले विगतमा आप्रवासी लगायतका लागि केही वर्षमा बृहत् सामाजिक सुरक्षाको जुन नीतिगत व्यवस्था गरेका छन्, त्यसलाई हेर्दा नमुना फरक भए पनि गन्तव्य देशमा आप्रवासी सामाजिक सुरक्षा सुनिश्चित गर्ने काम सम्भव पनि देखिन्छ । लाभहरूको स्थान्तरणका लागि कानुनी र प्रशासनिक चुनौती भए पनि दुईपक्षीय र बहुपक्षीय प्रयासमार्फत त्यसलाई सम्भव गराउन अध्ययन तथा आवश्यक कदम चाल्नुपर्ने आवश्यकता छ । त्यस्तै, नेपालले दुई पक्षीय रूपमा श्रम कूटनीति र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चमा छलफल तथा पैरवीको माध्यममार्फत छुट्टै सामाजिक सुरक्षासम्बन्धी दुई पक्षीय सम्झौता गर्ने विषय प्राथमिकतामा पार्नु आवश्यक छ । छलफल अगाडि बढाइएका युरोप लगायतका १६ वटा नयाँ गन्तव्य देशमा दुई पक्षीय सम्झौतासम्बन्धी वार्ता तथा 'नेगोसियसन' मा पनि राज्यले भर्ती र रोजगारीका विभिन्न प्रावधानसँगै सामाजिक सुरक्षालाई पनि समावेश गर्नुपर्छ । त्यस्तै रोजगारीको समयमा स्वास्थ्य सेवा, क्षतिपूर्ति र चोटपटकका लाभ, रोजगार गर्न नसक्दा वा स्वदेश फर्केपछिका उपचार र हेरचाहको निरन्तरतालाई सुनिश्चित र सहज बनाउनु आवश्यक छ । नत्र भने श्रमिक, तिनका परिवार तथा राज्यको सामाजिक प्रणालीमा आर्थिक भार थपिँदै जाने निश्चित छ । अर्कोतर्फ, मृत्युवरण, चोटपटक वा दीर्घकालीन रोग लिएर फर्केका आप्रवासी कामदार ऋण, आर्थिक असुरक्षा, मनोसामाजिक पीडाबाट पिल्सिइरहनुपर्छ । र, उनीहरूको पुनःएकीकरण पनि सकसपूर्ण बन्दै जान्छ ।

त्यस्तै, खाडीका देशमा बढ्दो तापक्रमसँगै निर्माण र पूर्वाधारका काममा संलग्नहरूमा किड्नी तथा मुटुसम्बन्धी समस्या उत्पन्न भई कामदार नेपाल फर्किए पनि नेपालको वैदेशिक रोजगार कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष वा गन्तव्य देशका सामाजिक सुरक्षा र बिमाले उपचार तथा दीर्घकालीन हेरचाहका लागि पर्याप्त सहायता गर्ने प्रावधान छैनन् । त्यसैले यी विषय पनि नेपालले श्रम कूटनीतिको विषय बनाउनुपर्छ । साथै, अबुधाबी डायलग र कोलम्बो प्रोसेस जस्ता क्षेत्रीय तथा जीसीएम जस्ता अन्तर्राष्ट्रिय मञ्चमा पैरवीको मुद्दा बनाउनुपर्छ । ताकि गन्तव्य देशलाई पनि उनीहरूको उपचार र हेरचाहमा उत्तरदायी बनाउन सकियोस् र उनीहरूको सामाजिक सुरक्षासम्बन्धी नीतिले यस विषयलाई पनि समावेश गरून् । अब आउने दिनमा यी मञ्चको नेतृत्व लिँदै वा गठबन्धन निर्माण गरेर सक्रिय रूपले आफ्नो मजबुत कूटनीतिक प्रभावको माध्यमबाट नेपाली श्रमिकको सामाजिक सुरक्षा लगायतका समग्र अधिकारको प्रवर्द्धनमा भूमिका खेल्नुपर्छ ।

समयक्रमसँगै परराष्ट्र मन्त्रालयमा स्थापना भएको नयाँ महाशाखा 'श्रम आप्रवासन तथा नेपाली डायस्पोरा समन्वय महाशाखा' अन्तर्गत श्रम आप्रवासन कूटनीतिकसम्बन्धी अध्ययन तथा नियोगहरूमा जाने श्रम सहचारी र काउन्सिलर लगायतका कर्मचारीहरूको प्रशिक्षण हुँदै जाला । र, वास्तवमा देशको सीमाभन्दा बाहिर आप्रवासी श्रमिक लगायतका नेपालीको हकहित संरक्षण र प्रवर्द्धन गर्ने बाह्य कानुनी क्षेत्राधिकार र जिम्मेवारी परराष्ट्र मन्त्रालयको नेतृत्वअन्तर्गतको कूटनीतिक नियोगको नै हुने विषयमा दुई मत भएन । तर सैद्धान्तिक रूपमा श्रम सहचारीहरूले मुख्यतः श्रमिकको सुरक्षा र कल्याणका लागि श्रम विवाद समाधान गर्ने, करार सम्झौता उल्लंघन, ज्याला चोरी र शोषण लगायतको सुपरिवेक्षण गर्ने काम गर्नुपर्छ । साथै, पेसागत चोटपटक, थुना वा अन्य समस्यामा रहेका कामदारलाई कन्सुलर र कानुनी सेवामा पहुँच सहज बनाउने प्रयास गर्ने, मृत्यु र असहाय भएका कामदारलाई रोजगारदातासँग समन्वय गरेर शव र उनीहरूले पाउनुपर्ने बाँकी तलब तथा अन्य सुविधा नेपाल पठाउन सहयोग गर्ने काम गर्नुपर्छ । त्यस्तै, दुई देशबीचका सम्झौता तथा अन्य नीतिगत प्रक्रियामा सरकारलाई सुझाव दिने दायित्व र भूमिकाका लागि श्रम सहचारी नियोगहरूमा पठाउने गरिएको छ ।

अहिलेको सरकारले श्रम सहचारी र श्रम काउन्सुलर परराष्ट्र मन्त्रालयअन्तर्गत लैजाने चर्चा छ । योगदानमा आधारित सामाजिक सुरक्षा कोष पनि महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयमा लगिएको छ । यो विषय केही हदसम्म त्रुटिपूर्ण र अव्यावहारिक छ । पहिलो, श्रम मन्त्रालयका श्रम आप्रवासन, श्रम सम्बन्ध, व्यवसायजन्य स्वास्थ्य सुरक्षा विभाग र शाखाहरूबाट, कल्याणकारी काम र सहायतामा काम गर्ने वैदेशिक रोजगार बोर्डमा अनुभव प्राप्त कर्मचारीहरू श्रम सहचारीका रूपमा जाँदा उनीहरूको काम श्रमिकमैत्री र प्रभावकारी हुन्छ । श्रम सहचारी र श्रम काउन्सुलर भएर नेपालको कूटनीतिक नियोगमा सेवा गर्ने विषय धेरैजसो विशेषतः अफिसर र उपसचिव तहका कर्मचारीका लागि महत्त्वपूर्ण प्रोत्साहन थियो, जसले गर्दा उनीहरू आफ्नो कार्यसम्पादनमा जोड लगाउँथे । अहिले त्यस्तो उत्प्रेरणा उनीहरूमा देखिँदैन । विगतमा उनीहरूको छनोट र नियुक्ति प्रक्रियामा अनियमितता भएका थिए, जसले गर्दा उनीहरू विदेशमा गएर नेपाली कामदारको हकहितमा भन्दा पनि व्यक्तिगत र निहित समूहको स्वार्थका लागि काम गर्ने अवस्था पनि नआएको होइन । र, परराष्ट्रका कर्मचारी तथा नेतृत्व र श्रम सहचारी र श्रम काउन्सुलरबीच द्वन्द्वको अवस्था पनि सिर्जना हुने गरेको छ । तर अब ठूलो मात्रामा लगानी नगरी निष्पक्ष र पारदर्शी प्रक्रियाबाट राजदूत र श्रम सहचारी र श्रम काउन्सुलर नियुक्ति हुने र श्रम 'डिमान्ड' प्रमाणीकरण र स्वीकृति पनि अनलाइन प्रणालीबाट नै हुने भनिएपछि त्यस्तो अवस्था पनि नआउला भन्ने आशा राख्न सकिन्छ । त्यसैले श्रम सहचारी श्रम मन्त्रालयबाट नै पठाउँदा जायज होला कि ?

अर्कोतर्फ, सामाजिक सुरक्षा कोषको विषय छ । ज्येष्ठ नागरिक, महिला, विधवा र एकल महिला, बालबालिका, दलित, अपांगता भएका व्यक्ति, सीमान्तकृत र जोखिममा परेका समुदाय, आफ्नो हेरचाह गर्न असमर्थ नागरिकले प्राप्त गर्ने सामाजिक सहायता भत्ताहरू महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत लगिनु जायज छ । तर, योगदानमा आधारित सामाजिक सुरक्षाअन्तर्गतको आप्रवासी श्रमिक र देशभित्रका विभिन्न प्रतिष्ठान, स्वरोजगारमा रहेका श्रमिक आबद्ध कोषलाई पनि श्रम तथा रोजगार हेर्ने तालुकदार मन्त्रालयबाट अर्को मन्त्रालयमा गाभ्नु जायज होइन । श्रमिकको विषय हेर्ने मन्त्रालय एउटा र कोष सञ्चालन अर्को मन्त्रालयअन्तर्गत सञ्चालन हुँदा सामाजिक सुरक्षासम्बन्धी ऐन र कार्यक्रम कार्यान्वयन गर्न चुनौतीपूर्ण हुनेछ । त्यसमा अझ श्रम ऐन र सामाजिक सुरक्षा ऐन नेपाल सरकार, रोजगारदाता र श्रमिकको त्रिपक्षीय समझदारीबाट आएको र कार्यान्वयन वा आवश्यक नीतिगत परिमार्जन गर्दा (जस्तैः न्यूनतम ज्याला निर्धारण र श्रमिकलाई सामाजिक सुरक्षामा आबद्ध गर्ने) पनि उनीहरूको सहभागिता अपरिहार्य हुने हुँदा अरू थप चुनौती पनि छन् । त्यसैले बेलैमा सुविचारित रूपले योगदानमा आधारित सामाजिक सुरक्षा कोष युवा, श्रम र रोजगार मन्त्रालयअन्तर्गत फिर्ता ल्याउनु मनासिब र व्यावहारिक हुनेछ । यो विषय श्रममन्त्रीले पक्कै पनि मन्त्रिपरिषद्मा उठाएकै हुनुपर्छ ।

ठूलो आशा र भरोसाका साथ वैदेशिक रोजगारीमा रहेका लाखौं श्रमिक र तिनका परिवारले वर्तमान सरकारमा रहेको पार्टीलाई चुनावमा अभूतपूर्व रूपले विजयी बनाएका छन् । उनीहरूको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने यी विषयहरू राष्ट्रिय प्राथमिकता अवश्य पर्लान् भन्ने आशा गर्न सकिन्छ । पक्कै पनि अहिलेको युवा श्रम तथा रोजगार मन्त्रालयको नेतृत्वमा सकारात्मक हुटहुटी देखिन्छ । राम्रो मनसाय हुनु पर्याप्त नहुन सक्छ, यदि नीतिगत विसंगति र कार्यान्वयनमा चुनौती भयो भने नकारात्मक परिणामहरू निम्त्याउन सक्छन् । कामना गरौं, नेपाली आप्रवासी कामदारको थप सुरक्षा मजबुत होस् ।

# सामाजिक सद्भाव : सर्वपक्षीय जिम्मेवारी

पूर्ण सिलवाल

(सिलवाल नेपाली सेनाका पूर्वउपरथी हुन्)




तस्बिर : कान्तिपुर

संविधानले नगर, प्रदेश, संघको कार्यकारी प्रमुखदेखि राष्ट्रपतिसम्मलाई शान्तिसुरक्षा र सामाजिक सद्भाव कायम राख्ने अधिकार दिएको छ । सबैले आ-आफ्नो स्थानमा क्रियाशील भई जातीय-धार्मिक द्वन्द्व रोकेर राष्ट्रिय एकता कायम गराउने जिम्मेवारी पाएका छन् ।

सुनसरीको कप्तानगन्जमा साउन १० गते रातिको झडप र प्रहरी कारबाहीकै क्रममा एक जनाको मृत्यु र नौ जना घाइते भएपछि तनाव झन् बढ्न पुग्यो । तनाव प्रहरीको नियन्त्रणबाहिर गएपछि नेपाली सेना तैनाथ भयो । परिस्थिति नियन्त्रणमा त आयो, तर जनजीवन साधारण अवस्थामा फर्किन सकेको छैन । बिस्तारै तराईका अन्य केही जिल्लामा पनि प्रदर्शन र आगजनी फैलिएको छ । द्वन्द्वरत दुवै समुदायका अगुवाको संयुक्त प्रयास, नागरिक समाजको भूमिका र राजनीतिक दलहरूसमेतको सकारात्मक सहयोग र सहभागिताबाट मात्र सामाजिक सद्भाव पुनःस्थापना गर्न सम्भव हुन्छ । सामाजिक, सांस्कृतिक र साम्प्रदायिक द्वन्द्वलाई स्थानीयस्तरमै दिगो व्यवस्थापन गर्न सकिएन भने अन्ततोगत्वा राज्यका लागि अत्यन्तै घातकसिद्ध हुन जान्छ । लामो खुला सीमा भएको नेपाल जस्तो बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक राष्ट्रमा यस्तो संवेदनशील विषयमा आन्तरिक र बाह्य स्वार्थसमेत आकर्षित हुनु अस्वाभाविक होइन । त्यसैले यी दुवै पाटोको सम्बोधन र व्यवस्थापन अत्यन्तै महत्त्वपूर्ण विषय हो । यसलाई अत्यन्तै गम्भीरताका साथ लिनुपर्दछ । सामाजिक सञ्जाल र प्रविधिले यस किसिमको द्वन्द्वहरूलाई अझ उग्र र जटिल बनाउन सक्ने सम्भावनातर्फ समेत सबै तह र तप्का चनाखो हुन आवश्यक छ ।

## सामाजिक बनोट र द्वन्द्वको सम्भावना

नेपाल राज्य एकीकरणकै क्रममा पृथ्वीनारायण शाहले 'मेरा साना दुःखले आर्ज्याको मुलुक होइन, सबै जातको फूलबारी हो सबैलाई चेतना भया' भन्नुभएको थियो । वर्तमान संविधानको प्रस्तावनामा पनि नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा भौगोलिक विविधतायुक्त मुलुक भएकाले यो विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्नुपर्ने आवश्यकतामा जोड दिइएको छ । उसबेलाको भन्दा अहिलेको धार्मिक-सांस्कृतिक परिदृश्य फरक अवस्थामा पुगेको छ । यस सन्दर्भमा धार्मिक-सामाजिक सद्भाव खल्बलिन सक्ने लक्षणको बेलैमा पहिचान गरी सम्बोधन गर्न स्थानीयस्तरका सामाजिक र राजनीतिक संयन्त्रहरू क्रियाशील र प्रभावकारी भएन भने स-साना घटनाले पनि परिस्थितिलाई विस्फोटक बनाउन सक्छ र नियन्त्रणबाहिर लैजान सक्छ ।

समाजको सुरक्षा र समुन्नति पारस्परिक अन्तरनिर्भरता, आपसी सम्मान र विश्वासमा अडेको हुन्छ । जातीय र धार्मिक-सांस्कृतिक द्वन्द्व समाज र राष्ट्रका लागि कति गम्भीर र घातक हुन्छ भन्ने कुरा थाहा पाउन टाढा गइरहनु पर्दैन । भारत र पाकिस्तानको विभाजन तथा बंगलादेशको जन्म र त्यसपश्चात् निरन्तर चल्दै आएको आपसी द्वन्द्व र युद्धहरूबाट यस क्षेत्रमा उत्पन्न अस्थिरता र असुरक्षालाई हेरे पुग्छ । सेब्रेनिका नरसंहार र रुवान्डा नरसंहार जातीय हिंसाको कहालीलाग्दो विश्व घटनाहरू हुन् । प्रजातान्त्रिक गणतन्त्र कंगो लगायतका केही अफ्रिकन देशमा जातीय र धार्मिक द्वन्द्वले बाह्य सैनिक हस्तक्षेपसमेत निम्त्याएका दृष्टान्त छन् । इन्डोनेसियाबाट इस्ट टिमोर छुट्टियो । भारतमा पनि कस्मिर र मणिपुर क्षेत्रमा द्वन्द्व चलिरहेको छ । जातीय र धार्मिक द्वन्द्वले देशलाई नरसंहारदेखि टुक्रिने स्थितिसम्ममा पुर्‍याउने सम्भावना रहन्छ । त्यसैले यसलाई बेलैमा निरूपण गर्नु अत्यावश्यक छ ।

नेपालमा पनि विद्रोही माओवादीले जातीयताका आधारमा प्रदेशको बाँडफाँट गर्न निकै जोरजुलुम लगाएको थियो । संविधान निर्माणमा ढिलाइ हुनुमा त्यो पनि एउटा महत्त्वपूर्ण कारण थियो । त्यसपछि मधेशमा आधारित केही क्षेत्रीय दलहरूले पनि मधेशमा एक वा दुई प्रदेश मात्र बनाउने एजेन्डा अघि सारेका थिए । सौभाग्य नै भन्नुपर्छ, जातीय, क्षेत्रीय र धार्मिक एजेन्डा बोकेका दल र समूहलाई नेपाली जनताले अस्वीकार गरेका छन् । तर अहिले विश्व परिवेश बदलिएको अवस्था छ, भूराजनीतिक स्वार्थहरू मडारिएर आइरहेको छ र अरूको आन्तरिक मामिलामा हस्तक्षेप गरी आफ्नो निहित स्वार्थ परिपूर्ति गर्ने प्रवृत्ति फस्टाउँदो अवस्थामा छ ।

## संवैधानिक व्यवस्था

त्यसो भए, सामाजिक सद्भाव र सहिष्णुता कायम गर्दै राष्ट्रलाई एकताबद्ध बनाइराख्ने जिम्मा कसको हो त ? नेपालको संविधानले पनि यस सम्बन्धमा केही व्यवस्था गरेको छ । संविधानको अनुसूची-६ मा प्रदेशको अधिकारको सूचीअन्तर्गत पहिलो बुँदामा प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षाको जिम्मा दिएको उल्लेख छ । जसअनुसार प्रदेशमा आन्तरिक सुरक्षा मन्त्री राखिएको छ । यसैको १३ औं बुँदामा प्रदेश अनुसन्धान ब्युरोको व्यवस्था गरिएको छ । त्यसैगरी १८ औं बुँदामा भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोगसम्बन्धी अधिकार पनि प्रदेशलाई दिइएको छ । अनुसूची- ८ अन्तर्गत स्थानीय तहको अधिकारको सूचीको पहिलो बुँदामा नगर प्रहरी खडा गर्ने अधिकार दिइएको छ । अनुसूची- ७ मा संघ र प्रदेशको साझा अधिकारको सूची छ । यसको तेस्रो बुँदामा शान्तिसुरक्षाको व्यवस्थालाई साझा अधिकारको विषय बनाइएको छ । नगर, प्रदेश र संघीय सरकारले शान्तिसुरक्षाको संवेदनशील विषयमा सबैले आ-आफ्नो तहबाट एकअर्कामा समन्वय गरी सामाजिक सद्भाव कायम राख्ने जिम्मा संविधानले नै दिएको छ । नगरपालिका र गाउँपालिकाका जनप्रतिनिधिहरू प्रत्यक्ष निर्वाचित भएर आएका हुनाले र त्यहीं दैनिक प्रशासन चलाएर बसेको कारणले आफ्नो गाउँ र नगरका बासिन्दालाई सबैभन्दा नजिकबाट चिन्ने र गतिविधि थाहा पाउने स्थितिमा हुन्छन् । त्यस्तो केही अनिष्टका संकेत पाइएमा समुदायका अगुवालाई भेला गरी मेलमिलापको वातावरण सिर्जना गर्ने र आवश्यकता परे प्रहरी प्रशासनलाई बेलैमा जानकारी गराउने जिम्मेवारी उनीहरूको काँधमा हुन्छ । दिगो सामाजिक सद्भाव कायम गर्न यो प्रक्रिया अत्यावश्यक छ ।

## राष्ट्रिय एकताको जिम्मेवारी

नेपालको संविधानको धारा ६१ मा राष्ट्रपतिले नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन गर्नेछ भनी उल्लेख गरिएको छ । संविधानले नै राष्ट्रपतिलाई नेपाली सेनाको परमाधिपति तोकेको छ । धारा २६७ ले राष्ट्रपति परमसेनाधिपति रहेको नेपाली सेनालाई नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनतालगायत राष्ट्रिय एकताको रक्षाको जिम्मासमेत दिएको छ । अर्कोतर्फ सेना परिचालन गर्न सिफारिस गर्ने राष्ट्रिय सुरक्षा परिषद्को अध्यक्षमा प्रधानमन्त्री रहेका छन् । यसरी हेर्दा संविधानले नगर, प्रदेश, संघको कार्यकारी प्रमुखदेखि राष्ट्रपतिसम्मलाई शान्तिसुरक्षा र सामाजिक सद्भाव कायम राख्ने अधिकार दिएको छ । उहाँहरू सबैले आ-आफ्नो स्थानमा रहेर क्रियाशील भई जातीय-धार्मिक द्वन्द्व रोकी राष्ट्रिय एकता कायम गराउने जिम्मेवारी पाएका छन् । संवेदनशील अवस्थामा धर्मगुरुहरूको भूमिका अत्यन्तै महत्त्वपूर्ण हुन्छ । विगतमा झैं घटना घटिसकेपछि नेपाल प्रहरी र सशस्त्र प्रहरी बल परिचालन हुने र त्यसको केही घण्टामै सेना परिचालन हुने स्थिति फेरि दोहोरियो । अरू मुलुकमा यस्ता घटनाहरूमा यति छिटो सेना परिचालन गरेको पाइँदैन । केही दिन र हप्तासम्म परिस्थितिलाई आफ्नो काबुमा राख्न प्रहरी र दंगा प्रहरी नै सक्षम हुन्छन् । यसैले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागको क्षमता अभिवृद्धि गर्न र मनोबल उकास्न अत्यावश्यक भइसकेको छ ।

शान्तिसुरक्षा कायम गर्ने कार्यमा राज्यका सुरक्षा निकायहरूको अहम् भूमिका हुन्छ । तर, जातीय-धार्मिक द्वन्द्व शान्तिसुरक्षामा मात्र सीमित नभई राष्ट्रको अस्तित्वसँग जोडिएको विषय हो । कप्तानगन्ज जस्तो घटना हुनुपूर्व नै रोक्न राष्ट्रिय अनुसन्धान विभाग र सुरक्षा निकायहरूका आ-आफ्नो 'इन्टेलिजेन्स' निकायको भूमिका महत्त्वपूर्ण हुन्छ । यद्यपि, 'इन्टेलिजेन्स' निकायहरूले त्यो क्षमता प्रदर्शन गरेको पाइँदैन । भदौ २३ र २४ र साउन १० को घटनालाई दृष्टिगत गर्दा 'इन्टेलिजेन्स' को क्षमतामा आमूल सुधार गर्नुपर्ने आवश्यकता छ । 'इन्टेलिजेन्स' राज्यको आँखा र कान हो । राज्यले नेपाल प्रहरीको दंगा नियन्त्रण गर्ने क्षमता अभिवृद्धि गर्न ढिला गर्न हुँदैन । मुलुकभित्र शान्तिसुरक्षा कायम गर्ने पहिलो र प्रमुख दायित्व नेपाल प्रहरीको हो । सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई दिगो बनाइराख्ने कार्य स्थानीयदेखि संघीय सरकारसम्म, मेयरदेखि राष्ट्रपतिसम्म, राजनीतिक दल, धर्मगुरुहरू र नागरिक समाजको साझा जिम्मेवारी हो । समग्रमा, जातीय र धार्मिक द्वन्द्वलाई सम्बोधन गर्ने अचुक उपाय भनेको समग्र राष्ट्रिय दृष्टिकोण हो ।


# इरानी ड्रोन हमलाबाट कुवेतमा तेह्रथुमका सोमकुमारको मृत्यु

### कुवेतको उत्तरी क्षेत्रस्थित फुफेन आइल्यान्डमा रहेको चिनियाँ कम्पनीको भवनमा बिहीबार ड्रोन हमला हुँदा सोमकुमारको ज्यान गएको हो

**लक्ष्मी गौतम** (तेह्रथुम)



भाइ सोमकुमार तामाङको मृत्युको खबर सुनेपछि भावविह्वल दिदी सीता । तस्बिर : कान्तिपुर



तेह्रथुमको आठराई गाउँपालिका-६ हात्तीपोखरीमा शुक्रबार दिउँसो कान्तिपुर पुग्दा सोमकुमार तामाङकी दिदी सीता मोबाइलको स्क्रिन हेर्दै टोलाइरहेकी थिइन् । भाइ सोमकुमारको कुवेतमा ड्रोन हमलामा परेर मृत्यु भएको खबर सुनेपछि उनी बेचैन थिइन् । कान्तिपुरले कुरा उप्काउँदा उनले लामो सुस्केरा हाल्दै भनिन्, 'असोजमा आएको थियो । पैसा कमाउन सकिनँ, दुःख पाएँ भन्थ्यो, उमेरमै गयो ।'

सिकुवामा दोर्जे बल तामाङ एकोहोरिइरहेका थिए । सँगै हुर्के बढेको साथीको मृत्युको खबर गलत भइदिए हुन्थ्यो भन्ने उनलाई लागेको छ । 'असोजमा ऊ आउँदा सँगै दाल गोड्यौं, गाउँघरका साथीभाइसँग भेटेर रमाइलो गर्‍यौं, फर्केर गएपछि बोल्न पनि पाइएको थिएन,' दोर्जेले भने ।

सोमकुमारकी छिमेकी सोममाया तामाङलाई सोमकुमारको मृत्युको खबर सत्य हो भन्नेमा अझै विश्वास लागेको छैन । 'घाँस, दाउरा र मेलापातमा सघाएको याद झलझली आइरहेको छ,' उनले भनिन् ।

रोजगारीका लागि कुवेत पुगेका ४४ वर्षीय सोमकुमार तामाङको इरानी ड्रोन आक्रमणमा परी बिहीबार मृत्यु भएको हो । यो खबर कुवेतमै रहेका उनका साथीहरूले फोन गरेर सुनाएका थिए । सुरुमा होइन कि भन्ने लागेको तर शुक्रबार कुवेतस्थित नेपाली दूतावासले पुष्टि गर्दै समवेदनापत्र सार्वजनिक गरेपछि सोमकुमार फर्केर आउलान् भन्ने विश्वास टुटेको स्थानीयले सुनाए । सीताका अनुसार सोमकुमार २०६२/६३ तिर पहिलो पटक मलेसिया गएका थिए । २०६९ मा इजरायल जान खोज्दा म्यानपावरका एजेन्टले १२ लाख रुपैयाँ ठगेपछि केही वर्ष नेपालमै गाडी चलाएर बसे । चार वर्षअघि भने कुवेत गएका थिए । कुवेतमा पनि गाडी चलाउने गरेको परिवारजनको भनाइ छ ।

पछिल्लो पटक असोज २०८२ मा उनी हात्तीपोखरी आएका थिए । काकाको मृत्यु भएकाले ४९ दिनको काम सकेपछि उनी दुई वर्षपछि आउने भन्दै कुवेत फर्किएका थिए । उनी कुवेतमै रहेका बखत उनको हात्तीपोखरीको घर जलेको थियो । घर आएका बेला उनी काकाकै घरमा बसेका थिए । सोमकुमारका ८४ वर्षीय पिता र दाजुभाइ मोरङको रतुवामाईमा बसाइँ सरेका छन् । श्रीमती रीमा तामाङ १० वर्षीय छोरी र ८ वर्षीय छोरासँग काठमाडौंमा डेरा गरेर बस्छिन् ।

आठराई-६ का वडाध्यक्ष कृष्ण बाँस्कोटाले कमजोर आर्थिक अवस्थाकै कारण सोमकुमार पटकपटक वैदेशिक रोजगारीमा गएको सुनाए । 'हात्तीपोखरी सुक्खा क्षेत्र हो, यहाँ उत्पादन गरेको मकै खेती जोगाउन बाँदरसँग संघर्ष गर्नुपर्छ, धेरैजसो युवा गाउँमा बस्दैनन्, सोमकुमार पनि बाध्य भएर वैदेशिक रोजगारीमा हानिएका हुन्,' उनले भने । सोमकुमारको शव झिकाउन आवश्यक प्रक्रिया बढाउन जिल्ला प्रशासन कार्यालय तेह्रथुम र नेपालस्थित कुवेती दूतावासमा सिफारिसपत्र पठाइएको उनले बताए ।

कुवेतस्थित नेपाली दूतावासका अनुसार कुवेतको उत्तरी क्षेत्रस्थित फुफेन आइल्यान्डमा रहेको चिनियाँ कम्पनीको भवनमा ३० जुलाई २०२६ मा इरानले आक्रमण गर्दा सोमकुमारको मृत्यु भएको हो । इरान र अमेरिका-इजरायलबीच जारी युद्धबाट पश्चिम एसियामा मृत्यु हुने नेपाली श्रमिकको संख्या दुई पुगेको छ । यसअघि यूएईमा गोरखाका दिवस श्रेष्ठको मृत्यु भएको थियो ।

# ऊर्जा पूर्वाधारमा आक्रमण नगर्न अमेरिकालाई इरानको चेतावनी

### अमेरिकाले पश्चिम एसिया क्षेत्रमा पूर्णस्तरको युद्ध निम्त्याउने गरी आक्रामक कदम चालिरहेको इरानको आरोप

**तेहरान** (एजेन्सी)



इरानले निर्माण गरेको मिसाइल राजधानी तेहरानमा प्रदर्शन गरिँदै । तस्बिर : एपी/रासस

इरानले आफ्ना रणनीतिक ऊर्जा पूर्वाधारमाथि आक्रमण भएमा कडा प्रत्याक्रमण गर्ने चेतावनी दिएको छ । शनिबार वक्तव्य जारी गर्दै इरानको युद्धकालीन सैन्य कमान्डका प्रमुख मेजर जनरल अली अब्दुल्लाहले अमेरिकाले पश्चिम एसिया क्षेत्रमा पूर्णस्तरको युद्ध निम्त्याउने गरी आक्रामक कदम चालिरहेको आरोप लगाएका छन् ।

'अमेरिकाले पूर्ण रूपमा क्षेत्रीय युद्धको आगोलाई तीव्र गतिमा बढावा दिइरहेको छ,' अब्दुल्लाहले भने । अमेरिकाले पश्चिम एसियाका क्षेत्रका देशहरूको पुँजी, स्रोत र पूर्वाधारलाई आफ्नो स्वार्थपूर्तिका लागि प्रयोग गरिरहेको उनको आरोप छ । उनले अमेरिकाको स्वार्थपूर्तिका लागि काम गर्ने पश्चिम एसियाका सबै देशमाथि इरानले आक्रमण गर्ने चेतावनी दिए ।

यसअघि इरानका विद्युत् गृह र पेट्रोकेमिकल उत्पादकहरूमाथि अमेरिका र इजरायलले आक्रमणको तयारी गरिरहेको रिपोर्ट अमेरिकी सञ्चारमाध्यमहरू एक्सियोस, सीएनएन, सीबीएस न्युजलगायतले जनाएका थिए । अमेरिकी सुरक्षा स्रोतको हवाला दिँदै सञ्चारमाध्यमहरूले अमेरिकाले इरानको राजधानी तेहरानसहितका प्रमुख सहरलाई दुईदेखि चार सातासम्म अन्धकारमा धकेल्ने गरी विद्युत् पूर्वाधारमा आक्रमण गर्न लागेको बताएका थिए । यस विषयमा सबै तयारी भइसकेको र अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले अन्तिम आदेश दिनमात्रै बाँकी रहेको एक अमेरिकी अधिकारीले सीएनएनसँग बताएका छन् । यसअघि गत शुक्रबार ट्रम्पले इरानमाथि कडा प्रहार गरिने बताएका थिए ।

गत मंगलबार इजरायलका रक्षामन्त्री इजरायल काट्जले इरानका ऊर्जा पूर्वाधारमा आक्रमण गर्ने योजनामा इजरायल रहेको बताएका थिए । 'अहिले अमेरिकाले यसलाई स्वीकृत गरिसकेको छैन । किनकि, इरानले छिमेकी देशहरूमा आक्रमण गर्न सक्ने र यसले विश्वव्यापी तेल संकट निम्त्याउन सक्ने चिन्ता अमेरिकालाई छ,' च्यानल १४ ले प्रसारण गरेको सुरक्षा सम्मेलनमा उनले भनेका थिए, 'इरानलाई ४० वर्ष पछाडि धकेल्न इजरायल तयार छ ।'

इरानको अर्ध सरकारी सञ्चारमाध्यम तास्निम न्युजले सरकारी स्रोतलाई उद्धृत गर्दै अमेरिकाको सम्भावित आक्रमणलाई प्रतिरोध गर्न इरान तयार रहेको जनाएको थियो । २८ फेब्रुअरीमा युद्ध सुरु भएयता इजरायल र अमेरिकाले इरानको शीर्ष नेतृत्व, त्यहाँका सैन्य अखडा र सार्वजनिक पूर्वाधारहरूलाई निसाना बनाइरहेका छन् । यी पूर्वाधारहरूको निर्माण गर्न वर्षौं लाग्न सक्छ । इरानले पनि इजरायल, यूएई, कुवेत, बहराइन, जोर्डन, साउदी, कतारलगायत देशका पूर्वाधारमा आक्रमण गरिरहेको छ ।

पछिल्लो पटक शनिबार इरानले कुवेतमाथि ड्रोन आक्रमण गरेको छ । कुवेतको विदेश मन्त्रालयले यस आक्रमणको निन्दा गर्दै आफ्ना स्रोत र हित रक्षाका लागि सुरक्षाका सबै उपाय अवलम्बन गरिने जनाएको छ । कुवेती सेनाले इरानबाट आएका ड्रोनहरूलाई रोकेर निस्तेज गरेको पनि विदेश मन्त्रालयले जनाएको छ । उक्त घटनामा बुबियान टापुस्थित पूर्वाधारहरू क्षतिग्रस्त भए पनि मानवीय क्षति नभएको त्यहाँको सरकारले जनाएको छ ।

यसअघि बिहीबार रातिदेखि शुक्रबार बिहानसम्म अमेरिकी सेनाले इरानका कम्तीमा पाँच वटा प्रान्तहरूमा भीषण हवाई आक्रमण गरेको थियो । इस्लामिक रिभोलुनेरी गार्ड कोर्प्स (आईआरजीसी) को कमान्ड सेन्टर, क्षेप्यास्त्र तथा ड्रोन सुविधा केन्द्रहरू, तटीय निगरानी प्रणाली, वायु सुरक्षा प्रणाली र सामुद्रिक क्षमतालाई लक्षित गरी यो आक्रमण गरिएको अमेरिकी सेनाले जनाएको छ । आक्रमणका क्रममा धेरै सैनिक र नागरिकहरूको ज्यान गएको छ । केसम टापुमा घरमाथि बम खस्दा दुई वर्षीय बालकको समेत मृत्यु भएको छ ।

यसैबीच, शनिबार ओमानको तटनजिकै कम्तीमा दुई वटा पानीजहाजमाथि इरानले आक्रमण गरेको छ । जसमध्ये एउटा जहाजको इन्जिन कोठामा गम्भीर क्षति पुगेको छ । 'यो अमेरिकी आश्वासनमा विश्वास गरेर सुरक्षित मार्ग खोज्नुको परिणाम हो,' इरानले भनेको छ । हर्मुज जलमार्गको दक्षिणी करिडोर हुँदै सुरक्षित रूपमा जहाज पार गराउने अमेरिकी वाचामाथि विश्वास नगर्न इरानले अन्य जहाजलाई समेत सचेत गराएको छ । साथै, आईआरजीसीको अनुमतिबिना उक्त जलमार्गमा आवागमनमा रोक लगाइएको र अन्य चार वटा जहाजलाई फिर्ता पठाइएको जनाएको छ ।

इराकमा बसेर इरानको सत्ताविरुद्ध लडिरहेका सशस्त्र कुर्दिश विपक्षी समूहहरूमाथि पनि ड्रोन प्रहार भएको छ । यसअघि अमेरिकाले यस समुदायलाई इरानको सत्ताविरोधी आन्दोलनमा प्रयोग गर्न सकिने बताएको थियो । दुई वटा कुर्दिश सशस्त्र समूहले बेग्लाबेग्लै विज्ञप्ति जारी गर्दै शुक्रबार आफूमाथि आक्रमण भएको जनाएका हुन् ।

केही दिनअघि अमेरिका र साउदी अरेबियाले इरानको सत्ताले समर्थन गरेका इराकी सशस्त्र समूहमाथि आक्रमण गरेका थिए । उक्त घटनामा २० लडाकुको मृत्यु भएको थियो । लाल सागर र बाब अल मान्देव जलमार्गमा इरान समर्थित हुथी विद्रोहीले गरेको अवरोधपछि यो आक्रमण भएको थियो । हुथीले साउदीका ऊर्जा पूर्वाधारमा पनि आक्रमण गरेको थियो ।

यसैबीच इरानको संसद्का सभामुख मोहम्मद बगेर गालिबाफले अमेरिका-इजरायलसँगको युद्धमा इरान विजयी भएको दाबी गरेका छन् । उनले सम्झौतामार्फत यस विजयलाई संस्थागत गर्नुपर्ने बताएका छन् । इरानले अमेरिकालाई वार्ताका लागि कुनै अनुरोध नपठाएको दाबी उनले गरेका छन् । तर मध्यस्थकर्ताहरूमार्फत वार्ता चलिरहेकाले कूटनीतिको ढोका बन्द भइनसकेको उनले बताए । उनी इरानका तर्फबाट अमेरिकासँगको वार्तामा मुख्य वार्ताकार हुन् ।

# स्पेनसँग एक महिनाका लागि सेन्जेन सम्झौता निलम्बन गर्ने इटालीको घोषणा

### कागजपत्रविहीन आप्रवासीहरूलाई रोक्नका लागि चालिएको यस कदमले वैध स्पेनिस नागरिक वा पर्यटकहरूलाई समस्या नगर्ने इटालीले जनाएको छ

एजेन्सी (काठमाडौं)- इटालीले शुक्रबारदेखि एक महिनाका लागि स्पेनसँगको सेन्जेन सम्झौता अस्थायी रूपमा निलम्बन गरिएको जनाएको छ । स्पेनसँगका हवाई र समुद्री सीमा बन्द गरिएको इटालीले जनाएको छ । अफ्रिका महादेशसँग सीमा जोडिएको स्पेनको स्वायत्त क्षेत्र सिउटामा ठूलो संख्यामा आप्रवासीहरू छिरेपछि इटालीले यस्तो निर्णय लिएको हो । स्पेन छिर्नेक्रममा कम्तीमा ६७ जनाले ज्यान गुमाएका छन् ।

कागजपत्रविहीन आप्रवासीहरूलाई रोक्नका लागि लिइएको यस निर्णयले स्पेनसहित युरोपेली संघ (ईयू) का सदस्य राष्ट्रका नागरिक तथा पर्यटकलाई समस्या नगर्ने इटालीले जनाएको छ । सिमानारहित सेन्जेन सम्झौताले युरोपका २९ वटा देशहरूबीच एक ठाउँबाट अर्को ठाउँमा स्वतन्त्र रूपमा आवतजावत गर्न अनुमति दिन्छ । स्पेन र इटालीबीच स्थलसीमा जोडिँदैन । तर, इटालीमा अगस्ट महिनाभर हवाई र समुद्री सीमामा चेकजाँच कडा गरिने गृहमन्त्री म्याटिओले बताए । अवैध आप्रवासनलाई घटाउने वाचा गरेकी इटालीका प्रधानमन्त्री जर्जिया मेलोनीले यो निर्णयलाई देशको राष्ट्रिय सुरक्षाको रक्षा गर्न चालिएको असाधारण कदमका रूपमा व्याख्या गरेकी छन् ।

युरोपेली संघको बाह्य सीमाहरूमा पूर्ण नियन्त्रण पुनःस्थापित गर्न र जारी परिस्थितिको दृढतापूर्वक सामना गर्न स्पेनिस संस्थाहरूलाई सहयोग गर्न इटाली तयार छ । सीमाहरूको रक्षा गर्नु भनेको नागरिकहरूको सुरक्षाको रक्षा गर्नु, अनियमित आप्रवासनसँग लड्नु र मानव तस्करी गर्ने आपराधिक सञ्जालहरूमाथि प्रहार गर्नु हो,' उनले भनिन् । बिहीबार र शुक्रबार मोरक्कोसँग जोडिएको स्पेनको सिउटा क्षेत्रमा २४ घण्टाको अवधिमा ६० हजारभन्दा धेरै आप्रवासी ओइरिएका थिए । उनीहरू मोरक्कोबाट समुद्रमा पौडी खेल्दै स्पेनिस भूभागमा छिरेका थिए ।

स्थल सीमामा ठूलो पर्खाल र सुरक्षा संयन्त्र बलियो बनाइएको भए पनि समुद्र हुँदै आप्रवासीहरू हरेक दिन मोरक्कोबाट स्पेन छिर्ने गरेका छन् । तर, बुधबार र शुक्रबार यो संख्या निकै ठूलो थियो । जसकारण सिउटाको जनजीवन अस्तव्यस्त भएको छ । स्पेनिस अधिकारीहरूले शुक्रबार साँझसम्म ४८ हजार मानिसहरू स्वेच्छाले मोरक्को फर्किएको बताएका छन् ।

यसअघि स्पेनको सर्वोच्च अदालतले समुद्रबाट स्पेनिस भूभागमा आउने आप्रवासीहरूलाई देशनिकाला गर्न नपाइने आदेश जारी गरेको थियो । त्यसपछि मानव तस्करहरूले आप्रवासीहरूलाई विभिन्न प्रलोभन देखाएर सिउटामा छिराएको स्पेनिस अधिकारीहरूको दाबी छ ।

सिउटा छिरेका मानिसहरूलाई युरोपको मूल भूमि छिर्न नदिइने प्रतिबद्धता स्पेनिस अधिकारीहरूले गरेका छन् । यस भूभागलाई स्पेन र युरोपको मूल भूमिसँग जिब्राल्टरको जलमार्गले छुट्याउँछ । स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले अस्थायी रूपमा आफ्नो देशको सेन्जेन अधिकार खोस्ने इटालीको निर्णयको निन्दा गरेका छन् ।

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** — समयानुसार सबै कुरा मिल्दै जानेछन् । अनपेक्षित रूपमा कतैबाट कुनै नयाँ काम आइलाग्न सक्छ । बेलैमा काम सकी उम्किने प्रयास हुनेछ ।

**वृष** — समयलाई आफू अनुकूल तह लगाइनेछ । व्यक्तिगत खुसीका लागि केही खर्च हुन सक्छ । प्रायः सबै काम तपाईंकै दिशानिर्देशनमा सम्पन्न हुनेछन् ।

**मिथुन** — कुनै कुराले नजानिँदो गरी टाउको दुखाउन सक्छ । झिनामसिना कुरालाई बेवास्ता गर्नुपर्ला । आफू सम्बन्धित कुरामा मात्र जोड दिन सके मन खुसी रहला ।

**कर्कट** — राम्रै सोचले भने गरेको कुरा पनि नराम्रो सुनिइन सक्छ । हरेक कुरामा सतर्क रहनुपर्ने अवस्था छ । बोली र व्यावहारिक काम गर्दा निकै सजग रहनुपर्ला ।

**सिंह** — भावी कामका लागि कुनै योजना बन्न सक्छ । कुनै कामविशेषले केही खर्च हुन सक्छ । व्यक्तिगत कामका लागि पनि समय दिन पाइनेछ ।

**कन्या** — आत्मीयजनसितको भेटले मन खुसी हुनेछ । व्यक्तिगत कामकुरामा समय दिन पाइनेछ । सोचेअनुसारका काममा समय बिताउन पाउदा मन दंग पर्नेछ ।

**तुला** — कतै जाने प्रबन्ध मिल्न सक्छ । कतै कुनै कुरालाई लिएर छलफल हुन सक्छ । बेलामैका विचारेर आफ्नो विचार प्रस्तुत गर्न खोजिनेछ ।

**वृश्चिक** — सकेसम्म समयानुकूल रहन खोजिनेछ । आफूलाई हरेक कुरामा अद्यावधिक राख्न खोजिनेछ । जुनै काम गर्दा पनि नहतारिनु नै राम्रो हुनेछ ।

**धनु** — सोचे अनुसार समयलाई तह लगाइनेछ । सबैले तपाईंको कुरा बुझेर काम गर्ने प्रयत्न गर्नेछन् । कुनै कुराको आकस्मिक लाभ हुन सक्छ ।

**मकर** — समयलाई आफ्नै तालमा नचाउन खोजिनेछ । जसरी पनि आफू खुसी हुन खोजिनेछ । कुनै कामका लागि केही खर्च गर्नुपर्नेछ ।

**कुम्भ** — व्यक्तिगत काममा समय दिन पाउँदा मन खुसी हुनेछ । गरेको काममा अपेक्षित सफलता मिल्नेछ । कुनै कुराको आकस्मिक लाभ हुनेछ ।

**मीन** — बिहानको समय केही भ्याइनभ्याइ हुन सक्छ । दिउँसोदेखि समय आफू अनुकूल रहला । कुनै कुराले गर्दा मनमा पुनर्ताजगी छाउनेछ ।


## वर्गीकृत विज्ञापन

**घर जग्गा**

धुम्बाराही एरियामा ०-७-१-१ जग्गा घरसहित बिक्रीमा ९८५१०४५८४१

झम्सीखेल सानेपाको घरजग्गा बिक्रिमा, 9851071590 ,9869363404

१०करोड कर्जाचाहियो काठमाडौंको जग्गाधितोदिने सम्पर्क ९८०२३१५१०६

**सम्पर्क**

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८०१०४५२१८

बैंकिङ्ग गर्नकोलागि धितो चाहियो ९८२००३१८२८

१-२ करोड सहकारी लोन तिर्ननसकेकोले ९७१४०९००१४

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851253840

सस्तोमा ढलट्वाइलेट मंगाल जामखोल्ने 9841663344

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८१०१२७२५१

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८५१२७३१७६

ढलटवाइलेट मंगल जामखोल्ने 500/- 9841176292

**भाडामा**

सातदोबाटो नजिक सुविधा सम्पन्न फ्ल्याट, २०,०००/- सानो परिवारलाई ग्राहयता 9716774564

**चाहियो**

कुक, हेल्पर, वेटर ९८४९५९३६०२, ९८४११९४०८२

सुरक्षागार्ड २० तलब २५०००/- बानेश्वर ०१-५२१८५४९, ९८४१४०१८८६

**कुक, वेटर, हेल्पर आवश्यकता** ९८५१२०९६९५

रिसोर्टकोलागि अलराउण्डर सेफ, कुक, वेटर ९८६२२६२६५७

लगनखेल म:म: सेन्टरमा कामदारको आवश्यकता तलब १८,०००/- खानेबस्ने ९८०१८४१९२७, ९८०३३२०७५५

एकजना कुक सेफको आवश्यकता ९७४१६९५३८४

कृषिफर्ममा कामगर्ने महिलापुरुष खानबस्ने व्यवस्था छ च्याउफर्म पनिछ भक्तपुर 9851039847, 9818204669

तन्दुरीकुक तलब- २५,००० खानबस्न ९८४९४३८७३९

फाष्टफुड कुक तलब-३६,०००।-, म:म: मिस्त्री तलब-१७,०००।- ९८५१०४१५७२

**बिहावारी**

श्रेष्ठ, शाक्य महर्जनमा २१ वर्षदेखी ३५ वर्ष स्वदेश विदेश वरबधुमा सम्पर्क: ९८०८४७५७१४

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४५५३५३१, ९८५११७८८३० | पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ | क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ | मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ | गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ | निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ | आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९५०२ | सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ | अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ | नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ | माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ | सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ | लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ | डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ | सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ | स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ | सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ | प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ | मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ | किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ | सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांबसपार्क | ९८५१०२४३९८, ४३६४७५१ | कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० | गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ | मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ | मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० | न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ | श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| | | | दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० | के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| | | | | | | चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

वर्गीकृत विज्ञापन साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- वर्गीकृत डिस्प्ले श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

म.उ.क. बाह्रे

**विदेशी मुद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १५२.९२ |
| युरो | १७५.९५ |
| पाउन्ड स्टर्लिङ | २०५.६९ |
| अस्ट्रेलियन डलर | १०७.५८ |
| कतारी रियाल | ४१.९६ |

राष्ट्र बैंकको आधारमा

**सुन** रू. २,८४,०००

**चाँदी** रू. ४,३१०

# सफ्टवेयर कम्पनीका लागि टाउको दुखाइ बन्दै 'सोर्स कोड' चोरी

## साइबर ब्युरोमा पुगेका प्रायः उजुरीले देखाउँछन् सोर्स कोड चोरी गर्नेहरू प्रायः कम्पनीकै भित्रिया वा पूर्वकर्मचारी

**सजना बराल** (काठमाडौं)

तपाईं-हामीले चलाउने कुनै पनि सफ्टवेयर डेभलपरको मिहिनेत र कम्पनीको लगानीले तयार भएको हुन्छ । सफ्टवेयरको 'मेरुदण्ड' मानिने 'सोर्स कोड' चोरी भएर अर्कै नाममा बजारमा पुग्दा सफ्टवेयर कम्पनी व्यावसायिक जोखिममा पर्न थालेका छन् ।

गत आर्थिक वर्ष २०८२/८३ मा नेपाल प्रहरीको साइबर ब्युरोमा सोर्स कोड वा कम्प्युटर स्रोत संकेत चोरी भएका १० वटा निवेदन परेका थिए । नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयमा पनि उजुरी पर्ने गरेका छन् । तीमध्ये केही न्यायिक प्रक्रियामा गएका छन् । सूचना प्रविधि प्रणालीको आवश्यकता बढेसँगै यस्ता घटना व्यावसायिक 'टाउको दुखाइ' को विषय बन्न थालेका छन् ।



तस्बिर : सटरस्टक

हाले मात्र काठमाडौं जिल्ला अदालतमा दायर भएको मुद्दाले यसको गहिराइ देखाउँछ । नयाँ बानेश्वरस्थित दियालो टेक्नोलोजिजले खानेपानी वितरण र ग्राहक व्यवस्थापनका लागि 'वाटरमार्क' नामक ईआरपी सफ्टवेयर सञ्चालन गर्दै आएको थियो । सोही कम्पनीमा काम गरेर बाहिरिएका केही कर्मचारीले 'वास टेक नेपाल प्रालि' नामक नयाँ संस्था खोलेर 'वास बिलिङ' नामक दियालोकै जस्तो सफ्टवेयर बजारमा ल्याए ।

वाटरमार्ककै हुबहु नक्कल गरिएको सफ्टवेयर बिक्री भइरहेको थाहा पाएपछि थप खोजीनिति गरिएको दियालोका प्रमुख कार्यकारी अधिकृत पीआर खनालले जनाए । 'सफ्टवेयरको लुक्स र फिचर हुबहु मिलेपछि प्राविधिक विज्ञले फन्ट र कोडको संरचना जाँच्दा चोरी भएको देखियो,' खनालले भने, 'उनीहरूको सफ्टवेयरको लजिक स्ट्रक्चर, डेटाबेस र कोडको बनावट मात्रै होइन, हाम्रो सफ्टवेयरको सोर्स कोडमा भएका स्पेलिङ मिस्टेकसमेत पूर्णरूपमा मिलेको थियो । त्यसपछि हामीले साइबर ब्युरोमा उजुरी दियौं । त्रुटिहरू हुबहु मिल्ने सम्भावना शून्य हुने भएकाले यसलाई बलियो प्रमाणका रूपमा प्रहरीले अदालतमा मुद्दा लगेको छ ।'

साइबर ब्युरोको अनुसन्धानपछि जिल्ला सरकारी वकिलको कार्यालयले यस प्रकरणमा ५ जनालाई अभियुक्त बनाएर मुद्दा दायर गरेको छ । अभियुक्तहरूले सोर्स कोड नक्कल गरेर बनाएको नयाँ सफ्टवेयर कास्कीका विभिन्न सामुदायिक खानेपानी समितिहरूलाई बिक्री गरेका थिए ।

यो एउटा कम्पनीको मात्रै समस्या होइन, केही वर्षयता अन्य केही कम्पनीका सफ्टवेयरको पनि सोर्स कोड चोरी भएको दियालो टेक्नोलोजिजका प्रमुख खनालको भनाइ छ ।

पछिल्लो समय एकाउन्टिङ सफ्टवेयर वा वित्तीय-प्रविधिलगायत क्षेत्रमा यस्ता समस्या बढी आउने गरेको कम्प्युटर एसोसिएसन नेपाल (क्यान) महासंघका महासचिव चन्द्रविलास भुर्तेलले बताए । 'धेरैजसो अवस्थामा संस्थासँग असन्तुष्ट रहेका वा बारम्बार जागिर फेरिरहने कर्मचारीहरूले आफूले पहिले काम गरेको कम्पनीको प्रोडक्ट अर्कै ठाउँमा गएर नक्कल गर्ने गरेको देखिएको छ,' उनले भने, 'सोर्स कोड चोरी भएको प्रमाणित गर्न प्राविधिक रूपमा जटिल हुन्छ । यसका लागि डेटाबेस आर्किटेक्चर र इन्टर्नल डेटा स्ट्रक्चर म्याच गर्छ कि गर्दैन भनेर सूक्ष्म रूपमा हेर्नुपर्ने हुन्छ । ओपेन सोर्समै धेरै कुरा उपलब्ध हुने भएकाले कुन कुरा प्रोप्राइटरी हो र कुन होइन भनेर छुट्याउन कानुनी र प्राविधिक कठिनाइ हुन्छ ।'

साइबर ब्युरोमा पुगेका प्रायः उजुरीहरूमा सोर्स कोड चोरी गर्नेहरू प्रायः कम्पनीकै भित्रिया वा पूर्वकर्मचारी हुने गरेको देखिन्छ । साइबर विज्ञ पनि नेपालमा 'साइबर अट्याक' नभई 'साइबर फ्रड'का घटना बढी हुने गरेको बताउँछन् । प्रणालीमा पहुँच भएका संस्थाका कर्मचारीको बदनियतका कारण 'साइबर फ्रड' वा 'इन्टर्नल थ्रेट' हुने गर्छ ।

अनलाइन कक्षा सञ्चालन गर्ने सफटवेयर चोरी भएको घटनामा 'कम्पनी ए' का पूर्वकर्मचारीले सोर्स कोड चोरी गरेर प्रतिद्वन्द्वी 'कम्पनी बी' लाई बेचेको आरोप थियो । साइबर ब्युरोले अनुसन्धान थाल्दै गर्दा निवेदक कम्पनी र आरोपित पक्षबीच आपसी समझदारी भएपछि उजुरी फिर्ता लिइयो । आरोपित व्यक्तिले आफ्नो करिअर बिग्रने डरले र कम्पनीले आफ्नो व्यावसायिक साख जोगाउन अदालतबाहिरै सहमति गरेका थिए ।

बाहिरी मान्छेले सजिलै सोर्स कोड चोर्न नसक्ने ब्युरोका प्रवक्ता प्रहरी उपरीक्षक दिलीपकुमार गिरी बताउँछन् । कम्पनीभित्रै काम गरिरहेका व्यक्तिले व्यावसायिक 'स्कोप' देखेपछि अर्कै कम्पनी खोल्ने वा प्रतिद्वन्द्वीलाई कोड बेच्ने गरेको पाइएको छ । उनका अनुसार कतिपयले सरकारी वेबसाइटहरूकै हुबहु पोर्टल बनाएर संवेदनशील विवरण संकलन गर्न खोजेका घटना पनि अनुसन्धानको दायरामा छन् ।

हालै 'नागरिक एप' को नक्कली पोर्टल बनाएर व्यक्तिगत डोमेनमा होस्ट गरिएको घटना बाहिरिएको थियो । आफूलाई डेभलपर बताउने निर्देश सुवेदीले नागरिक एपको पुरानो इन्टरफेस प्रयोग गरी हुबहु देखिने वेबसाइट बनाएको विषयमा टेकपानाले समाचार प्रकाशन गरेको थियो । यस्ता 'क्लोन' वेबसाइटले सर्वसाधारणको डेटा चोरी गर्ने जोखिम निम्त्याएको उजार भएपछि सुवेदीले हाल नागरिक एपको इन्टरफेस र डिजाइन गराएर छुट्टै लगइन पेज राखेका छन् ।

सोर्स कोड चोरीका मुद्दा अदालती प्रक्रियामा जाँदा कानुनी र प्राविधिक अड्चन आइपर्ने गरेका छन् । यस्ता मुद्दा हेरेका अधिवक्ता अतीत रिजालको अनुभवमा नेपालको न्यायपालिका र अनुसन्धान गर्ने निकायमा अझै पनि सोर्स कोडको महत्त्व र गाम्भीर्यबारे आवश्यक विशेषज्ञता अभाव छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४४ ले सोर्स कोड चोरीलाई कसुर मानेको भए पनि सजायको व्यवस्था फितलो रहेको रिजालको भनाइ छ ।

> सफ्टवेयरको 'मेरुदण्ड' मानिने 'सोर्स कोड' चोरी भएर अर्कै नाममा बजारमा पुग्दा व्यावसायिक जोखिममा सफ्टवेयर कम्पनी
>
> साइबर ब्युरोको अनुसन्धानपछि जिल्ला सरकारी वकिलको कार्यालयले 'सोर्स कोड' चोरी प्रकरणमा ५ जनालाई अभियुक्त बनाएर दायर गऱ्यो मुद्दा

'तीन वर्षसम्मको कैद वा दुई लाख जरिवाना हुने यो मुद्दामा प्रतिवादी सजिलै धरौटीमा छुट्छन् । बाहिर निस्केर पुनः त्यही चोरीको कोड प्रयोग गर्न सक्छन्,' उनले भने, 'उनीहरूले जति नाफा कमाउनु छ, कमाइहाल्छन् । अन्तिममा उनीहरूलाई खासै असर पर्दैन । यो कानुनले गर्दा अपराधीहरूलाई यस्तो चोरी गर्न निरुत्साहित गर्ने अवस्था छैन ।'

कतिपय सन्दर्भमा सफ्टवेयर चोरीलाई चाउचाउ व्यापारजस्तै सामान्य ठान्ने प्रवृत्तिले गर्दा पनि पीडित कम्पनीले न्याय पाउन कठिन भएको अधिवक्ता सुनाउँछन् । सोर्स कोड चोरीको एउटा मुद्दाको बहसका क्रममा एक न्यायाधीशले सरकारी वकिललाई प्रश्न गरेका थिए, 'मैले चाउचाउ बेचिरहेको छु भने यो संसारमा अरू कसैले पनि मेरोजस्तो चाउचाउ बेच्न नपाउने हो र ?'

ती वकिलले यसलाई एउटा अनुपयुक्त र हास्यास्पद उदाहरणका रूपमा लिएका छन् । सफ्टवेयरको सोर्स कोड चोरीको विषय चाउचाउ बेच्ने जस्तो व्यापारिक प्रतिस्पर्धासँग तुलना गर्न नमिल्ने उनले औंल्याए । 'नेपालको कानुनी क्षेत्र र न्यायपालिकाहरूमा सफ्टवेयरसँग सम्बन्धित अपराधबारे साक्षरताको ठूलो कमी छ,' उनले भने । **बाँकी पृष्ठ ८**

# भारत निर्यात हुने आयोजनाको अनुमति सकिएको १ महिना बित्दा पनि भएन नवीकरण



माथिल्लो चमेलिया जलविद्युत् आयोजनाको बाँधस्थल । फाइल तस्बिर : कान्तिपुर

**सीमा तामाङ** (काठमाडौं)

भारतमा निर्यात हुने माथिल्लो चमेलिया जलविद्युत् आयोजनाको अनुमति सकिएको एक महिना बित्दा पनि नवीकरण हुन सकेको छैन । आयोजनाबाट उत्पादित ३८.८० मेगावाट बिजुली भारतीय बजारमा निर्यात गर्न स्वीकृति थियो । तर आयोजनाको स्वीकृति गत ३१ जुनमै सकिए पनि अहिलेसम्म नवीकरण हुन सकेको छैन । सेती नदीको २४.२५ र माथिल्लो तादी खोलाको १०.७० मेगावाट बिजुली निर्यात अनुमति गत शुक्रबार सकिएको छ ।

भारतमा बिजुली निर्यात वा आयात गर्न भारतको केन्द्रीय विद्युत् प्राधिकरण (सीईए) ले दिने आवश्यक स्वीकृति नै 'डिजिक्नेटेड अथोरिटी-डीए' हो । उक्त स्वीकृति प्राप्त वा नवीकरण भएपछि मात्र नेपालले बिजुली निर्यात गर्न पाउँछ ।

तीन वटै आयोजनाको स्वीकृतिका लागि पठाइए पनि आइनसकेको प्राधिकरणका निमित्त कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले बताए । 'हामीले समय सकिनुअगावै तीन वटै आयोजनाको अप्रुभलका लागि पठाइसकेका छौं,' उनले भने, 'स्वीकृतिको प्रक्रियामै छ । अहिलेसम्म आइसकेको छैन । कहिले ढिला कहिले छिटो आउँछ ।'

नेपालले वर्षायाममा आन्तरिक खपतपछि बाँकी हुने बिजुली भारत र बंगलादेशमा निर्यात गर्दै आएको छ । हिउँदयाममा भने आन्तरिक माग धान्न भारतबाटै बिजुली आयात गर्नुपर्ने बाध्यता नै छ । भारतमा बिजुली निर्यातका लागि स्वीकृति पाइसकेका आयोजनाको हरेक वर्ष नवीकरण गर्नुपर्छ भने आयात गर्नसमेत भारतले समय बढाउनुपर्छ ।

> माथिल्लो चमेलिया जलविद्युत् आयोजनाबाट उत्पादित ३८.८० मेगावाट बिजुली भारतीय बजारमा निर्यात गर्न स्वीकृति थियो, तर आयोजनाको स्वीकृति गत ३१ जुनमै सकिइसक्दा पनि नवीकरणमा छैन चासो

बिजुली किन्न र बेच्न भारतकै नीतिमा निर्भर रहनुपर्नेछ । अहिलेसम्म वर्षायाममा बिजुली निर्यात गर्न ३७ आयोजनाले अनुमति पाइसकेको छ । यसमध्ये दुई आयोजनाको बिजुली बंगलादेशमा समेत निर्यात हुँदै आएको छ । स्वीकृति अनुमति पाएको हरेक वर्ष नवीकरण गर्नुपर्ने बाध्यता छ ।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स) को डेअहेड मार्केट (डीएम) तथा रियल टाइम मार्केट (आरटीएम) मा प्रतिस्पर्धी दरमा र द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौताबमोजिम हरियाणा र बिहार राज्यमा बिक्री गरिरहेको छ ।

प्राधिकरणले भोलिका लागि एक दिनअघि नै भारतको आईएक्समार्फत विद्युत् किन्ने वा बेच्ने व्यवस्था हो । वर्षायाममा बढी भएको विद्युत् बेच्न र हिउँदयाममा अपुग हुने विद्युत् किन्न यो प्रणाली प्रयोग गरिन्छ । रियल टाइम मार्केटमा नेपालले करिब एक घण्टाअघि सूचना दिएर भारतको विद्युत् बजारमा तत्काल विद्युत् किनबेच गर्न सक्ने व्यवस्था हो ।

अचानक बढी विद्युत् उत्पादन भए बेच्न र विद्युत् अभाव भए तुरुन्तै किन्न यो प्रणाली उपयोगी हुन्छ । भारतको प्रसारणलाईन को प्रयोग गरी बंगलादेशमा पनि विद्युत् निर्यात भइरहेको छ ।

नेपालले अहिले भारत र बंगलादेशमा १२ सय मेगावाट बिजुली बिक्री गर्न स्वीकृति पाए पनि औसत एक हजार मेगावाट मात्र बिक्री गरिरहेको छ । ४०० केभीको ढल्केबर-मुजफ्फरपुर, १३२ केभीको टनकपुर महेन्द्रनगर, कटैया-कुशवाह, रक्सौल परवानीपुर, गण्डक-रामनगर, मनैहिया-सम्पतिया प्रसारणलाइनबाट भारतसँग बिजुली खरिदबिक्री गर्दै आएको छ ।

भारतको सीईएबाट डीए अप्रुभल नपाउँदा बंगलादेशमा समेत थप २० मेगावाट बिजुली निर्यात हुन नसकेको हो । **बाँकी पृष्ठ ८**

## युवा उद्यमी

# समस्यामा अवसर देख्ने आँखा

> औषधि उत्पादनबारे आशिषको दृष्टिकोण स्पष्ट छ, औषधि व्यवसायमा जमिरहेका उनी भन्छन्, 'हामीले त्यस्तो औषधि उत्पादन गर्नुपर्छ, जुन आमा, हजुरआमादेखि छोराछोरीसम्म सबैले निर्धक्क प्रयोग गर्न सकून्'

**आशिष अग्रवाल**
पूर्वअध्यक्ष युवा उद्यमी मञ्च, नेपाल उद्योग परिसंघ



तस्बिर : दीपक केसी/कान्तिपुर

**यज्ञ बञ्जाडे** र **भूमीश्वर पौडेल** (काठमाडौं)

कतिपय मानिस कठिनाइसँग जुध्न योजना खोज्छन्, कतिपय शक्ति । नेपाल उद्योग परिसंघअन्तर्गत युवा उद्यमी मञ्चका पूर्वअध्यक्ष आशिष अग्रवाल भने समस्या आइपर्दा सम्झनाको एउटा उज्यालो कुनातिर फर्किन्छन् । त्यो कुनामा हुन्छिन्, उनकी दिवंगत आमा ।

व्यवसायमा कहिलेकाहीं आँधी आउँछ । बजार बदलिन्छ, योजना असफल हुन्छन्, निर्णय अन्योलमा पर्छन् । त्यस्ता क्षणमा उनी आफूलाई एकछिन रोक्छन् । दुःख पर्दा आमाले दिएका हौसला, विश्वास र धैर्यका शब्द मनभित्र फेरि जीवित हुन्छन् । समयले आमालाई उनीबाट टाढा लगिसकेको छ । तर आमाका ती शब्द आज पनि उनको यात्राका सबैभन्दा भरपर्दा सहयात्री बनेका छन् । आशिष भन्छन्, 'समस्या आउँदा मेरा लागि आमा सम्झिनु भावुकता मात्र होइन, फेरि उठ्ने साहस बटुल्ने प्रक्रिया पनि हो ।'

दुःख परेका बेला धार्मिक आस्थाले पनि आशिषलाई उत्तिकै सम्हाल्छ । हतारमा निर्णय गर्नुभन्दा मनलाई शान्त राख्न, परिस्थितिलाई धैर्यपूर्वक नियाल्न र समाधानतर्फ पाइला चाल्न उनी विश्वास गर्छन् ।

सायद यही कारण हो, उनी व्यवसायलाई नाफा-नोक्सानका हिसाबले मात्र हेर्दैनन् । उनी त्यसलाई जीवनकै एउटा यात्राका रूपमा बुझ्छन्, जहाँ सफलताभन्दा महत्त्वपूर्ण हुन्छ, कठिन मोडमा पनि आफूमाथिको विश्वास जोगाइराख्ने सामर्थ्य । र, त्यो सामर्थ्यको पहिलो बीउ उनले आफ्नै आमाबाट पाएका थिए ।

आशिषका लागि व्यवसाय कुनै रोजाइ थिएन, जीवनको स्वाभाविक मार्ग थियो । व्यापारी परिवारमा जन्मिएका उनी सानैदेखि उद्योग, लगानी र उद्यमका कथा सुन्दै हुर्किए । तर आफ्ना बाबुको विरासत सम्हाल्नु र त्यसलाई नयाँ उचाइमा पुऱ्याउनु एउटै कुरा होइन भन्ने उनी राम्रोसँग बुझ्छन् । त्यसैले आशिष आफूलाई पारिवारिक व्यवसायको उत्तराधिकारीभन्दा पनि नयाँ पुस्ताको सोच बोकेको उद्यमीका रूपमा स्थापित गर्न चाहन्छन् ।

काठमाडौंमा जन्मिएका आशिषले प्रारम्भिक शिक्षा एलिट्सको एडमा लिए । चार कक्षासम्म नेपालमा अध्ययन गरेपछि उनी भारत गए । मसुरीको सेन्ट जर्जस स्कुलबाट अध्ययन अघि बढाएका उनले पुणेबाट बीबीए गरे । सन् २०१३ मा एसआईबीएमबाट मार्केटिङ विषयमा एमबीए पनि गरे ।

व्यवसायीका लागि सञ्जाल (नेटवर्क) अपरिहार्य हुने विश्वासका कारण आशिषले नेपाल फर्किएपछि एसीई इन्टरनेसनल बिजनेस स्कुलबाट अर्को एमबीए पनि गरे । उनी भारतमै अध्ययनमै रहेका बेला परिवारमा अर्को औषधि उद्योग स्थापना गर्ने तयारी भइरहेको थियो ।

सन् २०१० मा आशिषका बुबा तथा पूर्वसांसद मधुसूधन अग्रवालले नयाँ उद्योगको भूमिपूजनका लागि उनलाई एक साताका लागि नेपाल बोलाएका थिए । संयोगले त्यस दिन उनको जन्मदिन पनि थियो । त्यसैले उनको राशिअनुसार कम्पनीको नाम 'टौरस' राखियो । त्यही घटनाले उनको जीवनलाई व्यवसायसँग नजिकबाट जोडिदियो ।

व्यापारी परिवारमा हुर्किएकाले व्यवसाय आफ्नै 'डीएनए' मा रहेको आशिष स्विकार्छन् । एमबीए सकेर नेपाल फर्किएपछि उनले काकाको कम्पनीमा ६ महिनाको इन्टर्नसिप गरे । त्यस अनुभवले नेपालमा उद्योग सञ्चालनको वास्तविक अवस्था बुझ्न सघायो ।

विदेशमा करिअर बनाउने अवसर भने आशिषलाई नभएको होइन, भारतमै रहँदा फर्च्युन कम्पनीबाट आकर्षक रोजगारीको प्रस्ताव आएको थियो । तर जागिरले उनलाई तानेन । घरको जेठो सन्तानका रूपमा पारिवारिक व्यवसाय सम्हाल्नुपर्ने जिम्मेवारी थियो । त्यसैले अध्ययन वा रोजगारीका लागि विदेश जाने योजना अघि बढेन । र, सानै उमेरमा पूर्ण रूपमा व्यवसायको नेतृत्व सम्हाले ।

यति बेला आशिषले टौरस फर्मा, एलिगेन्ट पर्ल स्कुल र एसआर हेल्थ केयरलगायत व्यवसायको नेतृत्व गरिरहेका छन् । टौरस फर्मामा उनी प्रबन्ध निर्देशक छन् । कम्पनीले ५५ वटा एन्टिबायोटिक र ओटीसी मेडिसिन उत्पादन गर्छ । व्यवसाय सञ्चालनका क्रममा आफूले धेरै ज्ञान बुबा र अनुभवी कर्मचारीबाट हासिल गरेको आशिष बताउँछन् ।

आशिषको रुचि औषधि उद्योगमा मात्र छैन । शिक्षा र खेलकुदप्रति उनी उत्तिकै आकर्षित छन् । कलेज र विश्वविद्यालयका दिनमा उनी धेरै बास्केटबल प्रतियोगितामा सहभागी भए । मेडल पनि जिते । अहिले पनि समय मिलाएर खेलमा फर्किने इच्छा छ तर पछिल्लो एक-डेढ वर्षयता त्यसका लागि समय छुट्याउन सकेका छैनन् ।

आशिषले व्यावसायिक जीवनमा बुबाबाट जति सिकेका छन्, जीवन जिउने कला आमाबाट त्यत्तिकै सिकेका छन् । 'तनाव र अप्ठ्यारो परिस्थितिमा धैर्य राख्दै निरन्तर मिहिनेत गर्नुपर्छ भन्ने पाठ मैले आमाबाट सिकेको छु,' उनले सम्झिए, 'जति बेला व्यवसायमा मलाई अप्ठ्यारो अवस्था आयो, छाडिदिउँ भन्ने पनि भयो । त्यति बेला आमाले दिएको भरोसा र ढाडसले मलाई थप आत्मविश्वासी बनाएको थियो ।'

औषधि उत्पादनबारे आशिषको दृष्टिकोण स्पष्ट छ । उनी भन्छन्, 'हामीले त्यस्तो औषधि उत्पादन गर्नुपर्छ, जुन आमा, हजुरआमादेखि छोराछोरीसम्म सबैले निर्धक्क प्रयोग गर्न सकून् ।'

उद्योगसँगै सेवा र व्यापार क्षेत्रमा पनि सम्भावना खोज्ने सोचले उनले शिक्षा र ट्रेडिङमा हात हालेका छन् । बालाजुस्थित एउटा विद्यालय एलिगेन्ट पर्ल स्कुल टेकओभर गरे । सिम्फोटेक नामक मोबाइल ट्रेडिङ कम्पनी स्थापना गरे । केही महिनाअघि मात्र धादिङको धार्केमा अर्को एउटा बोर्डिङ स्कुल पनि किनेका छन् ।

कोभिडका बेला मोबाइल व्यापार निकै फस्टायो । तर त्यो अवसर क्षणिक साबित भयो । सिम्फोटेकले राम्रो कारोबार गरे पनि दिगोपन कायम राख्न सकेन । र, एक वर्ष नपुग्दै कम्पनी बन्द गर्नुपऱ्यो । त्यही अनुभवबाट आशिषले निष्कर्ष निकाले- उद्योग सञ्चालनको सोच र ट्रेडिङको सोचबीच जमिन-आकाशको फरक रहेछ ।

त्यही वर्ष आशिषको जीवनमा अर्को ठूलो पीडा थपियो । आमाको निधन भयो । त्यस घटनाले परिवारलाई करिब डेढ वर्षसम्म मानसिक रूपमा विचलित बनायो । त्यही समयमा उद्योगमा पनि नोक्सानी सुरु भयो । लगातार आएका ती घटनाले उनलाई गहिरो आघात दियो । तर समयसँगै त्यही पीडाले उनलाई अझ परिपक्व र अनुभवी पनि बनायो ।

आशिषको कम्पनीमा अहिले ७५ जना कर्मचारी छन् । तीमध्ये ७० प्रतिशत कर्मचारी १५ वर्षदेखि निरन्तर कार्यरत छन् । त्यसलाई उनी संस्थाप्रतिको विश्वासको प्रमाण मान्छन् ।

धादिङको धार्केमा रहेको औषधि उद्योगका लागि आवश्यक सबै कच्चा पदार्थ भारतबाट आउँछ । भारतबाट सीमा क्षेत्रसम्म आउन समस्या छैन तर नेपालतर्फको यातायात व्यवस्थाको समस्या भने उद्योग सञ्चालनको प्रमुख चुनौती बनेको उनी बताउँछन् ।

उद्योगबाहेक रश्मि होल्डिङअन्तर्गतको लगानी कम्पनीमार्फत आशिष स्टार्टअपमा पनि जोडिएका छन् । यसअघि सेयर, जग्गालगायत क्षेत्रमा लगानी गर्दै आएको कम्पनीले अहिले नवप्रवर्तनशील उद्यमतर्फ पनि पाइला बढाएको छ । हाल उनको नेतृत्वमा सञ्चालन भइरहेका व्यवसायको वार्षिक कारोबार करिब ५० करोड रुपैयाँ पुगेको छ ।

व्यवसाय विस्तारका क्रममा आशिषलाई चुनौती लाग्ने विषय हो- दक्ष जनशक्तिको अभाव । विश्वविद्यालयको पढाइ र उद्योगमा आवश्यक व्यावहारिक सीपबीच अझै ठूलो दूरी रहेको उनको बुझाइ छ ।

आफ्ना बुबाको उपलब्धिसँग तुलना गर्दा भने आशिषले आफूले बुबाले गरेको कामको १० प्रतिशतसम्म पनि गर्न नसकेको स्विकार्छन् । यद्यपि बुबाको बाटोभन्दा फरक रूपमा उनले शिक्षा क्षेत्रमा लगानी विस्तार गरेका छन् । अब आफ्ना भाइसँग मिलेर शिक्षा र अन्य क्षेत्रमा पनि लगानी बढाउने आशिषको योजना छ ।

तनाव व्यवस्थापनबारे आशिषको आफ्नै सूत्र छ । भन्छन्, 'समस्या आउँदा म कसैलाई पनि तुरुन्त प्रतिक्रिया दिन्नँ । कहिलेकाहीं २४ घण्टासम्म पनि मौन बस्छु । समस्या आफ्नै हो भने समाधान पनि आफैंले खोज्नुपर्छ ।' यही सोचले अप्ठ्यारो समयमा ९९ प्रतिशतभन्दा बढी काम गरेको उनी सुनाउँछन् ।

आशिष नेपालप्रति असाध्यै आशावादी छन् । उद्यमशील सोच विकास गर्ने हो भने नेपाल अवसरले भरिएको देश रहेको उनको दाबी छ । भन्छन्, 'जहाँ समस्या हुन्छ, त्यहीं अवसर लुकेको हुन्छ । समस्या नै नभएको ठाउँमा अवसरको सम्भावना पनि कम हुन्छ ।'

व्यक्तिगत जीवनमा उनले १० वर्षभन्दा बढीको प्रेम सम्बन्धलाई सन् २०१९ मा विवाहमा परिणत गरे । अहिले उनकी डेढ वर्षकी छोरी छन् । फुर्सदमा साथीहरूसँग समय बिताउन, पुस्तक पढ्न, घुम्न, ट्रेकिङ गर्न र लङ ड्राइभमा निस्कन उनलाई मन पर्छ ।

मर्दी हिमालको ट्रेकिङ उनको सबैभन्दा सम्झनलायक यात्रामध्ये एक हो । विदेशमा जापानको सुशासन, सुरक्षा र सेवाको गुणस्तरले आशिषलाई विशेष प्रभावित बनाएको छ ।

आगामी ५ देखि १० वर्षभित्र लगानी, उत्पादन, प्रविधि, कारोबार र नाफालगायत सबै सूचकका आधारमा आफ्नो औषधि उद्योगलाई नेपालको उत्कृष्ट १० मा स्थापित गर्ने आशिषको लक्ष्य छ । त्यससँगै आफ्ना विद्यालयलाई पनि उत्कृष्ट र गुणस्तरीय शैक्षिक संस्थाका रूपमा विकास गर्ने उनको अर्को सपना हो ।

# ग्यास आपूर्ति सहज बनाउन निगमको निर्देशन

काठमाडौं (कास)- नेपाल आयल निगमले एलपीजी ग्यास आपूर्ति सहज बनाउन ग्यास वितरकलाई निर्देशन दिएको छ। निगमले बजारमा १४.२ केजी एलपी ग्यासको अभाव नरहेको स्पष्ट पार्दै उपभोक्तालाई आवश्यकता अनुसार मात्रै ग्यास खरिद गर्न र अनावश्यक मौज्दात नगर्न पनि आग्रह गरेको छ।

निगमले ३१ असारको निर्णयअनुसार १४.२ केजी ग्यास सिलिन्डरको बिक्री-वितरण व्यवस्था मिलाइएको र दैनिक मागअनुसार ग्यास आपूर्ति भइरहेको शनिबार निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। विभिन्न सञ्चारमाध्यममा बजारमा ग्यास अभाव भएको समाचार प्रकाशन भएपछि निगमले त्यसप्रति गम्भीर ध्यानाकर्षण भएको पनि बताएको छ।

१४.२ केजी ग्यास सिलिन्डरको बिक्री सुरु भएपछि बजारमा ग्यास अभाव भएको गुनासो आउन थालेकाले सम्पूर्ण ग्यास उद्योगलाई सहज आपूर्ति सुनिश्चित गर्न निगमले निर्देशन दिएको हो। विक्रेतालाई घरायसी प्रयोजनका उपभोक्तालाई प्राथमिकतामा राखी खरिदकर्ताको नाम, ठेगाना र सम्पर्क नम्बरको अभिलेख राखेर व्यवस्थित रूपमा बिक्री-वितरण गर्न निगमले भनेको छ।

काठमाडौं उपत्यकामा बढ्दो मागलाई ध्यानमा राखेर निगमले शनिबारदेखि टेकुस्थित कार्यालयबाट पनि नेपाल ग्यास, एनपी ग्यास, एस्ट्रे ग्यास, सुगम ग्यास तथा श्रीराम ग्यासका सिलिन्डर बिहान ११ बजेदेखि बेलुका ५ बजेसम्म सम्बन्धित उद्योगमार्फत बिक्री-वितरण गर्ने व्यवस्था मिलाएको जनाएको छ।

# भारत निर्यात हुने...

१ मंसिर २०८२ मा ढाकामा भएको नेपाल-बंगलादेश ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति (जेएससी) बैठकले हालको ४० मेगावाट सम्झौताअनुसार थप २० मेगावाट बिजुली निर्यात गर्ने सहमति गरेको थियो। त्यसअनुसार आवश्यक प्रक्रिया अघि बढाउने समझदारी पनि भएको थियो।

तर भारतले प्रसारणलाइनको क्षमता अभाव देखाउँदै थप २० मेगावाट बिजुली निर्यात गर्न नसकिने बताएको हो। गत असारमा भएको नेपाल भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिमा समेत २० मेगावाट बिजुली निर्यात गर्न स्वीकृति दिनका लागि नेपाली पक्षले आग्रह गरेको थियो।

बिजुली निर्यात गर्न पूर्वाधार क्षमता र वर्षायाममा उत्पादनसमेत सरप्लस हुन थालेको छ। अहिले चार सय केभीको ढल्केवर-मुजफ्फरपुरबाट एक हजार मेगावाट र अन्य १३२ केभीका प्रसारण लाइनबाट पनि बिजुली आयात-निर्यात हुँदै आएको छ। भारतले बिजुली निर्यातका लागि आयोजनामा चिनियाँ लगानी, ठेकेदार कम्पनीलगायतलाई हेरेर अघोषित रूपमा स्वीकृति दिएको छैन। भारतले बिजुली निर्यात गर्ने आयोजनाको स्वीकृति दिन ढिलाइ गरिरहकाले कूटनीतिक पहल गर्नुपर्ने सरोकारवाला बताउँछन्।

भारतले चिनियाँ संलग्नता भएका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् खरिद गर्नसमेत ती आयोजनाको स्वीकृति दिन अस्वीकार गर्दै आएको छ। भारतले चिनियाँ कम्पनीले अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट ठेक्का पाएका आयोजनाबाट उत्पादित बिजुलीसमेत नेपाललाई निर्यात गर्न स्वीकृति दिएको छैन। यसको उदाहरण ४ सय ५६ मेगावाटको तामाकोशी जलविद्युत् आयोजना हो।

उक्त आयोजनाको हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल र प्रसारणलाइनका काम भारतीय कम्पनीले पाएको भए तापनि सिभिलको काम चिनियाँ कम्पनीले गरेका कारण हालसम्म स्वीकृति दिएको छैन। जब कि नेपालले हरेक नेपाल-भारतमा ऊर्जा संयन्त्रका बैठकमा स्वीकृति दिन माग गर्दै आएको छ।

भारतसँग स्थल सीमा जोडिएका तर विद्युत् क्षेत्रमा द्विपक्षीय सहकार्य सम्झौता नभएका तेस्रो देशको लगानी भएका आयोजनाबाट हुने विद्युत् व्यापारमा प्रतिबन्ध लगाइएको छ। तर व्यवहारमा भारतले चिनियाँ लगानी भएका मात्र नभई चिनियाँ ठेकेदार वा चिनियाँ उपकरण प्रयोग भएका आयोजनाको विद्युत् निर्यात स्वीकृतिमा समेत अनिच्छा देखाउँदै आएको छ। त्यसकारण निर्यात बढाउन कूटनीतिक पहल गर्नुपर्ने सरोकारवालाले बताउँदै आएका छन्।

२०७८ देखि बिजुली निर्यात थालेको नेपालले राम्रो आम्दानी गर्न थालेको छ। त्यसअघिका वर्षमा आयात मात्र गर्दै आएको नेपालले अहिले विद्युत् व्यापारमा नाफा बढाउँदै लगेको छ। २०८२/८३ मा भारत र बंगलादेशमा गरी २९ अर्ब ३२ करोड ४७ लाख रुपैयाँको बिजुली निर्यात भएको छ भने भारतबाट नेपालले सुक्खायाममा १० अर्ब २२ करोड ७४ लाखको आयात गरेको छ। एकै वर्षमा बिजुली व्यापारमा १९ अर्ब ९ करोड ७२ लाख रुपैयाँ नाफा भएको छ।

# सफ्टवेयर कम्पनीका...

सोर्स कोड भनेको कुनै पनि सफ्टवेयर, एप वा कम्प्युटर कार्यक्रम निर्माण गर्न प्रोग्रामरले लेखेको डिजिटल टेक्स्ट हो। विद्युतीय कारोबार ऐनको दफा ४४ मा यसलाई 'कम्प्युटर स्रोत संकेत' भनेर परिभाषित गरिएको छ। सोअनुसार स्रोत संकेत भनेको कम्प्युटर कार्यक्रमहरूको सूचीकरण, कमान्ड, कम्प्युटर डिजाइन र कम्प्युटर लेआउट हुन्।

सोर्स कोडमा सफ्टवेयरले कसरी काम गर्छ भन्ने लजिक स्ट्रक्चर, तथ्यांक राख्ने तरिका (डेटाबेस स्ट्रक्चर) र प्रोग्रामरले प्रयोग गर्ने भेरिएबल नामकरण (भेरिएबल नेमिङ) समावेश हुन्छन्। कुनै पनि कम्पनीको सोर्स कोड उसको बौद्धिक सम्पत्ति हो।

नेपालमा सफ्टवेयरको सोर्स कोड चोरीका मुद्दामा अदालतले कसुरदार ठहऱ्याएका नजिर भए पनि क्षतिपूर्ति भराउने पाटो अझै चुनौतीपूर्ण रहेको साइबर कानुनका विज्ञ बाबुराम अर्याल बताउँछन्। 'अदालतले क्षतिपूर्ति गणना गर्ने निश्चित विधि वा आधार तय गर्न नसक्दा पीडित कम्पनीहरूले न्यायको पूर्ण अनुभूति गर्न पाएका छैनन्,' उनले भने। कम्पनी र कर्मचारीबीच गरिने 'गोपनीयता सम्झौता' ले कानुनी रूपमा केही भूमिका खेले पनि चोरी गर्ने मनसाय भएकाहरूलाई यसले पूर्ण रूपमा रोक्न नसकेको उनको तर्क छ।

अधिवक्ता रिजाल भने धेरैजसो कम्पनीहरूले कर्मचारी भर्ना गर्दा नन-डिस्क्लोजर एग्रिमेन्ट (एनडीए) मा ध्यान नदिँदा कानुनी लडाइँ कमजोर हुने बताउँछन्। बौद्धिक सम्पत्ति संरक्षणको पद्धति कमजोर हुँदा सोर्स कोड चोरी मात्रै नभएर ज्ञान र सीपमा आधारित अर्थतन्त्र (नलेज इकोनमी) नै धराशायी हुन सक्ने नेपाल एसोसिएसन फर सफ्टवेयर एन्ड आईटी सर्भिसेस कम्पनिज (नास आईटी) का अध्यक्ष तथा इकेबन सोलुसन्सका प्रमुख गौरवराज पाण्डेको भनाइ छ। 'यस्तोमा लगानीकर्ताहरू ठूलो लगानी गर्न डराउँछन्। अन्ततः नेपालको प्रविधि उद्योगको विकास नै रोकिने डर हुन्छ,' उनले भने।

यो समस्या नेपालमा मात्र सीमित छैन, अन्तर्राष्ट्रियस्तरमा पनि सोर्स चोरी चोरी सफ्टवेयर कम्पनीहरूका लागि हैरानीको विषय बन्दै गएको छ। केही समयअघि मात्रै सिस्कोको प्रणालीमा भएको 'सप्लाई चेन अट्याक' को घटनाले तरंग पैदा गरेको थियो। ह्याकरहरूले 'त्रिभी' नामक सफ्टवेयर स्क्यानरको कमजोरी प्रयोग गरी सिस्कोका ३०० भन्दा बढी गिटहब रिपोजिटरी र एआई प्रडक्टका सोर्स कोड चोरी गरेका थिए।

एआईको प्रयोग बढिरहँदा सामान्य आईटी ज्ञान भएका मान्छेले पनि सोर्स कोड चोरी गरेर त्यसलाई मोडिफाई गरी नयाँ सफ्टवेयर बनाउन सक्ने चुनौतीसमेत थपिदिएको छ। यति मात्र नभएर, एआईको मद्दत लिएर वा 'भाइब कोडिङ' मार्फत बनाइएका सफ्टवेयरको सोर्स कोड चोरी हुँदा त्यसमा बौद्धिक सम्पत्तिको अधिकार कसमा निहित हुन्छ भन्ने नयाँ दुविधा आइपरेको छ।

यस्ता जोखिमलाई न्यूनीकरण सफ्टवेयर कम्पनीहरूले कानुनी र प्राविधिक दुवै सुरक्षा मजबुत बनाउनुपर्ने विज्ञ औंल्याउँछन्। कर्मचारी भर्ना र बिदाइको समयमा गोपनीयता सम्झौता र 'इम्प्लोयमेन्ट ह्यान्डबुक' अनिवार्य रूपमा कार्यान्वयनमा ल्याउनुपर्ने देखिएको छ।

'कम्पनीहरूले सोर्स कोडको एक्सेस कन्ट्रोल कडा बनाउने, नियमित अडिट गर्ने र कर्मचारीहरूलाई बौद्धिक सम्पत्तिको कानुनी परिणामबारे सचेत गराउनुपर्ने रहेछ,' दियालोका प्रमुख खनाल भन्छन्, 'सरकारले पनि विद्युतीय कारोबार ऐनलाई परिमार्जन गरी डिजिटल सम्पत्तिको सुरक्षा र क्षतिपूर्तिको व्यवस्थालाई समयसापेक्ष बनाउनुपर्छ।'


## सर्वसाधारणको जानकारीका लागि जरुरी प्रेस विज्ञप्ति

बत्तीसपुतलीस्थित श्रीरामचन्द्र मन्दिर वि.सं. २०४८ अघि खण्डहर, बेवारिसे र जीर्ण-शीर्ण अवस्थामा पुगिसकेको थियो। सम्बन्धित गुठीका अग्रजहरूको सहमति र स्वीकृतिमा वि.सं. २०४८ मा मन्दिरको जीर्णोद्धार, संरक्षण-संवर्द्धन तथा प्रवर्द्धन गर्ने पवित्र उद्देश्य लिई काठमाडौं जिल्ला प्रशासन कार्यालयमा विधिवत् दर्ता भई 'श्रीरामचन्द्रमन्दिर जीर्णोद्धार एवं संवर्द्धन समिति' गठन भयो।

उदारमना व्यक्तिहरूको चन्दा-सहयोग वडा समिति, तथा सरकारी निकायहरूसँगको समन्वय र सहकार्यमा ३६ वर्षको अनवरत प्रयासपछि यो मन्दिर आज नेपालकै एक भव्य, व्यवस्थित र सुन्दर मन्दिरका रूपमा कायापलट भएको छ। यस उपलब्धिप्रति हामी गौरवान्वित छौं। समितिको विधानअनुसार यसमा 'श्रीरामचन्द्रमन्दिर निजी गुठी' का तीन जना प्रतिनिधि रहने व्यवस्था छ। यसको निरन्तरता अद्यापि छ।

स्मरण रहोस्, मन्दिरका स्थापनाकर्ता कम्याण्डर कर्णेल सनकसिंह टण्डनले ३७४-८-०३ रोपनी जग्गा आम्दानीको मुख्य स्रोतका रूपमा राखिदिनुभएको थियो। तर उक्त जग्गा मन्दिरको संरक्षण र संवर्द्धनको प्रभावकारी स्रोत बन्न सकेन। गुठी जग्गाको अवस्था, आम्दानी र खर्च 'श्रीरामचन्द्रमन्दिर निजी गुठी' को अधिकार क्षेत्रभित्र पर्ने हुनाले यो समितिको कार्यक्षेत्रभित्र पर्दैन। मन्दिरको गुठीबाट कहिलेकाहीँ सामान्य चन्दाबाहेक कुनै पनि रकम नलिई समितिले गरेको यो काम अरूका लागि प्रेरणा र उदाहरण बन्न सक्छ।

वि.सं. २०७२ को विनाशकारी भूकम्पले मन्दिरको केही भाग भत्केको थियो। समितिको पहलमा वर्षदिनभित्रै पुनर्निर्माण गरी मन्दिरलाई जस्ताको तस्तै अवस्थामा ल्याइएको छ। अहिले यहाँ दैनिक हजारौं स्वदेशी तथा विदेशी भक्तजन दर्शनार्थ आउने गर्दछन्।

केही दिनयता रामचन्द्रमन्दिर निजी गुठीका अध्यक्ष र उपाध्यक्ष हुँ भनी दाबी गर्ने केही व्यक्तिहरूले नक्कली छाप र लेटरहेड बनाएर 'श्रीरामचन्द्रमन्दिर जीर्णोद्धार एवं संवर्द्धन समिति', 'श्रीरामचन्द्रमन्दिर निजी गुठी' र यसका पदाधिकारी, सदस्य तथा सरोकारवालाहरूमाथि झूठा आरोप, गालीगलौज र कपोकल्पित लाञ्छना लगाई विभिन्न सरकारी कार्यालयदेखि सञ्चार माध्यमसम्म पत्राचार गरेको कुरालाई समितिले गम्भीरतापूर्वक लिएको छ। यस्ता गलत व्यक्ति र किर्ते कार्य गर्नेहरूप्रति सचेत रहन सबैमा हार्दिक अनुरोध गर्दै यो संयुक्त प्रेस विज्ञप्ति प्रकाशित गरिएको छ।

**श्रीरामचन्द्रमन्दिर जीर्णोद्धार एवं संवर्द्धन समिति एवं**
**श्रीरामचन्द्रमन्दिर निजी गुठी, बत्तीसपुतली, काठमाडौं।**


# भारतको प्रतिबन्धपछि नेपालमा डेढ गुणाले बढ्यो चिनी तस्करी

## एक महिनामा सशस्त्र प्रहरी बलले गऱ्यो १० टन तस्करीको चिनी जफत, अघिल्लो महिना ४ टन जफत गरेको थियो

कृष्णा प्रसाईं (काठमाडौं)



फाइल तस्बिर : कान्तिपुर

भारतले चिनी निर्यातमा प्रतिबन्ध लगाएपछि नेपालको दक्षिणी सीमावर्ती क्षेत्रबाट चिनीको तस्करी बढेको छ। अघिल्लो महिनाको तुलनामा असार (जुन मध्यदेखि जुलाई मध्य) मा सशस्त्र प्रहरी बलले जफत गरेको चिनीको परिमाण दोब्बरभन्दा बढी छ।

सीमा सुरक्षाको जिम्मेवारी पाएको सशस्त्रले उक्त अवधिमा ७ लाख ८० हजार २ सय ५५ रुपैयाँ बराबरको १० टन अवैध चिनी जफत गरेको छ, जुन अघिल्लो महिना २ लाख ८४ हजार ८ सय ७० रुपैयाँ बराबरको ४ टन मात्र थियो।

सशस्त्र प्रहरीले गत आइतबार मात्रै पूर्वी नेपालको झापाबाट तस्करी गरी ल्याइएको ३२ बोरा चिनी जफत गरेको छ। जफत गरिएका धेरैजसो चिनी भारतीय सीमा जोडिएका तराई-मधेशका जिल्लामा बरामद गरिएको सशस्त्र प्रहरी बलका प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक नेत्रबहादुर कार्कीले बताए।

१३ मेदेखि ३० सेप्टेम्बर २०२६ सम्म वा अर्को सूचना नभएसम्मका लागि भारतले चिनी निर्यातमा प्रतिबन्ध लगाएको छ। विश्वको दोस्रो ठूलो चिनी उत्पादक भारतले 'एल निनो' का कारण खडेरी पर्न सक्ने, उखु उत्पादन घट्ने र आगामी सिजनमा चिनी उत्पादन कम हुने चिन्ताका बीच आन्तरिक मूल्य नियन्त्रण गर्न उक्त प्रतिबन्ध लगाएको हो।

भारतले प्रतिबन्ध लगाएयता नेपालमा चिनीको मूल्य प्रतिकिलो करिब १५ रुपैयाँले बढेको छ। पहिले प्रतिकिलो ९५ रुपैयाँ वरपर बिक्री हुने गरेको चिनी अहिले प्रायः खुद्रा पसलमा ११० रुपैयाँ हाराहारीमा किनबेच भइरहेको छ।

भारतले निर्यात प्रतिबन्धको घोषणा गरेपछि सरकारले तत्काल कदम चाल्न नसकेको उपभोक्ता अधिकारकर्मी बताउँछन्। अत्यावश्यक वस्तुको आपूर्ति, मूल्य निर्धारण र बजार व्यवस्थापनका मुद्दाहरूलाई सरकारले सम्बोधन गर्न नसकेको राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले बताए।

'विगतका सरकारहरूले जस्तै वर्तमान सरकारले पनि अत्यावश्यक वस्तुको आपूर्ति, मूल्य निर्धारण र बजार व्यवस्थापनका मुद्दाहरूलाई सम्बोधन गरेको छैन। केही भएकै छैन जस्तै गरी सरकार मौन बस्नु आश्चर्यजनक छ,' महर्जनले भने।

चाडपर्व नजिकिँदै गर्दा पनि सरकारसँग स्पष्ट आपूर्ति व्यवस्थापन नीति नभएको महर्जनको भनाइ छ। 'व्यापारीहरूले कालोबजारी र मूल्यवृद्धि गरेर अवस्थाको फाइदा उठाउन नपाऊन् भन्नका लागि सरकारले पर्याप्त मौज्दात सुनिश्चित गर्नुपर्छ,' उनले भने।

चिनी तस्करीमा भएको वृद्धिले सरकारलाई भन्सार राजस्व चुहावटसँगै अवैध रूपमा आयात गरिएका चिनीको गुणस्तर र सुरक्षामाथि पनि प्रश्न उठ्ने उपभोक्ताकर्मी बताउँछन्। १ हजार ६ सय ७७ टन चिनी मौज्दात रहे पनि थप खरिद गर्न सरकारबाट कुनै निर्देशन नआएको साल्ट ट्रेडिङ कर्पोरेसनले जनाएको छ। सरकारी स्वामित्वको साल्ट ट्रेडिङले प्रतिकिलो १ सय रुपैयाँमा चिनी बिक्री गरिरहेको छ। एक महिनासम्म साल्ट ट्रेडिङले ९८ रुपैयाँ प्रतिकिलोमा चिनी बिक्री गरिरहेको थियो।

नेपालमा चिनीको मासिक माग २० हजारदेखि २५ हजार टनसम्म हुन्छ भने दसैं-तिहार र छठजस्ता चाडपर्वमा ३० हजार टन पुग्ने साल्ट ट्रेडिङले बताएको छ। वार्षिक माग करिब ३ लाख टन अनुमान गरिएको छ। करिब २ लाख टन चिनी स्वदेशमै उत्पादन हुन्छ भने करिब १ लाख टन कम हुने भएकाले आयात अनिवार्य हुने गर्छ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी (एफएमटीसी) ले आयात गरेको एक हजार टन चिनी नेपालगन्ज आइसकेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव नेत्र सुवेदीले बताए। 'हालको मौज्दात बिक्री भएपछि एफएमटीसीले बजारको मागका आधारमा थप कति चिनी आयात गर्ने भन्ने निर्णय गर्नेछ,' सुवेदीले भने।

उद्योग मन्त्रालयले भारत सरकारसँग 'जी-टु-जी' (सरकार-सरकार) सम्झौतामार्फत चिनी आयात गर्ने निर्णय गरिसकेको छ। 'भारतले गत वर्षको सेप्टेम्बरमा स्वीकृत गरेको कोटाअन्तर्गत हामीसँग अझै १० हजार टनको कोटा बाँकी छ, हामी सोही कोटाअन्तर्गत चिनी आयात गर्दै छौं,' सुवेदीले भने। गत वर्ष नेपालले चाडपर्वको माग धान्न ६० हजार टन चिनी आयातको अनुमति माग गर्दा भारतले नेसनल को-अपरेटिभ एक्सपोर्ट्स लिमिटेडमार्फत २५ हजार टन मात्र स्वीकृत गरेको थियो।

भन्सार महसुलसहितको आयात लागत प्रचलित बजार मूल्यभन्दा बढी भएकाले सरकारी खाद्य कम्पनीहरूले गत वर्ष कोटाअन्तर्गत चिनी आयात नगरेको साल्ट ट्रेडिङ कर्पोरेसनका नायब कार्यकारी अधिकृत कुमार राजभण्डारी बताउँछन्। 'भन्सार महसुल तिरेपछि आयातित चिनी बजार मूल्यभन्दा महँगो हुने भएकाले गत वर्ष हामीले आयात नगर्ने निर्णय गरेका थियौं,' राजभण्डारीले भने। प्रचलित बजार मूल्यभन्दा सस्तोमा बिक्री गर्नका लागि भन्दै साल्ट ट्रेडिङले सरकारसँग चिनी आयातमा अनुदान दिन आग्रह गर्दै आएको छ।

नेपालले गत वर्ष १ लाख ८० हजार टन चिनी उत्पादन गरेको थियो। यस वर्ष यो उत्पादन बढेर २ लाख १५ हजार टन पुग्ने नेपाल चिनी उत्पादक संघको आकलन छ। संघले एक महिना अघिसम्म आफूसँग ८० हजार टन चिनीको मौज्दात रहेको जनाएको थियो।

आर्थिक वर्ष २०८१/८२ को तुलनामा आर्थिक वर्ष २०८२/८३ मा चिनी आयात ९०.१६ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षमा नेपालले ३ अर्ब ४८ करोड रुपैयाँ बराबरको ५१ हजार ४८५ टन चिनी आयात गरेको भन्सार विभागको तथ्यांक छ।

यसअघि न्यून वर्षाका कारण उखु उत्पादन घटेपछि भारतले सेप्टेम्बर २०२३ मा नेपालतर्फ चिनी निर्यात रोकेको थियो। उक्त प्रतिबन्ध ३१ अक्टोबरपछि पनि लागू हुने गरी थपिएको थियो।

नेपालको मुख्य चाडपर्वको समयमा पर्दा चिनीको मूल्य उल्लेख्य रूपमा बढेको थियो। त्यस वर्षको दसैंअघि अभावका बीच कालोबजारीमा चिनीको मूल्य करिब ८८ रुपैयाँ प्रतिकिलोबाट बढेर १६० रुपैयाँसम्म पुगेको थियो।

## अर्थ संक्षेप

### बजारमा बेसिक बीजे३०ई हाइब्रिड एसयूभी



काठमाडौं (कास)- ग्राहकले स्टाइल र उपयोगितालाई एकसाथ समेट्ने एसयूभी खोजिरहेका बेला बजारमा बेसिक बीजे३०ई हाइब्रिड एसयूभी आएको छ। आकर्षक बाह्य डिजाइन, प्रिमियम इन्टेरियर तथा अत्याधुनिक प्लग-इन हाइब्रिड प्रविधिसहित बेसिक बीजे३०ईले अब आकर्षक डिजाइन र इन्धन दक्ष कार्यसम्पादनमध्ये कुनै एक रोज्नुपर्ने अवस्था नरहेको सन्देश दिने कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। सहरका सडकदेखि नेपालको विविध भूगोलसम्म सहज रूपमा चल्ने गरी डिजाइन गरिएको बेसिक बीजे३०ईले पेट्रोल इन्जिनको भरपर्दोपन र विद्युतीय शक्तिको दक्षतालाई एउटै सवारीमा समेटेको छ। नेपालमा हाइब्रिड सवारीप्रतिको आकर्षण बढिरहेका बेला बीजे३०ई नवप्रवर्तन, उत्कृष्ट क्षमता र दमदार डिजाइनको संयोजन भएको आधुनिक एसयूभीका रूपमा प्रस्तुत भएको विज्ञप्तिमा जनाइएको छ।

### निक्की, ईईसी नेपाल र बोसले गरे कार्यकारी एआई कार्यशाला




काठमाडौं (कास)- नेपाल-भारत उद्योग वाणिज्य संघ (निक्की), युरोपियन इकोनोमिक चेम्बर नेपाल (ईईसी नेपाल) तथा बोसको संयुक्त आयोजनामा कार्यकारी कार्यशाला गरिएको छ। यस कार्यक्रममा प्रविधि साझेदारका रूपमा बोसले स्थानीय व्यावसायिक नेतृत्व, वरिष्ठ कार्यकारी, उद्यमी तथा नीति-निर्मातालाई कृत्रिम बुद्धिमत्ताको प्रभावकारी प्रयोगमार्फत व्यवसाय रूपान्तरण, उत्पादकत्व वृद्धि तथा रणनीतिक निर्णय प्रक्रियालाई सुदृढ बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको विज्ञप्तिमा जनाइएको छ। आजको परिवेशमा उन्नत एआई प्रविधिमा पहुँच सबैका लागि सहज भइसकेको बोस समूह भारतका अध्यक्ष तथा बोस लिमिटेडका प्रबन्ध निर्देशक गुरुप्रसाद मुद्लापुरले बताए। कार्यक्रममा नेपालका लागि युरोपेली संघकी राजदूत भेरोनिक लोरेन्जो तथा जर्मनीका राजदूत उडो युगेन भोल्जको विशेष उपस्थिति थियो।

### उत्कृष्ट बने ब्रिटिस प्रोफेसनल कलेजका विद्यार्थीहरू




काठमाडौं (कास)- ब्रिटिस एजुकेसन ग्रुपअन्तर्गतको ब्रिटिस प्रोफेसनल कलेजका विद्यार्थीले एसीसीए जुन २०२६ परीक्षामा उत्कृष्ट प्रदर्शन गर्दै नेपाल तथा विश्वस्तरमा उल्लेखनीय सफलता हासिल गरेका छन्। कलेजले अन्तर्राष्ट्रियस्तरको गुणस्तरीय शिक्षा, अनुभवी शिक्षकहरूको मार्गदर्शन तथा उत्कृष्ट सिकाइको वातावरणमार्फत विद्यार्थीहरूलाई विश्वव्यापी करियरका लागि सक्षम बनाउँदै आएको विज्ञप्तिमा जनाइएको छ।
उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरूमा सहारा मगिया नेपाल प्रथम एवं विश्व ८औं भएकी छन्। साथै नेहा खतिवडा नेपाल प्रथम र विश्व १८औं, आशुतोष शर्मा नेपाल प्रथम र विश्व ११औं, आशास्वी कुमारी श्रेष्ठ नेपाल दोस्रो र विश्व १७औं, शेलिश्मा शिवाकोटी नेपाल तेस्रो र विश्व १३औं, राकेश साह नेपाल दोस्रो र विश्व १३औं भएको कलेजले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। 'हाम्रा विद्यार्थीले हासिल गरेको यो सफलता उनीहरूको अथक मिहिनेत, समर्पण र हाम्रा अनुभवी शिक्षकहरूको निरन्तर मार्गदर्शनको परिणाम हो। राष्ट्रिय मात्र नभई विश्वस्तरमै उत्कृष्ट नतिजा हासिल गर्दै विद्यार्थीहरूले ब्रिटिस प्रोफेसनल कलेजको शैक्षिक उत्कृष्टतालाई थप उचाइमा पुऱ्याएका छन्। हामी सबै सफल विद्यार्थीलाई हार्दिक बधाई तथा आगामी यात्राका लागि शुभकामना व्यक्त गर्दछौं,' ब्रिटिस एजुकेसन ग्रुपका हेड अफ प्रोफेसनल एजुकेसन दीपेन्द्र के श्रेष्ठले भने।

### नाइमा मोबिलिटी एक्स्पोमा निसान टेकटन सार्वजनिक गरिने




काठमाडौं (कास)- नेपालका लागि निसानको आधिकारिक वितरक पायोनियर मोटोकर्प प्रालिले विश्व बजारमा हालै सार्वजनिक गरिएको अल-न्यु निसान टेकटनलाई नेपालमा पहिलो पटक नाइमा मोबिलिटी एक्स्पो २०२६ मा सार्वजनिक गर्न लागेको छ। उक्त प्रदर्शनी अगस्ट ११ देखि १६, २०२६ सम्म काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुँदै छ। विश्वव्यापी रूपमा ९ जुलाई २०२६ मा सार्वजनिक गरिएको निसान टेकटन निसानको नयाँ प्रिमियम एसयूभी हो, जसले कम्पनीको एसयूभी लाइनअपमा महत्त्वपूर्ण थपको रूपमा स्थान बनाएको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। आकर्षक डिजाइन, प्रिमियम सुविधा, अत्याधुनिक प्रविधि तथा उत्कृष्ट कार्यसम्पादनको संयोजनसहित निसान टेकटनले नेपालका ग्राहकलाई निसानको नयाँ अनुभव प्रदान गर्ने अपेक्षा गरिएको छ। निसान पेट्रोलबाट प्रेरित टेकटनले निसानको ७५ वर्ष लामो एसयूभी विरासतलाई आधुनिक शैलीमा प्रस्तुत गरेको बताइएको छ। आकर्षक बडी लाइन, मस्कुलर डिजाइन, सिग्नेचर सी-आकारका एलईडी हेडल्याम्प तथा प्रभावशाली रोड प्रेजेन्सले यसलाई जहाँ पुगे पनि सबैको ध्यान आकर्षित गर्ने एसयूभी बनाएको कम्पनीको दाबी छ।

### ११ लाखभन्दा बढी घरमा पुग्यो वर्ल्डलिंक




काठमाडौं (कास)- नेपालको इन्टरनेट तथा डिजिटल सेवा प्रदायक वर्ल्डलिंक कम्युनिकेसन्स लिमिटेडले ११ लाख एफटीटीएच ग्राहकको उपलब्धि हासिल गरेको छ। यस उपलब्धिसँगै कम्पनीले नेपालको एफटीटीएच बजारमा करिब ३५ प्रतिशत बजार हिस्सा कायम गर्दै देशको डिजिटल रूपान्तरण यात्रामा अर्को महत्त्वपूर्ण कोसेढुंगा स्थापित गरेको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। सन् १९९५ मा इमेल सेवाबाट आफ्नो यात्रा प्रारम्भ गरेको वर्ल्डलिंकले तीन दशकभन्दा लामो अवधिमा सूचना तथा सञ्चार प्रविधि क्षेत्रको विकाससँगै निरन्तर आफूलाई परिष्कृत गर्दै आएको दाबी गरेको छ। डायल-अप इन्टरनेट, केबल इन्टरनेट र वायरलेस इन्टरनेट सेवादेखि लिएर अत्याधुनिक एफटीटीएच प्रविधिसम्मको यात्रामा कम्पनीले नेपाली उपभोक्तालाई विश्वस्तरीय र भरपर्दो इन्टरनेट सेवा प्रदान गर्दै आएको विज्ञप्तिमा जनाइएको छ। ग्राहकलाई अझ उत्कृष्ट डिजिटल अनुभव प्रदान गर्ने उद्देश्यका साथ वर्ल्डलिंकले हालै वाइफाई ६ प्रविधि सञ्चालनमा ल्याइएको कम्पनीको भनाइ छ। हाल वर्ल्डलिंकको सेवा नेपालका ७४ जिल्लामा विस्तार भइसकेको बताइएको छ। नेपालको डिजिटल रूपान्तरणलाई गति दिने तथा प्रत्येक नेपालीलाई विश्वस्तरीय डिजिटल सेवामा पहुँच सुनिश्चित गर्ने आफ्नो दीर्घकालीन लक्ष्यप्रति वर्ल्डलिंक निरन्तर प्रतिबद्ध रहेको कम्पनीको भनाइ छ।

# दीपमाला बनिन् मिस नेपाल २०२६




मिस नेपाल–२०२६ दीपमाला ढकाल (बीचमा), मिस नेपाल कस्मो कशिस सुब्बा (दायाँ) र मिस नेपाल इन्टरनेसनल आर्या निशान्त (बायाँ)। तस्बिर : दीपेश दर्शनधारी/कान्तिपुर

काठमाडौं (कास)- मिस नेपाल-२०२६ को उपाधि दीपमाला ढकालले जितेकी छन् । ललितपुरको प्लाजामा शनिबार भएको फाइनलमा २३ प्रतिस्पर्धीहरूलाई पछि पार्दै उनी मिस नेपाल बनेकी हुन् । दीपमालाले यसअघि मिस नेपाल हङकङ इन्टरनेसनलको उपाधिसमेत जितेकी हुन् ।

त्यस्तै मिस नेपाल कस्मो कशिस सुब्बा र मिस नेपाल इन्टरनेसनल उपाधि आर्या निशान्तले जितेका छन् । कशिस सुब्बाले अन्तर्राष्ट्रिय मञ्चमा १८ वर्षको उमेरमै नेपाललाई प्रतिनिधित्व गरेकी थिइन् ।

२४ वर्षीया दीपमाला आफ्नी आमाबाट प्रेरणा पाएको बताउँछिन् । उनकी आमाले सन् १९९४ मा आयोजित पहिलो मिस नेपाल प्रतियोगितामा प्रतिस्पर्धा गरेकी थिइन् । दीपमाला प्रसिद्ध लगानी व्यवस्थापन कम्पनी ब्ल्याकरकमा लगानी रणनीतिकारका रूपमा कार्यरत छिन् । यसबाहेक उनी तेक्वान्दोकी ब्ल्याक बेल्ट खेलाडी, म्याराथन धावक पनि हुन् ।

उनले अर्थशास्त्रमा स्नातक गरेकी छन् । जनकपुरकी २४ वर्षीया आर्या सन् २०२१ को मिस युनिभर्स नेपाल प्रतियोगिताको शीर्ष १० प्रतिस्पर्धीमध्ये एक थिइन् । आर्या हाल शिक्षण क्षेत्रमा कार्यरत रहँदै उच्च शिक्षा र अन्तर्राष्ट्रिय अनुभव हासिल गर्ने प्रयासमा छिन् । उनी शिक्षा र युवा सशक्तीकरणका क्षेत्रमा रुचि राख्छिन् ।

# सुरक्षा रणनीति बदलेर...

तराई-मधेशका जिल्लाहरूमा काम गरिसकेका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) उत्तम सुवेदीका अनुसार यो नियमित शान्तिसुरक्षा कायम गर्ने विषय मात्र थिएन । 'राजनीतिक र नागरिक समाजको स्तरमै जतिसक्दो चाँडो संवाद गरेर समाधान खोज्नुपर्थ्यो,' उनले भने, 'यस्तो अवस्थामा सुरक्षा उपस्थितिले मात्र तनावलाई रोक्न सक्दैन । त्यसमाथि सुरुमै सुरक्षा टोली परिवर्तन गर्दा परिचालन र समन्वयमा झन् असर पर्न सक्छ ।'

तनाव फैलिएर बिहीबार सिरहाको गोलबजारमा सुरक्षाकर्मीको गोली लागेर औरही-२ का १७ वर्षीय गणेश यादवको ज्यान गयो । सुनसरी घटनामा घाइते भएर उपचारमा रहेका ३० वर्षीय जयप्रकाश मेहताको पनि त्यही दिन मृत्यु भयो । परिस्थितिलाई नियन्त्रणमा लिन सरकारले चालेको कदमलाई लिएर आलोचना बढ्न थाल्यो । आन्दोलनका कार्यक्रम सार्वजनिक हुन थाले, परिस्थिति भड्काउने अभिव्यक्ति दिने क्रम सामाजिक सञ्जालमा पनि बढ्यो ।

परिस्थिति झन्-झन् बिग्रँदै गएपछि बिहीबार गृहमन्त्री गुरुङले प्रधानमन्त्री वालेन्द्र शाहलाई भेटे, अनि लगत्तै विमानमार्फत विराटनगर पुगे । कडा सुरक्षा व्यवस्थाबीच विराट नर्सिङ होम र न्युरो अस्पताल पुगेर घाइतेलाई भेटे । चिकित्सकहरूलाई उपचारमा कुनै कमजोरी नगर्न निर्देशन दिए । परिवारलाई समेत अप्ठ्यारो अवस्था हुन नहुने भन्दै उनले उपचारको सबै व्यवस्था सरकारले गर्ने आश्वासन दिए ।

गुरुङ अस्पतालभित्र रहँदा बाहिर प्रदर्शनकारीले प्रधानमन्त्री शाह र गृहमन्त्री गुरुङको राजीनामा मागे । सरकारविरुद्ध नाराबाजी गर्दै उनीहरूले मृतकलाई सहिद घोषणा, परिवारलाई राहत र दोषीमाथि कारबाहीको माग गरे । परिस्थिति साम्य बनाउने क्रममा मोरङका प्रहरी प्रमुख एसपी कवित कटवाल र प्रदर्शनकारीबीच केही समय भनाभनसमेत भयो ।

बिहीबार राति नै गृहमन्त्री गुरुङले सुनसरीको कप्तानगन्ज पुगेर पीडित परिवारलाई भेटे, स्थानीय जनप्रतिनिधि र परिवारले ढिलै भए पनि गृहमन्त्री आइपुगेको भन्दै आफ्ना कुरा राखे । लगभग रातभर भएको छलफलपछि शुक्रबार बिहान झिसमिसेमै सम्झौता भयो, जसमा सुनसरीमा ज्यान गुमाएका दुवै जनालाई सहिद घोषणा गर्ने प्रक्रिया तत्काल अघि बढाउने र परिवारलाई सरकारबाट १० लाख रुपैयाँ राहत उपलब्ध गराउने उल्लेख छ । घटनाको निष्पक्ष र प्रभावकारी छानबिन गरेर दोषीमाथि कानुनअनुसार कारबाही प्रक्रिया तत्काल अघि बढाउनेसमेत सम्झौता गरिएको छ ।

गृहमन्त्री गुरुङ स्वयंले हस्ताक्षर गरेको सम्झौतापत्रमा 'सुनसरीमा रहेका मदरसाको कानुनी हैसियत तथा सम्बन्धित विषयमा आवश्यक छानबिन सुरु गर्ने' समेत लेखिएको छ । मृतक परिवारको एक योग्य सदस्यलाई रोजगारीको अवसर उपलब्ध गराउने, घटनाबारे अध्ययन गर्न बनेको छानबिन समितिले पेस गर्ने प्रतिवेदनका आधारमा सुझाव र सिफारिसलाई यथाशीघ्र कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अघि बढाउने सहमति पनि छ । मृतकको सम्झनामा स्थानीय सरकारसँग समन्वय गरेर स्मृति पार्कसमेत निर्माण गर्ने पनि उल्लेख छ । सम्झौतापत्रमा हस्ताक्षर भएपछि सम्बन्धित परिवारहरूले शुक्रबार दुई जनाको शव बुझेर दाहसंस्कार गरेका छन् ।

सुनसरीमा सम्झौता भए पनि प्रहरीको गोलीबाट सिरहाको औरही गाउँपालिका-२, तुलसियाहीका गणेश यादवको मृत्यु भएकामा मधेश प्रदेशमा आक्रोश कायमै थियो । सरकारविरुद्ध नाराबाजी चलिरहेको थियो । गृहमन्त्री गुरुङ आउनुअगावै यादवको घरछेउमा तनावको अवस्था बनेको थियो । कतिपयले गृहमन्त्रीलाई त्यहाँ आउन नदिनेसमेत बताइरहेका थिए । 'गृहमन्त्री परिवार भेट्न खोजिरहनुभएको थियो तर कतिपय समूहले अवरोध गर्न खोजे,' सिरहाका रास्वपा सांसदसमेत रहेका पूर्वमन्त्री बब्लु गुप्ताले कान्तिपुरसँग भने, 'तर अवरोधका बीचमा पीडितलाई भेट्न गयौं, आखिर यसको समाधान वार्ता मात्रै थियो ।'

गृहमन्त्री गुरुङ सांसदहरू बब्लु गुप्ता, शिव यादव, पुरुषोत्तम यादवलगायतलाई लिएर शुक्रबार राति करिब १२ बजेतिर गणेश यादवको घर पुगे । भावविह्वल आमाले आफ्नो छोरालाई प्रहरीले मारेको भन्दै बिलौना गरिन् । सांसद यादवले आफू पनि छोरा जस्तै भएको भन्दै थामथुम पार्ने कोसिस गरे । शनिबार बिहानै परिवारसँग ८ बुँदे सहमतिमा हस्ताक्षर भयो ।

यादव परिवारसँग भएको सहमतिमा पनि घटनाको छानबिन, सहिद घोषणा, क्षतिपूर्ति, मृतकका दाइ र बहिनीलाई निःशुल्क स्वास्थ्य र शिक्षा लगायतको व्यवस्था राज्यले गर्ने उल्लेख छ । पूर्वमन्त्री गुप्ताका अनुसार अहिले पनि मधेशमा ठाउँठाउँमा कर्फ्यु र निषेधाज्ञा भएकाले विभिन्न पक्षसँग संवाद र कुराकानी गर्ने क्रम चलिरहेको छ । 'कुनै पनि अवस्थामा शान्ति कायम गर्नलाई सबै जना लागिपरेका छौं,' उनले कान्तिपुरसँग भने ।

गृहमन्त्री गुरुङले तराईमा चलिरहेको आन्दोलनमा संगठित उपस्थिति देखाइरहेको हिन्दु सम्राट सेनासँग शनिबार संवाद थालेका छन् । तराई-मधेशमा साम्प्रदायिक तनावको पूर्वानुमानसहित तयार गरेर सशस्त्र प्रहरीले तीन वर्षअघि बुझाएको गोप्य प्रतिवेदनमा समेत यो समूहलाई चुनौतीका रूपमा देखाइएको थियो । अहिले सुरक्षा संयन्त्रको सुझावसमेतका आधारमा गृहमन्त्री गुरुङसहितको टोलीले जिल्ला प्रशासन कार्यालय धनुषामा यसका प्रतिनिधिसँग छलफल थालेको हो ।

छलफलमा रास्वपा सांसद मनीष झा र राजकिशोर महतोसमेत उपस्थित छन् । हिन्दु सम्राट सेनाले सुनसरीको कप्तानगन्जमा गोली चल्नुअघि विद्युत् आपूर्ति बन्द गरिएको विषयमा छानबिन हुनुपर्ने, मृतकलाई सहिद घोषणा गर्नुपर्ने, मृतकका परिवारले उचित राहत पाउनुपर्ने र नेपाललाई हिन्दु राष्ट्र घोषणा गर्नुपर्ने माग राखेको छ ।

गृहमन्त्री गुरुङले तराई-मधेश पुगेर उपचाररत घाइतेसँग भेट, मृतकका परिवार र स्थानीयस्तरमा सरोकारवालासँग संवाद गर्नुका साथै सुरक्षा व्यवस्थासमेत मजबुत पारिएपछि तनाव क्रमशः साम्य हुँदै गएको छ ।

नेपाल प्रहरीका पूर्वएआईजी भीम ढकाल यस प्रकरणमा देखिएका घटनाक्रमले धार्मिक तनाव, दंगाको अवस्थामा सुरक्षा र प्रशासनले सहजीकरण मात्र गर्ने, समाधानका लागि समग्र नागरिक समाज, राजनीतिक दल र विभिन्न पक्षबीच संवाद चाहिन्छ भन्ने देखाएको बताउँछन् । 'तत्काल सम्बोधन गर्न ढिला गर्दा अवस्था कसरी बिग्रिन पुग्छ भन्ने पनि यस पटक देखिएको छ,' उनले कान्तिपुरसँग भने, 'अरू अपराधमा घटना भएपछि अनुसन्धान हुन्छ भने यसमा चाहिँ घटना हुनै नदिने गरी काम गर्ने जिम्मेवारी गृह प्रशासनको हो । यसका लागि तनाव हुन सक्ने क्षेत्र पहिचान गरेर अप्रिय घटना हुन नदिन सक्रियता देखाउनुपर्छ ।'

# शशांकको नेतृत्वमा दल गठन गर्ने कांग्रेस असन्तुष्ट पक्षको संकेत

कुलचन्द्र न्यौपाने (काठमाडौं)

**२९ साउनको राष्ट्रिय भेलाका लागि शशांक कोइरालाको नेतृत्वमा ५ सय २१ सदस्य मूल आयोजक समिति घोषणा, भेलासम्म एकता नभए नयाँ दल खोल्ने गृहकार्य, नयाँ दलको नाममा 'नेपाली राष्ट्रिय कांग्रेस' चर्चा**

कांग्रेसको असन्तुष्ट समूहले पूर्वमहामन्त्री शशांक कोइरालाको संयोजकत्वमा ५ सय २१ सदस्यीय राष्ट्रिय भेला मूल आयोजक समिति गठन गरेको छ । पार्टी एकता प्रयास असफल भए नयाँ दल दर्ता गर्ने तयारी गरिरहेको समूहले २९ साउनमा हुने राष्ट्रिय भेलाका लागि शनिबार मूल आयोजक समिति घोषणा गरेको हो ।

चुनदेवीस्थित सम्पर्क कार्यालयमा शनिबार पत्रकार सम्मेलन गर्दै मूल आयोजक समिति सार्वजनिक गरिएको हो । राष्ट्रिय भेलासम्म संस्थापन पक्षसँग सहमति नभए कोइरालाको नेतृत्वमा नयाँ दल गठन गर्ने योजना बनिरहेको नेताहरूको भनाइ छ । उनीहरूका अनुसार एकताको सहमति नभए राष्ट्रिय भेलाबाट नयाँ राजनीतिक दल घोषणा गर्ने विकल्पसहित गृहकार्य भइरहेको छ ।

राष्ट्रिय भेलाका लागि मूल आयोजक समितिअन्तर्गत राजनीतिक प्रस्ताव, समसामयिक राजनीतिक प्रस्ताव, सांगठनिक तयारी, विधान संशोधन मस्यौदा, आर्थिक नीति, प्रचारप्रसारलगायत १६ वटा समिति गठन गरिएका छन् । मूलतः विधान संशोधन, राजनीतिक प्रस्ताव र सांगठनिक संरचनासम्बन्धी उपसमिति नयाँ दल गठन गर्ने योजनासाथ बनाइएका छन् । 'नयाँ दलको सम्भावित संरचना, विचार, नीति तथा विधानको प्रारम्भिक मस्यौदा तयार पार्न यी समिति बनाइएका हुन्,' असन्तुष्ट पक्षका एक नेताले भने ।

नेता मीन विश्वकर्माले राष्ट्रिय भेला पार्टीलाई नयाँ कार्यदिशा दिने उद्देश्यले आयोजना गर्न लागिएको बताए । 'त्यतिन्जेलसम्म कुनै सकारात्मक परिणाम आएन भने नयाँ स्वरूपमा जान्छौं, हलले शशांक कोइरालालाई अस्वीकार गरे मात्रै अर्को विकल्प आउने हो,' उनले भने, 'पहिलो प्राथमिकता उहाँ नै हो ।'

असन्तुष्ट पक्षमा नयाँ दलको नाम र चुनाव चिह्नबारे समेत चर्चा हुन थालेको छ । अधिकांश नेता ऐतिहासिक विरासत जोडिएको 'नेपाली राष्ट्रिय कांग्रेस' नाम राख्नुपर्ने पक्षमा छन् । बीपी कोइरालाको सक्रियतामा १२ माघ २००३ मा नेपाली राष्ट्रिय कांग्रेस स्थापना भएको थियो । सुवर्णशमशेर र महावीरशमशेरको नेतृत्वमा १ साउन २००५ मा नेपाल प्रजातन्त्र कांग्रेस गठन भयो । राणाशासनविरुद्धको आन्दोलनलाई एउटै शक्तिका रूपमा अघि बढाउन यी दुई दल २७ चैत २००६ मा एकीकृत भएर नेपाली कांग्रेस बनेको थियो । चुनाव चिह्न भने हिन्दु मत आकर्षित गर्ने लक्ष्यसाथ शंख राख्नुपर्ने तर्क कतिपय नेताले गरिरहेका छन् ।

राष्ट्रिय सभाका सदस्यसमेत रहेका असन्तुष्ट पक्षका नेता जितजंग बस्नेतले नाम र चुनाव चिह्नबारे कुनै टुंगो नभएको बताए । 'पार्टीको नाम कांग्रेस नै जोडिएर हुन्छ, चुनाव चिह्न मेरो प्रस्ताव त सिट्ठी राख्नुपर्छ भन्ने छ,' उनले भने, '२९ साउनसम्म पार्टी एकता भइहाल्छ कि भन्ने छ । तर अहिलेसम्म त्यसखालको कुनै पनि प्रयास भएको छैन । एकता भएन भने त्यतिबेलै पार्टीको नाम र चुनाव चिह्न टुंगो लाग्छ ।'

असन्तुष्ट पक्षको पत्रकार सम्मेलनमा कोइरालाको दायाँबायाँ पूर्वपदाधिकारीहरू विमलेन्द्र निधि, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, प्रकाशशरण महत, एनपी साउद लगायतका नेताहरू थिए । पूर्वसभापति शेरबहादुर देउवा पक्षको नेतृत्व सम्हाल्दै आएका नेता पूर्णबहादुर खड्का र अर्का नेता शेखर कोइराला भने उपस्थित थिएनन् ।

खड्का र शेखर कोइरालाले नयाँ दलको नेतृत्व लिने पक्षमा आफूहरू नभएको निकटस्थ नेताहरूसँग बताउँदै आएका छन् । बीपीको ४४ औं स्मृति दिवसका अवसरमा ६ साउनमा असन्तुष्ट पक्षले कमलादीस्थित प्रज्ञा भवनमा गरेको भेलामा खड्काले युवालाई नेतृत्व दिएर आफूहरू पछाडिबाट सहयोग गर्ने बताएका थिए । शेखर कोइरालाले भने यसबारेमा केही बताएका थिएनन् ।

राष्ट्रिय भेलाको अभियानमा नेता शेखर कोइरालाको पनि समर्थन रहेको दाबी शशांकले गरेका छन् । शशांक बीपीका कान्छा छोरा र शेखर बीपीका भाइ केशवप्रसादका छोरा हुन् । शेखर कोइराला विराटनगरमा रहेका कारण शनिबारको पत्रकार सम्मेलनमा उपस्थित हुन नसकेको शशांकको भनाइ छ । 'शेखर दाइसँग मेरो पटक-पटक छलफल र उठबस भएको छ । आज पनि पत्रकार सम्मेलनमा आउने कुरा थियो । विराटनगरमा भएकाले आउन सक्नुभएन,' उनले पत्रकार सम्मेलनमा भने ।

शेखरनिकट नेता बद्री पाण्डेले नयाँ दलमा गएर समर्थन गर्ने वा नेतृत्व लिने विषयबारे आफूलाई जानकारी नभएको बताए । उनका अनुसार छुट्टै दल खडा गर्नेतिर भन्दा पनि एकताकै लागि प्रयास भइरहेको उनको भनाइ छ । अघिल्लो बिहीबार सभापति गगन थापा र नेता शेखर कोइरालाबीचको भेटवार्ता सकारात्मक दिशामा अघि बढेको उनको दाबी छ ।

# नेपाल-भारत सीमा...

एसओसीको लखनउ बैठकले गत वर्ष सम्पन्न बीडब्लूजीको सातौं बैठकमा भएका सहमतिहरू कार्यान्वयन गर्न आवश्यक योजना र बजेट अनुमोदन गर्ने अपेक्षा गरिएको छ । नेपालको प्रतिनिधिमण्डलको नेतृत्व नापी विभागका उपमहानिर्देशक सुशील डंगोलले गर्नेछन् ।

गत वर्ष ३० जुलाईमा बसेको बीडब्लूजी बैठकमा दुवै मुलुकले हराएका सीमास्तम्भ पुनःस्थापना गर्ने, क्षतिग्रस्त स्तम्भहरूको संयुक्त रूपमा मर्मत गर्ने तथा अन्य प्राविधिक सीमासम्बन्धी काम तीन वर्षभित्र सम्पन्न गर्ने सहमति गरेका थिए । साथै, दशगजा क्षेत्रमा भएका अतिक्रमणहरूको अभिलेख तयार गर्ने र दुवै मुलुकका नागरिकका सीमापार सम्पत्तिको विवरण संकलन गर्ने निर्णय पनि गरिएको थियो । 'सहमतिको दुई वर्ष बितिसकेको छ । अब बाँकी रहेको एक वर्षको कार्ययोजना तय गर्न आगामी बैठक महत्त्वपूर्ण हुनेछ,' नापी विभागका एक अधिकारीले भने ।

लखनउमा हुने बैठकको कार्यसूची अन्तिम रूप दिएर दुवै पक्षबीच आदानप्रदान भएपछि छलफल हुने विषयहरू अझ स्पष्ट हुने नेपाली सरकारी अधिकारीहरूको भनाइ छ । नापी विभागका अधिकारीहरूका अनुसार आगामी बैठकमा ग्लोबल पोजिसनिङ सिस्टम (जीपीएस) आधार केन्द्रहरूको स्तरोन्नतिबारे पनि समीक्षा हुनेछ । नेपाल र भारतले हाल सीमास्तम्भहरूको अवस्थिति निर्धारण गर्न नेपाल-भारत सीमा ग्लोबल नेभिगेसन स्याटेलाइट प्रणाली (एनआईबी जीएनएसएस) प्रयोग गर्दै आएका छन् ।

नेपालले सन् २०२० मा नयाँ राजनीतिक नक्सा जारी गरेपछि सीमा विषय नेपाल-भारत सम्बन्धको प्रमुख एजेन्डा बनेको थियो । यद्यपि, सीमासम्बन्धी प्राविधिक सहकार्य भने यसअघि नै सुरु भएको थियो । सन् २०१४ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणका क्रममा बीडब्लूजी गठन गर्ने सहमति भएको थियो । यो संयन्त्रलाई दशगजा क्षेत्र खाली गराउने, सीमास्तम्भ निर्माण, पुनःस्थापना तथा मर्मत गर्ने, सीमापार सम्पत्तिको अभिलेख अद्यावधिक गर्नेलगायतका जिम्मेवारी दिइएको थियो । सन् २०१५ मा यी काम तीन वर्षभित्र सक्ने लक्ष्य राखिएको थियो । लक्ष्य पूरा नभएपछि सन् २०१७ मा समयसीमा थपेर २०२२ सम्म काम सम्पन्न गर्ने निर्णय गरियो । तर, कोभिड महामारी र सन् २०२० को सीमा विवादपछि बिग्रिएको द्विपक्षीय सम्बन्धका कारण बीडब्लूजीको बैठक पनि लामो समय बस्न सकेन ।

कालापानी र सुस्ताबाहेकका क्षेत्रका नवीनतम सीमा नक्साहरू सन् २००७ को सहमतिअनुसार जीपीएस प्रविधिबाट तयार गरिएका थिए । ती १८२ वटा नक्सा सिटका आधारमा बीडब्लूजीले हराएका सीमास्तम्भ पुनःस्थापना गर्ने, क्षतिग्रस्त स्तम्भ मर्मत गर्ने, दशगजा क्षेत्र खाली गराउने तथा सीमापार सम्पत्तिको अभिलेख तयार गर्ने जिम्मेवारी पाएको छ । नापी विभागका अनुसार नेपाल-भारत सीमामा कुल ८,५५४ वटा सीमास्तम्भ छन् । तीमध्ये १,३२५ वटा हराएका छन् भने १,९५६ वटा आंशिक वा पूर्ण रूपमा क्षतिग्रस्त अवस्थामा छन् । नेपाल र भारतबीच १,८८० किलोमिटर लामो खुला सीमा छ, जुन नेपालका २७ जिल्लासँग जोडिएको छ । कोभिड महामारीअघि झापा, सुनसरी, कैलाली र पर्सा जिल्लामा सीमासम्बन्धी प्राविधिक काम सम्पन्न भइसकेको थियो ।

नेपालको सशस्त्र प्रहरी बल (एपीएफ) र भारतको सशस्त्र सीमा बल (एसएसबी) ले संयुक्त रूपमा केही सीमास्तम्भको मर्मत गरिसकेका छन् । अधिकारीहरूका अनुसार नयाँ स्थलगत तथ्यांकको समेत समीक्षा गरी थप कुन-कुन सीमास्तम्भ निर्माण, मर्मत वा संरक्षण गर्नुपर्ने हो भन्ने निर्धारण गरिनेछ । विगतमा नदीहरूले धार परिवर्तन गरेपछि हजारौं हेक्टर जमिन सीमाको दुवैतर्फ सरेको छ । एसओसी र एफएसटीले अहिले ती परिवर्तन अभिलेखीकरण गरिरहेका छन् । अधिकारीहरूका अनुसार यही प्राविधिक विवरणले भविष्यमा नेपाल र भारत सरकारले गर्ने सीमासम्बन्धी निर्णयका लागि आधार प्रदान गर्नेछ ।

# निम्सदाइ : हिमालमै कीर्तिमानी...

सैनिक सेवा र पर्वतारोहणमा पुर्‍याएको योगदानका लागि सन् २०१८ मा उनलाई 'मेम्बर अफ द अर्डर अफ द ब्रिटिस एम्पायर (एमबीई)' बाट सम्मान गरिएको थियो । ३० अक्टोबर २०१९ को बिहान काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उनको प्रतीक्षामा पत्रकारहरूको ठूलो भीड लागेको थियो । आगमन कक्षबाट बाहिरिँदा उनी यति धेरै फूलमालाले ढाकिएका थिए कि गर्धन चलाउनसमेत मुस्किल परेको थियो । उनले ८ हजारभन्दा अग्ला सबै १४ वटा हिमाल आरोहणमा कीर्तिमान कायम गरेका थिए ।

त्यो ऐतिहासिक अभियान सहजै सम्भव भने भएको थिएन । आर्थिक स्रोत जुटाउन पुर्जाले स्पेसल बोट सर्भिसको जागिर छाडेका थिए । 'मैले बेलायतको जागिर छाडें, पेन्सन त्यागें र हिमाल आरोहण अभियानका लागि बेलायतस्थित आफ्नो घर पनि बेचें,' उनले त्यस बेला पत्रकारहरूसँग भनेका थिए, 'यो सम्भव छ भनेर कसैले विश्वास गरेका थिएनन् । प्रोजेक्ट पसिबल सुरु गर्दा धेरैले मेरो खिल्ली उडाएका थिए ।'

पुर्जा परम्परागत ढंगले पर्वतारोहणमा आएका व्यक्ति थिएनन् । सन् २०१२ मा एभरेस्ट आधार शिविरसम्मको सामान्य पदयात्राका रूपमा सुरु भएको उनको यात्रा शिखर आरोहणसम्म पुग्यो । यही अनुभवले आफूभित्र हिमालप्रतिको महत्त्वाकांक्षा जगाएको उनले बताएका थिए ।

त्यसपछि धेरै पर्वतारोहीलाई वर्षौं वा दशकौं लाग्ने उपलब्धि उनले केही महिनामै हासिल गरे । सन् २०१९ को उनको कीर्तिमानी अभियान, जसलाई नेटफ्लिक्सको वृत्तचित्र '१४ पिक्स : नथिङ इज इम्पसिबल' मा समेटिएको छ, जहाँ उनले नेपाल, पाकिस्तान र तिब्बतका ती हिमाल आरोहण गरेको देखाइएको छ । उनले २९ अक्टोबर २०१९ मा तिब्बतको सिसापाङ्मा आरोहण गरेर अभियान पूरा गरेका थिए । उक्त टोलीमा मिङ्मा डेभिड शेर्पा, गेसमान तामाङ, गाल्जेन शेर्पा, लाक्पा डेन्डी शेर्पा र हालुङ दोर्ची शेर्पा सहभागी थिए ।

पुर्जाका लागि हिमाल आरोहणको कीर्तिमान केवल गति वा समयको विषय थिएन । २३ अप्रिल २०१९ मा अन्नपूर्णबाट ओर्लंदै गर्दा उनले आफ्नो अभियान रोक्दै करिब ४० घण्टादेखि खाना, पानी र अतिरिक्त अक्सिजनबिनै अलपत्र परेका मलेसियाली पर्वतारोही चिन वुई किनको उद्धार गरेका थिए । पुर्जाले उनलाई तल झारेका थिए । पछि सिंगापुर उपचारका क्रममा ती मलेसियाली पर्वतारोहीको मृत्यु भयो । कञ्चनजंघा आरोहणका क्रममा पनि पुर्जाले आफ्नो आरोहण अभियान त्यागेर अन्य पर्वतारोहीको उद्धार गरेका थिए । '८ हजार ४ सय ५० मिटरको उचाइमा हामीले आफ्नो अक्सिजन दिएर तीन पर्वतारोहीको उद्धार सुरु गर्‍यौं,' त्यतिबेला उनले सम्झिएका थिए, 'त्यो आत्मघाती प्रयासजस्तै थियो र सम्भवतः मेरो जीवनकै सबैभन्दा कठिन क्षण पनि ।'

अभियानका क्रममा अन्तिम हिमाल तिब्बतको सिसापाङ्मा आरोहणमा भने कठिन मौसम वा उचाइ नभई राजनीति तगारो बन्यो । उनले आरोहणका लागि अनुमति मागे पनि चीनले पटकपटक अस्वीकार गरेपछि नेपाल सरकारले बेइजिङसँग कूटनीतिक पहल नै गर्नुपर्‍यो । त्यसपछि १५ अक्टोबर २०१९ मा उनले अनुमति पाए । 'अभियानका क्रममा उच्च हिमाली क्षेत्रमा मानिसहरूको उद्धार गर्नेदेखि डोरी टाँग्ने, अक्सिजन उपलब्ध गराउने, नयाँ मार्ग खोल्ने र रातभर नसुती काम गर्नेसम्मका धेरै भूमिका हामीले निर्वाह गर्‍यौं,' पुर्जाले त्यति बेला भनेका थिए, 'अन्ततः हामीले लक्ष्य पूरा गर्‍यौं ।'

आफ्नै अभियानलाई अविश्वसनीय तर उत्कृष्ट संज्ञा दिएका पुर्जाले यात्राका क्रममा धेरै चुनौती सामना गरे । ल्होत्से आरोहणका क्रममा उनको अक्सिजनसमेत चोरी भएको थियो । काठमाडौं फर्किएपछि पत्रकारहरूसँग कुरा गर्दै उनले आफ्नो कीर्तिमानले नेपाली पर्वतारोहीको नयाँ पुस्तालाई 'दृढसंकल्प भए जे पनि सम्भव छ' भन्ने सन्देश दिने आशा व्यक्त गरेका थिए । उनले दक्षिण कोरियाका पर्वतारोही किम चाङ-होले बनाएको सात वर्ष १० महिना ६ दिनको अघिल्लो कीर्तिमान तोडे । साथै सन् १९८७ मा करिब आठ वर्ष लगाएर सबै १४ वटा ८ हजार मिटरभन्दा अग्ला हिमाल आरोहण गर्ने पहिलो व्यक्ति बनेका पोलिस पर्वतारोहणका महान् हस्ती जेर्जी कुकुच्काको उपलब्धिलाई पनि पछि पारे ।

तर पुर्जाको कीर्तिमान धेरै समय टिकेन । २७ जुलाई २०२३ मा नर्वेजियन पर्वतारोही क्रिस्टिन हरिलाले नेपाली आरोहण साझेदार तेन्जेन (लामा) शेर्पासँग मिलेर सबै १४ वटा हिमाल केवल ९२ दिनमा आरोहण गर्दै नयाँ विश्व कीर्तिमान कायम गरिन् । सन् २०१९ मा पुर्जाको आरोहण तालिका अविश्वसनीयजस्तै थियो । उनले अन्नपूर्ण र धौलागिरि आरोहण गरे, त्यसपछि कञ्चनजंघा पुगे । त्यसपछि सगरमाथा आरोहण गरेर सँगै जोडिएको ल्होत्से चढे, त्यहाँबाट हेलिकोप्टरमार्फत मकालु आधार शिविर पुगेर ४८ घण्टाभित्रै मकालु पनि आरोहण गरे । त्यसपछि पाकिस्तान पुगेर नांगा पर्वत, गाशरब्रुम-१, गाशरब्रुम-२, ब्रड पिक र केटु आरोहण गरे । अन्त्यमा नेपाल फर्केर मनास्लु, चो ओयु र अन्तिममा सिसपाङ्मा आरोहण गर्दै अभियान पूरा गरे । त्यही अभियानका क्रममा पुर्जाले एउटा तस्बिर खिचेका थिए, जुन दशककै सबैभन्दा चर्चित पर्वतारोहण तस्बिरमध्ये एक बन्यो । सगरमाथाको चुचुरो नजिक लामबद्ध रूपमा उभिएका पर्वतारोहीहरूको त्यस दृश्यलाई हिमालको 'ट्राफिक जाम' का रूपमा चित्रण गरियो । उक्त तस्बिर कान्तिपुर र द काठमान्डु पोस्टसहित विश्वका प्रमुख सञ्चारमाध्यमको पहिलो पृष्ठमा प्रकाशन भयो । त्यसले नेपाल सरकारलाई आरोहणसम्बन्धी नियम कडा बनाउन प्रेरित गर्‍यो ।

पछि पुर्जाले मिङ्मा डेभिड शेर्पासँग मिलेर 'एलिट एक्स्पेड' स्थापना गरे । जनवरी २०२१ मा मिङ्मा ग्याल्जे शेर्पासहित १० सदस्यीय नेपाली टोलीका सदस्यका रूपमा उनले पाकिस्तानको केटु हिमालको पहिलो सफल हिउँदे आरोहण गरे, जुन हिमाली पर्वतारोहणको अन्तिम ठूलो उपलब्धिमध्ये एक मानिन्थ्यो । कान्तिपुरसँगको अन्तर्वार्तामा उनले ८ हजार मिटरभन्दा अग्ला १४ वटा हिमालमध्ये आफूलाई साँच्चिकै डर लागेको एक मात्र हिमाल केटु भएको बताएका थिए ।

सन् २०२१ मा नेटफ्लिक्समा प्रदर्शन भएको वृत्तचित्र '१४ पिक्स : नथिङ इज इम्पसिबल' मार्फत पुर्जाको हिमाल यात्रा विश्वका १ सय ९१ देशका दर्शकमाझ पुग्यो । यसले नेपाली पर्वतारोहण समुदायको परिचय अन्तर्राष्ट्रिय रूपमा अझ फराकिलो पार्‍यो । पुर्जालाई पनि रातारात विश्वकै सबैभन्दा चर्चित पर्वतारोहीमध्ये एक बनायो । उनले सन् २०२० मा 'बियोन्ड पसिबल' नामक आत्मकथा प्रकाशन गरेका थिए, जसमा १६ वर्षे सैनिक जीवनबाट विश्व कीर्तिमानी पर्वतारोही बन्ने यात्राको वर्णन छ । त्यसपछिका वर्षमा उनले उच्च हिमाली आरोहणसँग सम्बन्धित थप गिनिज विश्व कीर्तिमान पनि कायम गरे । पुर्जाको सफलताले उनलाई अन्तर्राष्ट्रियस्तरमा नेपालका सबैभन्दा परिचित सार्वजनिक व्यक्तित्वमध्ये एक बनायो । उनले त्यसैलाई आधार बनाएर नेपाली पर्वतारोहीहरूको योगदानको अन्तर्राष्ट्रिय मान्यता, उच्च हिमाली क्षेत्रका कामदार र उनीहरूको समुदायको हितका लागि 'निम्स दाइ फाउन्डेसन' मार्फत अभियान चलाए । उनी हिमाली क्षेत्रको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय मञ्चहरूमा पनि सक्रिय थिए । पर्वतारोहणबाहेक उनले हवाई क्षेत्रमा पनि लगानी विस्तार गर्दै मुस्ताङ हेलिकोप्टर्सका अध्यक्ष बने ।

'उहाँ साहसी हुनुहुन्थ्यो । चुनौती मन पराउनुहुन्थ्यो । स्पष्ट बोल्नुहुन्थ्यो,' गत वसन्तमा १५ दिनभित्र चार पटक सगरमाथा आरोहण गरेका तथा सन् २०२४ मा सिसापाङ्माबाट शव ल्याउने अभियानमा पुर्जासँगै सहभागी भएका ३० वर्षीय तासी ग्याल्जेन शेर्पाले भने, 'उहाँको निधन पर्वतारोहण समुदायका लागि ठूलो क्षति हो ।' पुर्जाले नेपाली पर्वतारोहण समुदायको सोच नै परिवर्तन गरिदिएका थिए । 'उहाँ अत्यन्तै महत्त्वाकांक्षी हुनुहुन्थ्यो । उहाँले शेर्पाहरूलाई केवल हिमाल चढ्न होइन, लक्ष्य राखेर आरोहण गर्न सिकाउनुभयो,' शेर्पाले भने ।

पुर्जाको करियर विवादरहित भने रहेन । पर्यटन विभागले पुर्जा र एलिट एक्स्पेडमाथि अनुमति नलिई हेलिकोप्टरमार्फत सगरमाथाको क्याम्प-२ सम्म उडान गरेको तथा अनुमतिबिना उच्च हिमाली तालिम सञ्चालन गरेको आरोपमा अनुसन्धान गरेको थियो । २०२२ मा पुर्जाको कम्पनीसँग सम्बन्धित भाडाको घरमा अक्सिजन सिलिन्डर विस्फोट हुँदा घर ध्वस्त हुनुका साथै मानवीय क्षति भएको थियो । यस घटनापछि पीडितलाई क्षतिपूर्ति दिने विषयमा पनि पुर्जाको कम्पनीको आलोचना भएको थियो । पछि अदालतले कम्पनीलाई क्षतिपूर्ति तिर्न आदेश दिएको थियो । सन् २०२४ को आरोहण सिजनमा पुर्जाले सामाजिक सञ्जालमा भाइरल भएको एउटा भिडियो सार्वजनिक गर्दै प्रतिद्वन्द्वी शेर्पाहरूले सगरमाथाको दक्षिणी शिखरमाथि जानीजानी 'फिक्स्ड रोप' काटेको आरोप लगाएका थिए । त्यसपछि पर्वतारोहण समुदायमा तीव्र बहस चर्किएको थियो र सरकारले त्यसबारे अनुसन्धान गरेको थियो ।

त्यही वर्ष दुई महिला पर्वतारोहीले उनीमाथि यौन दुर्व्यवहारको आरोप लगाएका थिए, जसबारे 'द न्युयोर्क टाइम्स' ले समाचार प्रकाशन गरेको थियो । पुर्जाले भने आफूले कुनै पनि गलत कार्य नगरेको भन्दै ती आरोप पूर्ण रूपमा अस्वीकार गरेका थिए । पुर्जाकी पत्नी सूची पुर्जा बेलायती गोर्खा सैनिककी छोरी हुन् । यो दम्पतीकी एक छोरी हिमानी छिन् । पुर्जाको परिवारले बेलायत र नेपाल दुवै देशमा समय बिताउने गर्थ्यो । पुर्जाले तीन वर्षअघि गैरआवासीय नेपाली (एनआरएन) नागरिकता प्राप्त गरेका थिए ।

# मधेश शान्त नभएसम्म...

कुन तहसम्म जान सक्छ भन्ने आकलन गरेर नै हामी बल्ल फिल्डमा गएका हौं । त्यो भन्दैमा सरकार पहिले त्यहाँ नपुगेको होइन । हाम्रो स्वास्थ्यमन्त्रीज्यू सुरुमै त्यहाँ पुग्नुभएको हो । हामी सुरक्षाको पाटो हेर्दै गर्छौं तर पीडितलाई भेट्ने काम गर्दै गर्नुहोला भनेर पठाएका हौं । उहाँको क्षेत्रसमेत भएकाले सजिलो भयो । गृहमन्त्री मात्र त्यहाँ नपुगेको हो तर सरकारको उपस्थिति त्यहाँ थियो ।

**प्रायः तपाईं कुनै घटना हुनेबित्तिकै फिल्डमा पुग्नुहुन्थ्यो, यसमा चाहिँ अलमल भएको हो ?**

अलमल भएको होइन । यो कहाँसम्म पुग्छ भन्नेमा सुरुमै ब्रिफिङ भइसकेको थियो । कता मोडिन सक्थ्यो भन्ने ब्रिफिङ भइसकेको थियो । त्यसैले गम्भीरतालाई हेरेर योजना बनाउनुपर्ने अवस्था थियो । कसैले आस्थाका नाममा खेलबाड गरेर द्वन्द्व सिर्जना गराउन सक्ने परिस्थिति हुन सक्थ्यो । धर्मका नाममा रोटी सेक्ने, आस्थाका नाममा खेलबाड गर्ने हुन सक्थ्यो । धर्म भनेको त द्वन्द्व गर्नलाई होइन नि त, त्यसको पूर्वतयारीका लागि हामी काठमाडौंमा बसेका थियौं । तर, गृह मन्त्रालयको प्रतिनिधि सबै पुग्नुभएको थियो । म ढिलो-चाँडो जानैपर्ने थियो तर पछि एकदमै हाम्रो धर्म, आस्थामाथि धेरैले खेल्न खोजेको हुनाले आफैं फिल्डमा पुग्नुपर्‍यो । र, सम्झाइबुझाइ गरेर माग सम्बोधन गर्नका लागि हामी आफ्नै नागरिकको ढोकामा पुगेर अझै राम्रोसँग कसरी चित्त बुझाउन सक्छौं, त्यसलाई चाहिँ हामीले सफलतापूर्वक काम सिध्याएर बल्ल यो स्थितिमा छौं ।

**अहिले समग्रमा मधेश तराईको शान्तिसुरक्षा कस्तो छ ?**

अहिले स्थिति सामान्य छ, काहीँ द्वन्द्व भएको छैन । तर, अहिले सुरक्षा निकायलाई पनि त्यहीअनुसार निर्देशन दिएका छौं । पीडित परिवारसँग सम्झौता भइसकेको छ । यो अवस्थामा कसैले आएर धर्मका नाममा, आस्थाका नाममा द्वन्द्व फैलाउने काम गर्छ, अराजक अभिव्यक्ति दिन्छ, कसैका अभिव्यक्तिले समाजमा घृणा फैलाउँछ भने त्यो तुरुन्त नियन्त्रणमा लिएर कडाभन्दा कडा कारबाही गर्न निर्देशन दिइसकिएको छ । त्यसपछि पूरै ढुक्क भइसकेपछि मात्र काठमाडौं फर्कनेछु ।

**भनेपछि तपाईं पूर्ण रूपमा शान्त नभएसम्म काठमाडौं फर्किनुहुन्न ?**

हो, अहिले फर्किन्नँ ।

**यसअघि ड्रोनबाट समेत गृह मन्त्रालयले निरीक्षण गरेको भन्ने विवरण आएको छ, त्यस्तो हो ?**

पेट्रोलिङको हिसाबमा ड्रोनबाट निगरानी गरिरहेको अवस्था थियो । तर, यसपालि हामीले ड्रोनचाहिँ माइक अनाउन्समेन्ट गर्नेदेखि एरियल सर्भिलेन्स गर्ने कुरामा मधेशमा प्रशस्त पठाएको अवस्था छ ।

# ‘विश्वकप बेच्ने’ इन्फान्टिनोको योजना रद्द

## फिफाले फिर्ता लियो निजी कम्पनीलाई सेयर बेच्ने विवादास्पद योजना

**एएफपी** (पेरिस)




अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) का अध्यक्ष जियानी इन्फान्टिनोले शनिबार विश्वकपसँगै आफ्ना प्रमुख प्रतियोगिताको सेयर बिक्री गर्ने विवादास्पद योजना फिर्ता लिएको बताएका छन् ।

आफ्नो प्रस्तावको व्यापक विरोध भएपछि इन्फान्टिनाले यो योजना नै रद्ध गर्न बाध्य भएका हुन् । यसअघि युरोपेली फुटबल महासंघ (यूईएफए) ले फिफाको यो प्रस्ताव कायम रहेसम्म विश्वकप नै बहिष्कार गर्ने धम्की दिएको थियो । उत्तर, मध्य अमेरिका र क्यारेबियन फुटबल महासंघ (कन्काकाफ) तथा एसियाली फुटबल महासंघ (एएफपी) ले पनि प्रस्तावको विरोधमा विज्ञप्ति नै जारी गरेको थियो ।

इन्फान्टिनोले भनेका छन्, ‘यो योजनाले विश्व फुटबलमा विभाजन सिर्जना गरेको र यस यसको मूल उद्देश्य नै यो खेलको हितमा नभएको स्पष्ट भएको छ । त्यसैले अब यो प्रस्ताव अगाडि बढाइने छैन ।’ फिफा र इन्फान्टिनोका लागि यो योजना फिर्ता लिनु ठूलो धक्का रहेको छ ।

विवादास्पद योजना फिर्ता लिने फिफाको कार्यलाई एएफसीले शनिबार स्वागत गरेको छ । फिफाका २ सय ११ सदस्य राष्ट्र छन् । तर एएफसीको ४७, कन्काकाफका ४१ र यूईएफएका ५५ गरी कुल १ सय ४३ राष्ट्र इन्फान्टिनोले ल्याएको प्रस्तावको विपक्षमा उभिएको थियो । यसले इन्फान्टिनोको अध्यक्ष पदलाई पनि अप्ठ्यारो पार्ने सम्भावना बढ्दै गएको छ ।

इन्फान्टिनो सन् २०१६ मा एएफसीका अध्यक्ष शेख सलमानलाई ११५-८८ मतले पराजित गर्दै फिफाको अध्यक्ष बनेका थिए । आउँदो मार्चमा मोरक्कोमा हुने ७७ औं कंग्रेसबाट फिफाको नयाँ अध्यक्ष चुनिने कार्यक्रम छ । त्यसका लागि नोभेम्बर १८ सम्म मनोनयन दर्ता गराइसक्नुपर्नेछ । विवादास्पद यो प्रस्ताव ल्याउनुअघि इन्फान्टिनो सर्वसम्मत पुनः अध्यक्ष बन्ने तय जस्तै भइसकेको थियो । युरोपका केही राष्ट्रले यसमा सहमत जनाइसकेका थिए । तर पछिल्लो घटनाक्रमले उनलाई समर्थन गर्नेको सदस्य संख्या घटिसकेको छ ।

इन्फान्टिनोको यो योजना स्वीकृत भएको भए फिफाले आफ्ना २ सय ११ सदस्य प्रत्येक देशलाई सन् २०२७ को सुरुमा एकमुष्ट २ करोड डलर प्रदान गर्ने थियो । सन् २०२७ देखि २०३० को अवधिका लागि यस्तो अनुदान बढाउन लागेको थियो । यस योजनाअनुसार निजी लगानीकर्तालाई पनि त्यस कम्पनीको सेयर किन्न अनुमति दिइनेछ । तर उनीहरू अल्पमतका सेयरधनी मात्र हुनेछन् ।

यो कार्यक्रमलाई जोसुआ कुस्नरको लगानी रहेको कम्पनी थ्राइभ क्यापिटलले चलाउने तय भएको थियो । कुस्नरको दाइ जारेड कुस्नर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका ज्वाइँ हुन् । फिफाको यो योजना इन्फान्टिनोको ११ वर्षको कार्यकालकै सबैभन्दा महत्त्वाकांक्षी मानिएको थियो, अन्त्यमा यो विश्व खेलकुदकै सबैभन्दा विवादास्पद बनेको छ ।

यसका लागि इन्फान्टिनोले फुटबलका मुख्य सरोकारवालाहरूसँग सल्लाह भने गरेको थियो, जुन उनका लागि आत्मघाती निर्णय बन्न पुग्यो । यसअघि इन्फान्टिनोले फिफा शान्ति पुरस्कार स्थापना गर्नेसँगै चार वर्षको सट्टामा दुई-दुई वर्षमा विश्वकप गर्ने जस्ता विवादास्पद प्रस्ताव राखेका थियो । विश्वकपको ठीक अघि अमेरिकी राष्ट्रपति ट्रम्पलाई विनाप्रक्रिया फिफा शान्ति पुरस्कार दिइएकोमा युरोपेली राष्ट्रले इन्फान्टिनोको नैतिकतामाथि प्रश्न उठाएको थियो ।

निजी लगानी योजनाको योजना प्रस्तुत गर्ने अध्यक्ष इन्फान्टिनोलाई उनका वरिष्ठ सल्लाहकार कार्लोस कोर्डेइरोले कडा वक्तव्य जारी गर्दै आफ्नो पदबाट राजीनामा दिएपछि ठूलो धक्का लागिसकेको थियो । राजीनामापछि उनले भनेका थिए, ‘फिफा अध्यक्षको वरिष्ठ सल्लाहकार, पूर्व बैंकर र जीवनभरको फुटबल प्रशंसक भएको नाताले फिफाले विश्वकपको सेयर बेच्ने विचारको चुपचाप हेरेर बस्न सक्दिनँ ।’

सबैभन्दा पहिला यूईएफएले यसको विरोध गरेको थियो । यूईएफएको बिहीबार बसेको आकस्मिक बैठकले यो प्रस्ताव ठाडै अस्वीकार गर्दै विश्वकप नखेल्ने निर्णय गरी विज्ञप्तिमा भनेको थियो, ‘विश्वकपलाई लगानी उत्पादनको रूपमा व्यवहार गर्नुहुँदैन, यसको कुनै भाग निजी लगानीकर्तालाई कहिल्यै दिनुहुँदैन, विश्वकप बिक्रीका लागि होइन ।’

### साफ च्याम्पियनसिप ‘ड्र’

# प्रतिबन्ध फुकुवा भए नेपाल समूह ‘ए’ मा रहने

**कान्तिपुर संवाददाता** (काठमाडौं)




दक्षिण एसियाली राष्ट्रबीच हुने फुटबल प्रतियोगिता साफ च्याम्पियनसिप २०२६ को ‘ड्र’ शनिबार सार्वजनिक गरिएको छ । पहिलो पटक ‘ड्र’ मा नेपालको सहभागिता रहेन ।

अन्तर्राष्ट्रिय फुटबल महासंघ -फिफा) को प्रतिबन्धमा रहेका कारण नेपाललाई साफ च्याम्पियनसिप ‘ड्र’ मा सहभागी नगराइएको हो । तर प्रतियोगिता सुरु हुनु अगाडिसम्म प्रतिबन्ध फुकुवा भए नेपाललाई प्रतियोगितामा सहभागी गराइने दक्षिण एसियाली फुटबल महासंघले जनाएको छ ।

भुटानको थिम्पुमा शनिबार आयोजित कार्यक्रममा भएको ‘ड्र’ अनुसार समूह ‘ए’ मा आयोजक बंगलादेश, श्रीलंका र भुटान परेका छन् । प्रतिबन्ध फुकुवा भएमा नेपालले यही समूहमा रहेर खेल्न पाउनेछ । समूह ‘बी’ मा भने चिरप्रतिद्वन्द्वी भारत र पाकिस्तानसहित माल्दिभ्स रहेको छ । ४-१७ नोभेम्बरसम्म साफ च्याम्पियनसिप बंगलादेशको ढाकामा हुने तालिका छ । प्रतियोगितामा सुरुमा लिग चरणका खेल हुनेछ । दुवै समूहको शीर्ष दुई टिम सेमिफाइनल प्रवेश गर्नेछ ।

च्याम्पियनसिपको १४ संस्करणसम्म आइपुग्दा नेपाल एक पटकमात्र फाइनल पुगेको छ । २०२१ मा माल्दिभ्समा भएको प्रतियोगितामा नेपाल फाइनलमा भारतसँग ३-० ले पराजित भएको थियो । साबिक विजेतासमेत रहेको भारतले नौ पटक उपाधि जितिसकेको छ । सुरुदेखि प्रतियोगितामा सहभागिता जनाउने टोलीमा नेपाल र भारतमात्र रहेको छ । त्यसपछि बंगलादेश र श्रीलंकाले समान १३ पटक सहभागिता जनाएका छन् । साफ च्याम्पिनयसिपमा च्याम्पियन बन्न नसक्ने नेपाल, पाकिस्तान र भुटानमात्र हो ।

# सीसीआरसी र मनास्लु फाइनलमा

काठमाडौं (कास)- सीसीआरसी र मनास्लुले एसआरसी प्लस टु अन्तरकलेज छात्र बास्केटबल प्रतियोगिताको फाइनलमा स्थान बनाएका छन् । फाइनल मंगलबार हुनेछ ।

कीर्तिपुरस्थित कभर्डहलमा शनिबार सेमिफाइनलमा सीसीआरसीले केभीसीलाई ९७-७२ स्कोरले हरायो । सीसीआरसीका विसन खड्काले ३१ स्कोर जोडे । पहिलो क्वाटर २२-२२ को बराबरीमा टुंगियो । दोस्रोमा ३३-१४ को अग्रता लिएको सीसीआरसी तेस्रोमा २२-२३ र चौथोमा २०-१३ ले आफ्नो पक्षमा पार्दै जित निकाल्न सफल भयो ।

अर्को सेमिफाइनलमा मनास्लुले पुष्पसदनलाई ७५-६८ स्कोरले हराउँदा दिवस मगरले १६ स्कोर गरे । तेस्रो क्वाटरको समाप्तिसम्म मनास्लु ६ स्कोरले पछि थियो । त्यसपछि पुनरागमन गरेको मनास्लु तेस्रोमा २१-१३ र चौथोमा २९-१६ को अग्रता लिँदै जित हात पार्न सफल भयो ।

# नेदरल्यान्ड्स कप्तानले पद त्यागे



काठमाडौं (कास)- नेदरल्यान्ड्सका कप्तान स्कट इडवार्डसले शुक्रबार राजीनामा दिएका छन् । नेपाल र नामिबियासँग घरेलु मैदानमा भएको क्रिकेट विश्वकप लिग २ शृंखला सकिएलगत्तै विकेटकिपर/ब्याटर इडवार्डसले पद त्याग गरेका हुन् ।

यस शृंखलामध्ये नेदरल्यान्ड्सले ४ मध्ये ३ खेल जितेको थियो । शुक्रबार अन्तिम खेलमा नामिबियासँग ६ विकेटको पराजयसँगै इडवार्डसले कप्तानबाट अलग हुने निर्णय गरे । उनले यस शृंखलामा नेपालसँग क्रमशः अविजित ६१ र ५७ तथा नामिबियाविरुद्ध ४० र शुक्रबारको खेलमा अविजित ६७ रनको इनिङ्स खेलेका थिए ।

नेदरल्यान्ड्स क्रिकेटको सामाजिक सन्जालबाट इडवार्डसले आफू नेतृत्वदायी भूमिकामा नरहने घोषणा गरे । तर उनी खेलाडीको रूपमा टोलीमा रहिरहने छन् । उनको स्थानमा नेदरल्यान्ड्सले तीव्र बलिङ अलराउन्डर बास डे लिडलाई कप्तानीको जिम्मेवारी दिएको जनाएको छ । नेदरल्यान्ड्सले यसै वर्ष यूएई र ओमानविरुद्ध लिग २ को अन्तिम शृंखला खेल्दा त्यसमा २६ वर्षे डे लिडले कप्तानी गर्नेछन् । नेदरल्यान्ड्स लिग २ को अंक तालिकामा दोस्रो स्थानमा छ ।

इडवार्डसले २०१८ देखि नेदरल्यान्ड्सबाट अन्तर्राष्ट्रिय खेल्दै आएका छन् । उनी पिटर सिलरको स्थानमा सन् २०२२ मा डच क्रिकेट टोलीको कप्तान बनेका थिए । इडवार्डसको कप्तानीमा नेदरल्यान्ड्सले एकदिवसीय अन्तर्राष्ट्रियमा ५६ खेलमध्ये २४ मा विजय हात पारेको थियो भने २९ मा पराजय भोगेको थियो । योक्रममा नेदरल्यान्ड्सले २०२३ को विश्वकपमा दक्षिण अफ्रिकाविरुद्ध धर्मशाला र बंगलादेशविरुद्ध कोलकातामा विजय हात पारेको थियो । विश्वकपमा छनोट हुनुअघि नेदरल्यान्ड्सले जिम्बावेमा भएको विश्वकप छनोटमा वेस्ट इन्डिजलाई पराजित गरेको थियो ।

ट्वान्टी-२० मा इडवार्डसको नेतृत्वमा नेदरल्यान्ड्सले ३ पटक विश्वकप खेलिसकेको छ । २०२२ को विश्वकपमा नेदरल्यान्ड्सले जिम्बावे र दक्षिण अफ्रिकामाथि विजय हात पारेको थियो । नेदरल्यान्ड्ससँगको हारपछि दक्षिण अफ्रिका बाहिरिएको थियो । उनको कप्तानीमा नेदरल्यान्ड्सले ट्वान्टी-२० अन्तर्राष्ट्रिय खेल खेलेको थियो ।

२९ वर्षे इडवार्डसले नेदरल्यान्ड्सबाट ७६ एकदिवसीय अन्तर्राष्ट्रिय खेल्दै २ हजार ३ सय ९१ रन बनाएका छन् भने ८६ ट्वान्टी-२० अन्तर्राष्ट्रियमा १ हजार ३ सय १६ रन बनाएका थिए । २ वर्षअघि नेपाल प्रिमियर लिग (एनपीएल) को पहिलो सिजनमा इडवार्डसले विराटनगर किंग्स र डे लिडले पोखरा एभेन्जर्सबाट खेलेका थिए । तर डे लिड पहिलो खेलमै घाइते भएर फर्किएका थिए ।







GORKHA BREWERY

## Call for Pre-Qualification (PQ):
## Civil, PEB & MEP Works in Nepal

As part of its facility infrastructure development in Nepal, Gorkha Brewery/ Raj Brewery is issuing this Call for Pre-Qualification (PQ). To ensure the highest standards of construction, engineering, and safety, the company invites expressions of interest from qualified national and international contractors. This process aims to identify capable bidders with the specialized expertise required to execute comprehensive Civil, Pre-Engineered Building (PEB), and Mechanical, Electrical, and Plumbing (MEP) works.

**1. INDICATIVE SCOPE OF WORK**

| SL.NO | DESCRIPTION OF ITEM | UOM | QUANTITY |
|---|---|---|---|
| **A** | **Civil Works Quantities** | | |
| A.1 | Indicative excavation quantities | Cum | 11,000 |
| A.2 | Indicative backfilling quantities | Cum | 8,500 |
| A.3 | RCC quantities by major area/building | Cum | 6,200 |
| A.4 | Reinforcement quantities | MT | 1,300 |
| **B** | **Foundation Scope** | | |
| B.1 | Estimated number of piles / micro piles (if applicable) | Nos | 600 |
| B.2 | Indicative pile lengths | Rm | 25 |
| **C** | **Structural Steel** | | |
| C.1 | Indicative structural steel quantities excluding PEB (pipe racks, platforms, supports, secondary steel, etc.) | MT | 1,900 |
| D | Architectural Works | | |
| D.1 | Floor finishing areas (industrial floors, PU flooring, tiled areas) | Sqm | 20,900 |
| D.2 | Sandwich panel areas | Sqm | 21,800 |
| D.3 | Roofing quantities | Sqm | 22,000 |
| D.4 | Internal partition quantities | Sqm | 2,100 |
| **D.5** | **Doors and windows summary** | | |
| D.5.1 | Doors | Sqm | 500 |
| D.5.2 | Window | Sqm | 1,200 |
| D.5.3 | Rolling Shutters | Sqm | 500 |
| **E** | **External Works** | | |
| E.1 | Road areas | Sqm | 15,935 |
| E.2 | Pavement areas | Sqm | 2,850 |
| E.3 | Drainage quantities | Rmt | 4,600 |
| E.4 | Underground utility corridors | Rmt | 3,450 |

Note: The information provided at this stage is indicative and may be subject to further revisions based on the final architectural layout and detailed design development

**2. PRE-QUALIFICATION REQUIREMENTS**

Applicants shall meet the following minimum technical and commercial criteria to qualify for the next stage of tendering.

**A. TECHNICAL PRE-QUALIFICATION CRITERIA**

The bidder shall provide documentary evidence for the following: Technical Evaluation Parameters

| S.No. | Evaluation Criteria | Minimum Requirement |
|---|---|---|
| 1 | Relevant Project Experience | Experience in similar industrial / commercial projects executed within last [5/10] years |
| 2 | Current Contract Commitments | Adequate resource availability considering ongoing projects |
| 3 | Key Personnel Experience | Availability of experienced Project Manager, Design Leads, Construction Managers, QA/QC & Safety Personnel |
| 4 | Company Strength | Adequate organizational structure and employee strength |
| 5 | Design & Build Capability | In-house design and execution capability or approved subcontracting strategy |
| 6 | Plant & Equipment Availability | Availability of required construction machinery and equipment |
| 7 | Labour Availability | Skilled manpower availability for execution timeline |
| 8 | Schedule Adherence | Proven record of timely project completion |
| 9 | Integrity & Compliance | Declaration for ethical practices, litigation status and statutory compliance |
| 10 | Design & Permitting Capability | Experience in authority approvals and design coordination |
| 11 | Contracting Experience | Experience in handling similar contract structures |
| 12 | Safety, Health & Environment (SHE) | Established SHE management system and performance records |
| 13 | Quality Management System | Valid ISO / QA-QC procedures and project quality controls |

**B. COMMERCIAL PRE-QUALIFICATION CRITERIA**

The bidder shall satisfy the following commercial requirements: Commercial Evaluation Parameters

| S.No. | Evaluation Criteria | Minimum Requirement |
|---|---|---|
| 1 | Financial Capacity | Positive net worth and adequate financial capability |
| 2 | Annual Turnover | Minimum average annual turnover of [Amount/Currency] during last [3/5] financial years |
| 3 | Profitability | Profitable financial performance for minimum [X] years |
| 4 | Statutory Registrations | GST, PAN, Company Registration, PF, ESIC and other statutory registrations |
| 5 | Bank Solvency | Solvency certificate from scheduled bank |
| 6 | Litigation History | Details of ongoing or past arbitration/litigation cases |
| 7 | Insurance Capability | Ability to obtain project-related insurance coverage |
| 8 | Tax Compliance | Submission of latest tax returns and compliance certificates |

**3. DOCUMENTS TO BE SUBMITTED**

Interested applicants shall submit the following documents as part of the PQ submission:
- Company profile and organization structure
- Certificate of incorporation / registration and renewal
- Relevant project experience details with completion certificates
- Client reference list
- Audited financial statements for the last 3 years
- List of ongoing projects
- Details of key personnel
- Plant & equipment list
- Safety statistics and SHE policy
- Quality certifications (ISO etc.)
- Statutory registration certificates, including licenses related to company's business (such as construction license)
- Declaration for litigation and integrity compliance
- PAN and VAT certificates
- Tax clearance certificates of the past 3 years
- PPMO blacklist status
- Any additional supporting documents relevant to the scope

For any queries/expression of interest, reach out to us at np.gorkha@carlsberg.com no later than 10th August, 2026.

**4. Reservation of Rights**

This call for PQ is an invitation to eligible parties to apply for the described works, subject to satisfying the stated criteria. It does not constitute an offer or commitment of any kind, and neither its publication nor any application submitted under it gives rise to a contractual obligation. PQ under this process does not guarantee an invitation to any subsequent tender or bidding process.

Gorkha Brewery Pvt. Ltd. reserves the right, without assigning any reason, to: (a) accept or reject any or all applications; (b) modify, suspend, or terminate this pre-qualification process, in whole or in part, at any stage; and (c) modify the criteria set out in this PQ at any stage prior to contract award. The decision of Gorkha Brewery Pvt. Ltd. on all matters relating to this PQ shall be final. Gorkha Brewery Pvt. Ltd. shall not be liable for any costs, expenses, or losses whatsoever incurred by any applicant in connection with this PQ.

**Gorkha Brewery (P) Ltd.**
P.O. Box: 4140, Hattisar, Kathmandu, Nepal | Tel: +977 1 4544445 | www.gorkhabrewery.com


**कान्तिपुर पब्लिकेशन्स् लिमिटेड**द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : **कैलाश सिरोहिया**, प्रधानसम्पादक : **गोकर्ण अवस्थी**